वर्ष ४१ अंक ९२, असार, २०७८

लेखापरीक्षण पत्रिका

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौँ
नेपाल

संरक्षक



माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सम्पादक मण्डल

संयोजक : श्री रामु प्रसाद डोटेल
सदस्य : श्री घनश्याम पराजुली
कार्यकारी सम्पादक : श्री सत्य नारायण थापा
सह-सम्पादक : श्री डुन्नुराज भुसाल

कम्प्युटर संयोजक
श्री विष्णुगोपाल डंगोल

वितरण तथा अन्य व्यवस्थापन
श्री केशवराज जोशी
श्री डिलबहादुर तामाङ

ठेगाना:
सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौँ, नेपाल

छपाई प्रति: ५००
मूल्य: रु.५०।-

ISSN Number: 2505-0893

यस पत्रिकामा प्रकाशित लेख रचनामा व्यक्त विचार तथा धारणा सम्बन्धित लेखकका निजी हुन् । उक्त विचार तथा धारणाले यस कार्यालयको आधिकारिक धारणा प्रतिनिधित्व नगर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । **- सम्पादक मण्डल**

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

The objective of this journal is to highlight contemporary issues relating to public financial Management, public sector auditing and provide information regarding the activities of the Office of the Auditor General. Besides, it attempts to throw light on the financial management system of public enterprises.

Everybody is welcome to send it though-povoking and research oriented articles for the journal.

The journal is published twice a year.

Patron

Honorable Auditor General Mr. Tanka Mani Sharma, Dangal

Editorial Board

Co-ordinator	:	**Mr. Ramu Prasad Dotel**
Member	:	**Mr. Ghanashyam Parajuli**
Executive Editor	:	**Mr. Satya Narayan Thapa**
Co-Editor	:	**Mr. Dunnu Raj Bhusal**

Computer Layout
Mr. Bishnu Gopal Dongol

Distribution & Other Activities
Mr. Keshab Raj Joshi
Mr. Dil Bahadur Tamang

Published by:

Office of the Auditor General
Babarmahal, Kathmandu, Nepal

Address:

Editorial Board
Nepalese Journal of Government Auditing, Office of the Auditor General
Babarmahal, Kathmandu, Nepal

Printing es: 500
Price: Rs. 50/-

ISSN Number: 2505-0893

The opinions expressed in this jouranal are those of the authors and do not represent the opinions or views of the office. **- Editorial Board**

लेखकवर्गलाई अनुरोध

१. लेखापरीक्षण पत्रिका वर्षमा दुईपटक प्रकाशित गरिन्छ।

२. उपरोक्त विषयहरूसँग सम्बन्धित मौलिक तथा तथ्यमा आधारित अनुसन्धानमूलक लेखरचनालाई प्राथमिकता दिइनेछ।

३. पत्रिकाको लागि लेख रचना पठाउदा युनिकोड/टाइम्स न्यू रोमन (**Unicode/Times new Roman**) फन्ट रहेको डिजिटल कपी **hrd_ir@oagnep.gov.np** मा ईमेल मार्फत उपलब्ध गराउनुपर्नेछ। लेख वा रचना अधिकतम ८ पृष्ठसम्मलाई ग्राह्य मानिनेछ।

४. लेखकका अन्यत्र प्रकाशित भैसकेका रचनाहरु नपठाउनु हुन अनुरोध छ। त्यस्ता रचना स्वीकृत हुने छैनन्।

५. यस पत्रिकामा प्रकाशित हुने लेखहरु लेखककै निजी विचार हुने छन् र यसले कार्यालयको नीति एवं कार्यको प्रतिनिधित्व गर्ने छैन।

६. लेख पठाउँदा लेखकले आफ्नो सम्पर्क नं., ईमेल तथा पासपोर्ट साइजको फोटोको सफ्टकपी पनि उपलब्ध गराउनकालागि अनुरोध छ।

७. प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ।

८. लेखापरीक्षण पत्रिकामा प्रकाशित हुने लेख रचनाका लेखकलाई नियमानुसार सेवा शुल्क उपलव्ध गराइनेछ।

फोन नं. : ४२१२५४४

: ४२६७५३७

फ्याक्स : ४२६८३०९

इमेल : hrd_ir@oagnep.gov.np

वेभसाईट : www.oagnep.gov.np

नोटिस बोर्ड सर्भिस : १६१८०१४२५३२७०

सम्पादक मण्डल


लेखापरीक्षण पत्रिका

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौँ।

लेखापरीक्षण पत्रिका

वर्ष ४१, द.नं.जि.का. काठमाडौं १४४।०३९।४० अंक ९२ असार, २०७८





महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौँ, नेपाल

(Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ।

(Be credible institution in promoting accountability, transparency integrity)

(Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to nation)

(Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यवसायिकता	(Professionalism)

सम्पादकीय

मुलुकको सर्वाङ्गीण विकासमा "कोही पछाडि नपरून्" भन्ने मनसायका साथ एजेण्डा २०३० कार्यान्वयनमा रहेको छ । विश्वका देशहरू चाहे विकसित हुन् वा विकासशील हुन् सबैलाई दिगो विकास लक्ष्य लागू हुने र सोका लागि देशको प्राथमिकता अनुरूप सबै देशले लक्ष्य प्राप्ति गर्ने कार्य अगाडि बढाइ रहेका छन् ।विश्वका १९३ देशहरूबाट संयुक्त राष्ट्रसंघको महासभाबाट अनुमोदित दिगो विकास लक्ष्यलाई नेपालले पनि मूल आधार बनाएको छ ।यसका लागि दिगो विकासका १७ वटा लक्ष्यहरूमध्ये लक्ष्य १४ मा रहेको पानी मुनिको जीवन बाहेकका १६ वटा लक्ष्यहरू हासिल गर्नका लागि एजेण्डा २०३० लाई पन्ध्रौं योजनामा समाहित गरेको छ ।

दिगो विकासका महत्वकांक्षी लक्ष्यहरू हासिल गर्नका लागि सरकारी क्षेत्रका अतिरिक्त गैरसरकारी र निजी क्षेत्र, सहकारी तथा आम नागरिकलगायत सबै पक्षको सहभागिता आवश्यक छ । आर्थिक, सामाजिक तथा वातावरणसमेत तीन आयाम समावेश रहेको दिगो विकासका लक्ष्य हासिल गर्नका लागि दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत र वित्त आपूर्ति रणनीति प्रतिवेदनअनुरूप वार्षिक रू.२० खर्व २५ अर्ब लगानी गर्नुपर्ने आवश्यकता औंल्याएको छ । सो लगानीमध्ये सार्वजनिक क्षेत्रतर्फ रू.२ खर्ब १८ अर्ब र निजी क्षेत्रतर्फ रू.३ अर्ब ६७ अर्ब गरी वार्षिक रू.५ खर्ब ८५ अर्ब रकम नपुग हुने अनुमान छ । उपलब्ध हुने स्रोतको पनि समझदारीपूर्वक प्रतिफल प्राप्त हुने गरी उपयोग गर्नुपर्ने खाँचो छ । नेपालको सन्दर्भमा अझ तीनै तहका संघीय, प्रदेश र स्थानीय तहका सरकारका कार्यहरू दिगो विकास लक्षित र लक्ष्य कार्यान्वयनमा तादात्म्यता, साझेदारी तथा समन्वयको खाँचो छ ।

दिगो विकास लक्ष्य हासिल गर्ने १५ वर्षे अवधिमध्ये एक तिहाई समय व्यतीत भइसकेको छ । बाँकी समयलाई कार्यान्वयन दशकका रूपमा अगाडि बढाउनु जरूरी रहेको छ । यसका लागि मुलुकमा सुशासन हुनु आवश्यक छ । मुलुकमा स्रोत साधनको सीमितता छ । उपलब्ध स्रोत साधनको न्यायपूर्ण वितरण, उपयोग र सोबाट अधिकतम प्रतिफल प्राप्त हुने व्यवस्था गर्न मुलुकी प्रशासनमा सुशासन अपरिहार्य छ । सुशासनका लागि अनुकूल कानुनी व्यवस्था र संरचना, जवाफदेही पद्धति, दक्ष जनशक्ति, तथ्यमा आधारित अनुगमन मूल्याङ्कन प्रणालीको उपस्थिति रहनुपर्दछ । सोको प्रवर्द्धनमा लेखापरीक्षणको भूमिका अहम् रहन्छ । सार्वजनिक निकायबाट स्वतन्त्र रहने लेखापरीक्षणले सार्वजनिक निकायमा पारदर्शिता र जवाफदेहिता कायम गर्न गराउन निगरानी गर्नाले सुशासनको प्रवर्द्धन हुन्छ । सार्वजनिक स्रोत परिचालनमा मितव्ययिता र कार्यदक्षता तथा निकायको प्रभावकारिता अभिवृद्धि गर्न गरिने कार्यमूलक लेखापरीक्षणबाट उजागर गरिने विषयको कार्यान्वयनले दिगो विकास लक्ष्यको कार्यान्वयनमा अहम् योगदान गर्ने हुन्छ ।

नेपालको संविधानले तीनै तहका सरकारी तथा सार्वजनिक निकायहरूको लेखापरीक्षणको जिम्मेवारी र दायित्व महालेखापरीक्षकलाई प्रदान गरेको छ । सोहीअनुरूप महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ तथा नेपाल सरकारी लेखापरीक्षणमानअनुरूप जोखिममा आधारित लेखापरीक्षणमार्फत् कानुनको पालनामा देखिएका कमीकमजोरी, कारोबारमा देखिएका हानि नोक्सानीसमेतका अनियमितता र स्रोत साधनको समुचित प्रयोग तथा सोबाट अपेक्षित उपलब्धि हासिलका सन्दर्भमा वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन मार्फत् औंल्याउदै आएको छ ।

महालेखापरीक्षकको कार्यालयले कानुनले तोकेको नियमित विषयका अतिरिक्त आम चासो तथा वर्तमानका सान्दर्भिक विषयहरूमा पनि सीमितताका बावजुद् लेखापरीक्षणलाई केन्द्रित गर्ने गरेको छ । साथै

दिगो विकास लक्ष्य केन्द्रित लेखापरीक्षण पनि गर्दै आइरहेको छ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि सरकारको तयारीदेखि लक्ष्यको स्थानीयकरण, यसको अनुगमन र मूल्याङ्कनका लागि आवश्यक पर्ने खण्डिकृत तथ्यांक र सूचनाका विषयमा लेखापरीक्षणमार्फत सुधारका क्षेत्रहरू ईङ्गित गरेको छ । तथापि सुझाउहरूको कार्यान्वयनमा शिथिलताको स्थिति छ ।

कोभिड-१९ का कारण संकुचित आर्थिक गतिविधि र यसवाट शिक्षा, स्वास्थ्य, रोजगारी क्षेत्रमा गम्भीर असर परेको छ । बहुआयामिक गरीबीको दरमा वृद्धि भएको छ । दिगो विकासका लागि गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी, उर्जा, पूर्वाधार, लैङ्गिक समानता, गरीबी र भोकमरीको अन्त, असमानताको अन्त, समावेशी संस्कृति, जलवायु परिवर्तन जस्ता आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्र र सोसँग अन्तरसम्बन्धित विषयमा विकासका कार्यक्रमहरू संचालन गर्नु जरूरी छ । सोही अनुरूप लेखापरीक्षणका उद्धेश्य र क्षेत्र पनि निर्धारण गरी लेखापरीक्षण कार्य अगाडि बढाउनुपर्ने अवस्था छ।

दिगो विकास लक्ष्यको राष्ट्रिय समीक्षा प्रतिवेदन अनुसार २०१९ मा भ्रष्टाचार नियन्त्रणका लागि असल शासन (-२.५ देखि २.५ को स्केलमा रिर्पोट गरिएको) सूचकाङ्क शून्यमा झार्ने लक्ष्य रहे तापनि अझै ऋणात्मक ०.८२ रहेको छ । सुशासनको अभावमा दिगो विकास लक्ष्यहरू प्राप्ति गर्न सकिदैन । तसर्थ तीनै तहका सरकारहरूमा वित्तीय र शासकीय सुशासन हुनु जरूरी छ । सोही सन्दर्भमा दिगो विकास लक्ष्यका सन्दर्भमा लेखापरीक्षण प्रतिवेदनमार्फत दिइएका सुझाउहरू कार्यान्वयन गर्नुपर्दछ । सरकारले मुख्यतः दिगो विकास लक्ष्य कार्यान्वयनका लागि तीनै तहका सरकारको प्रभावकारी तयारी, समन्वय, सहकार्य, र कार्यान्वयन क्षमताको वृद्धि; विकास निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय तीनै आयामको सन्तुलन; लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरण; कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त संरचना एवं विधि तथा सोको प्रभावकारी अनुगमन र मूल्याङ्कन व्यवस्था; आवश्यक खण्डिकृत तथ्याङ्क र सूचनाको उपलब्धता; स्रोत साधनको सुनिश्चितता तथा सोको समुचित उपयोग; र लक्ष्य प्राप्तिमा सवै पक्षको सहभागिता सुनिश्चित्ता गर्ने प्रधान विषयहरूको कार्यान्वयनमा अग्रसर हुनुपर्दछ ।

सम्पादक मण्डल

विषय सूची

सि.नं.	शीर्षक	लेखक	पृष्ठ
	नेपाली खण्ड		
१	उपभोक्ता समितिः जन सहभागितामा सम्पादित कार्यको लेखापरीक्षण गर्ने तरिका	श्री जनकराज गौतम	१
२	कोभिड-१९ र लेखापरीक्षण व्यवस्थापन	श्री महेश्वर काफ्ले	९
३	नेपालमा खरिद सम्झौता कार्यान्वयनको अवस्था	श्री घनश्याम पराजुली	१८
४	नेपालको वित्तीय व्यवस्थापन सुधारको श्रृङ्खला र भावी कार्यदिशा	श्री गोपीनाथ मैनाली	३७
५	वित्तीय संघीयतामा स्थानीय तहको आर्थिक सुशासन	डा. दामोदर रेग्मी	४६
६	जनहितमा लेखापरीक्षणको भूमिका	श्री मोहनकुमार पराजुली	५७
७	वित्तीय व्यवहार निगरानी तत्व र नागरिक अपेक्षा	श्री रमेश ढकाल	६७
	English Section		
1.	Faceless Public Auditing: A Future Plan of SAI Nepal	Mr. Ramu Prasad Dotel	७७
2.	Internal Audit: A function to promote Public Accountability	Mr. Dev Bahadur Bohora	८६
3.	Strengthening Governance and the Role of Supreme Audit Institution	Mr. Ram Babu Nepal	९५
4.	Philosophy and Approaches of Social Protection in Nepal	Mr. Shree Kumar Rai	१०५
5.	SDG audits in the Nepalese Context: Some Factors to be Considered	Mr. Satya N. Thapa	११४
6.	Fiscal Federalism in Nepal; Issues and way forward	Ms. Rashmita Simkhada	१२३
7.	Abuse of Authority by Administration: Controversy among Law	Dr. Suman Kumar Regmi	१३०
	कार्यालय गतिविधि		
१	प्रगति विवरण		१३७
	दस्तावेज		
१	Bangkok Declaration 2021		१५९

नेपाली खण्ड

उपभोक्ता समितिबाट सम्पादित कार्यको लेखापरीक्षण

- जनकराज गौतम
पूर्व उपमहालेखापरीक्षक

१. पृष्ठभूमि

सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न र सार्वजनिक निकायले निर्माण कार्य, मालसामान, परामर्श सेवा तथा अन्य सेवासम्बन्धी आवश्यकताको पूर्ति गर्ने क्रममा खरिद व्यवस्थापन क्षमतामा अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकलाई बिना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नु जरुरी छ। सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, कानुनी प्रक्रिया, व्यवस्थापकीय पद्धति तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, निष्पक्ष र विश्वसनीय बनाउनका लागि सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता प्रर्वद्धन गरी मितव्ययी तथा विवेकपूर्ण विचारको प्रयोग गरी कार्यान्वयन गर्नुपर्नेछ। साथै, स्थानीयस्तरको कार्यमा स्थानीय उपभोक्ता समितिलाई काम दिनुमा स्थानीय श्रम परिचालन हुने, रोजगारी सृजना भई स्थानीय बेरोजगारी न्यूनीकरण हुने, स्थानीयस्तरमा ज्याला भुक्तानीमार्फत आय आर्जन हुने र काम छिटो सम्पन्न हुने अवधारणा लिइएको छ। निर्माण कार्य र सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ। उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने सोही स्थानीयस्तरमा बसोवास गरेका लाभग्राही समुदायले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार, सेवा कार्य गर्नको लागि आफूहरु मध्येबाट गठन गरेको समिति हुनुपर्छ ।

सार्वजनिक खरिदका विधिमध्ये उपभोक्ता समितिमार्फत निर्माण कार्य र सोसम्बन्धी सेवा कार्यको लागि रकमको सीमाको आधारमा छनौट गर्नुपर्छ । स्थानीय बासिन्दा र सोको लाभ लिन सक्ने लाभग्राही व्यक्तिहरु उपभोक्ता समिति वा लाभग्राही समुदाय आदिलाई सहभागी गराई, गठन गरिएको उपभोक्ता समितिले निर्माणसम्बन्धी कार्यको सम्झौता गर्ने, विधिको पालना गरी खरिद गर्ने तथा लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्षहरुसमेत प्रस्तुत लेखमा समावेश गरिएको छ। त्यस्तै एउटा सम्भावित मामिला प्रस्तुत गरी जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.न. ५१४) को स्वीकृत ढाँचामा प्रस्तुत गरिएको फाराममा प्रविष्ट गरिएको छ । यसबाट उपभोक्ता समितिमार्फत कार्य गर्ने गराउने तथा यस सम्बन्धमा चासो राख्नेहरु लाभान्वित हुनेछन भन्ने विश्वास गरिएको छ।

२. उपभोक्ता समितिबाट भएको कार्यको लेखापरीक्षण

उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन नियममा स्पष्ट व्यवस्था छ। उपभोक्ता समिति वा लाभग्राही समुदायबाट स्थानीय समुदायबाट परिचालन हुन नसक्ने, जटिल प्रकृतिको मेसिनरी तथा प्रविधिको प्रयोग गर्नुपर्ने योजना, ठूलो परिमाणमा उपकरण प्रयोग गर्नुपर्ने योजना, रु.एक करोड भन्दा बढी रकमको योजना, जनसहभागिता आवश्यक नपर्ने प्रकृतिका योजना, सामान खरिदमा मात्र केन्द्रित योजनालगायतका कार्य गराउन मिल्दैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र सार्वजनिक खरिद

नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्थाअनुसार सम्पादन भएका कार्यहरुको लेखापरीक्षणमा ध्यान दिने पक्ष वा चेकलिष्ट तयार गर्दा ध्यान दिनुपर्ने केही मुख्य बुँदाहरु देहायबमोजिम प्रस्तुत गरिएको छ।

लेखापरीक्षणमा ध्यान पुऱ्याउनुपर्ने मुख्य पक्ष	
१	**कानुनी आधार** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम कुनै पनि संस्था विधानसहित दर्ता भएपछि मात्र संस्थालाई कानुनी मान्यता दिन मिल्छ । किनकि समितिहरु स्थायी रुपको भएमा स्थानीयस्तरमा सञ्चालित आयोजनाको कामको लागि स्थायी संयन्त्रमार्फत कार्य हुने भएमा मात्र हस्तान्तरण लिने र उपभोक्ता समितिमार्फत भएको निर्माण कार्यको सञ्चालन, रेखदेख नियन्त्रण र दिगो समेत हुनेछ । तसर्थ, उपभोक्ताको भेलाबाट सक्रिय उपभोक्ता समिति गठन गरी अध्यक्ष, कोषाध्यक्ष, सचिव तथा अन्य सदस्यहरुको चयन गरेका अभिलेख हेर्ने ।
२	**लागत अनुमान** - नियमले तोकेको रु.एक करोडको सीमाभन्दा बढी लागत अनुमान भएको कार्यक्रमको पनि उपभोक्ता समितिमार्फत कार्य गराउन मिल्दैन। नियममा निर्माण कार्य र सोसँग सम्बन्धित सेवा भने रु.एक करोडसम्मको कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निवेदन वा प्रस्ताव लिएर कार्य सम्पन्न गर्ने जिम्मा दिन मिल्ने छ । कुल लागत अनुमानमा निर्माण तथा सेवा कार्यको अनुमानित लागत रकम, मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंशको रकम समावेश गर्नुपर्नेछ । साथै, मूल्य अभिवृद्धि कर तिर्नुपर्ने सामानहरुको प्रयोग हुने भएमा सो व्यहोरा देखिने गरी लागत अनुमानमा अङ्कसमेत समावेश गर्ने । सबै कर समावेश भएको लागतहरु १ करोडभन्दा बढी हुनुहुँदैन।
३.	**टुक्राई खरिद गर्ने** - एउटै लागत अनुमानलाई विभिन्न टुक्रामा विभाजन गरी धरै उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गराएकोमा नियम विपरीत लागत अनुमान टुक्राएको, कार्यको गुणस्तर परीक्षण नभएको आदि कैफियत देख सकिन्छ ।लागत अनुमान टुक्राएको छ छैन हेर्नुपर्दछ।
४	**इकाईगत कार्यमा योगदान** - निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधिको किटानको विषयमा सम्झौतबाट जानकारी लिन सकिने । त्यस्तै, साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान (amount that a user committee should bear) को प्रतिशत र रकम वा सो बराबर (equivalent) मा उल्लेख गर्ने ।
५	**अपूरो गर्ने प्रवृति** - उपभोक्ता समितिमार्फत सञ्चालन हुने स्थानीय आयोजनाको कार्य अधुरो, हिसाब किताबमा अनियमितता, कम गुणस्तरीयता, निर्धारित समयभित्र काम सम्पन्न नहुने र प्रावधान विपरीत कार्यगर्ने प्रवृत्ति देखापरेको कारणहरुमा उपभोक्ता समितिसँग धरौटी राख्ने व्यवस्था नभएको, कालोसूचीमा राख्ने प्रावधान नभएको र क्षतिपूर्ति भराउने व्यवस्था नभएको कारण योजनाको कार्य सम्पन्नताको विषयमा चासो राख्नुपर्छ। तसर्थ, निर्धारित कार्य तालिकाबमोजिम कार्य सम्पन्न गर्न कठिनाइ पर्ने गरेको छ।

६	**ठेक्कामार्फत काम गराएको** - उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा कुनै निर्माण व्यवसायीलाई वा सब-कन्ट्र्याक्टरबाट कार्य गराउने पाइने छैन। जटिल प्रकृतिको काम उपभोक्ता समितिलाई दिएको र यस समितिले ठेक्कामार्फत काम गराएका विगतका केही अनियमित उदाहरण भएकोले आफूले लेखापरीक्षण गर्न लागेको उपभोक्ता समितिले उप-ठेक्कामार्फत कार्य गराएको अवस्थाको यकिन गर्ने ।
७	**सहभागीता र रोजगारी सिर्जना** - सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने (Test and make clearance) र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण गर्ने कार्यमा सहयोग पुऱ्याई सुझाव दिनेछ। यसरी निर्माण कार्यको डिजाइन, लागत अनुमान तयार गर्दा सहभागिता र रोजगारी सिर्जना हुनेगरी तयार गरीएको छ छैन हेर्नुपर्दछ।
८	**पेस्कीको व्यवस्था** - कुल बजेटको बढीमा एक तिहाईसम्मको रकम अग्रिम रुपमा पेस्की दिन सक्नेछ। सो रकम पेस्कीको रुपमा उपभोक्ता समितिलाई निकासा दिन सकिने भएकोले सार्वजनिक निकायले त्यसरी दिएको पेस्कीको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फछ्यौंट गरी सक्नुपर्नेछ ।
९	**कर कट्टी गर्ने** - आयकर ऐन, २०५८ को दफा ८९ मा उपभोक्ता समितिमार्फत काम गराउँदा रु.५० लाखभन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख भएकोले लेखापरीक्षणमा सो पक्षमा ध्यान पुऱ्याउनुपर्नेछ । साथै उक्त कर कट्टी रकम नियमानुसार कर आयको राजस्व खातामा दाखिला गरेको हुनुपर्नेछ ।
१०	**भारी मेसिनको प्रयोग** - नियमावलीमा उपभोक्ता समितिले जिम्मा लिएको काममा ठूला भारी मेसिनको प्रयोग गर्नु परेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्थाअनुरुप स्वीकृति लिएर मात्र ती सामानको प्रयोग भएको हुनुपर्ने ।
११	**आवश्यकताको सट्टा पहुँचको आधार** - उपभोक्ता समितिमा लागत साझेदारी जुट्न नसक्नु, कार्य सम्पन्नमा प्रतिस्पर्धात्मक क्षमता नहुनु, दक्ष प्राविधिकको अभाव, कामको अनुभवमा कमी रहने गरेको र समुदायको आवश्यकताको साटो पहुँचको आधारमा कार्यक्रमको तर्जुमा हुने गरेको पाइएको छ।
१२	**ढिलासुस्ती** - लागत अनुमान तयार नगर्ने, अनुगमन गर्न मन नलगाउने, उपभोक्ता समितिलाई अनुशिक्षण नगर्ने, अनुगमनको प्रतिवेदन नदिने, प्राविधिकले कागजात बिल भरपाईको समयमा जाँचपास नगर्नाले समयमा नै भुक्तानी नदिने, स्थानीयस्तरका गुनासाहरु स्थानीय सरकारले खासै ध्यान दिएर सुनुवाई नगर्ने ।
१३	**सम्झौतामा ढिलाई** - सुरुमा नै सम्झौता गर्न नजाने तर जब आर्थिक वर्षको अन्त्यमा छोटो प्रक्रियाबाट काम पूरा गर्दा काममा दिगोपना र गुणस्तर नभए तापनि सम्झौता गरेर हतार—हतार कामगर्ने र निर्माण पश्चात मर्मत सम्भार कार्य उपभोक्ता समितिबाट हुन नसकेको पाइएको छ ।
१४	**सञ्चालन वा मर्मत सम्भार** - सम्पन्न निर्माण कार्य वा सेवाको भुक्तानीको शर्त र तरिका (Terms and mode of payment) अध्ययन गरी सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले लिनुपर्ने ।

१५	**अंश कट्टा गरेर भुक्तानी**- उपभोक्ता समितिलाई निर्माण कार्यको काममा लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिने व्यवस्था छ । अर्थात्, जनसहभागितमा आधारित कार्यक्रमहरुको अंश देखिने गरी कार्यालयले प्रत्येक उपभोक्ता समितिबाट जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प. फा.न .५१४) तयार गर्ने छ । यस विधिबाट सञ्चालित कार्यक्रमको खर्चको माग आएपछि यो फाराम भरी खर्च लेख्ने र शोधभर्ना दिने कार्य हुनेछ ।
१६	**हस्तान्तरण** - निर्माण सम्पन्न भएपछि रेखदेख, मर्मत सम्भारको जिम्मेवारी तोकी योजना हस्तान्तरण गर्नुपर्ने।
१७	**सेवा शुल्क र कोष** - हस्तान्तरित आयोजनाले सेवाशुल्क तोक्ने, कोष खडा गर्ने, त्यस्तो कोषबाट निर्माण कार्य सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने।

३. उपभोक्ता समितिसँग सम्झौता रद्द

देहायको अवस्थामा उपभोक्तासँग भएको सम्झौता रद्द हुन सक्ने भएकोले लेखापरीक्षणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

३.१ उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिन डिस्ट्रीव्युटर, बिटुमिन ब्वाइलर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्तो मेसिन प्रयोग गर्न सकिनेछ । अन्यथा, हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरिनेछ ।

३.२ उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन (work shall not be sub-contracted) । कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावलीबमोजिम गराउनुपर्नेछ।

३.३ उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै कामगर्न नदिने अभिलेख राखी सो काम गर्न निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्नेछ ।

४. सम्पन्न कार्यको भुक्तानी

उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्नेछ ।

४.१ उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र (deducting the portion of public participation set forth in the cost estimate) भुक्तानी दिनुपर्नेछ ।

४.२ उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ (post the information about expenses)। त्यस्तै, आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रियाबमोजिम निर्धारित अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्नेछ ।

४.३ सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति सो समिति वा समुदाय आफैले करारमा नियुक्त गर्न सक्नेछ । त्यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनुपर्ने पारिश्रमिक सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नुपर्नेछ । तर त्यस्तो पारिश्रमिक लागत अनुमानको तीन प्रतिशतभन्दा बढी हुने छैन ।

५. आयोजना हस्तान्तरण तथा अभिलेख

उपभोक्ता समितिबाट भएको निर्माण कार्य वा आयोजना सम्पन्न भएपछि देहायबमोजिम उपभोक्ता समिति लाई हस्तान्तरण गरी अभिलेख राख्नुपर्दछ।

५.१ निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेछ। उपभोक्ता समिति वा लाभग्राही समुदायले हस्तान्तरित आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्नेछ ।

५.२ उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित सार्वजनिक निकायले छानबिन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ । त्यस्तो रकम असुल उपर गर्ने कार्यमा त्यस्तो निकायलाई सहयोग पुऱ्याउनु सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

५.३ उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरीसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी (labor, cash or in-kind) समेत कुल खर्चको विवरण सो निकायमा पेस गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा

उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्नेछ ।

६. उपभोक्ता समितिमार्फत भएको/हुने कार्यको मामिला अध्ययन

ग्रामीण खानेपानी कार्यक्रमअन्तर्गत ग्रामीणस्तरमा खानेपानी आयोजनाहरुको निर्माण तथा सेवा सञ्चालन भएपछि मिति २०७५।५।२५ मा सामाजिक सेवा खानेपानी उपभोक्ता समिति, सिन्धुली गठन भई सोही मितिमा संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएको रहेछ । निर्माण कार्यको लागि भएको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जन-सहभागिताको अंशसमेत रु.४५ लाख १५ हजार भएको पाइयो । लागत अनुमान रकममध्ये रु.३ लाख,१५ हजार अनुदानको रुपमा उक्त उपभोक्ता समितिलाई सरसफाई सामुदायिक संस्थाले दिने प्रतिबद्धता जनाएको रहेछ । ग्रामीण खानेपानी कार्यक्रमको सूचनामा उपभोक्ता समितिका तर्फबाट व्यहोर्नु पर्ने रकममा कुल प्राविधिकबाट प्रमाणित भएको यथार्थ खर्चको २५ प्रतिशत उल्लेख भएको रहेछ । सामाजिक सेवा खानेपानी उपभोक्ता समितिबाट प्राप्त भएको निवेदनको आधारमा ग्रामीण खानेपानी कार्यक्रम र सामाजिक सेवा खानेपानी उपभोक्तासँग भएको सम्झौताको कुल रकम रु.४५ लाख १५ हजारमा मिति २०७६ मार्ग १२ गते सम्झौता गरेको पाइयो। यस कार्यको लागत अनुमान संक्षेपमा यस्तो देखियोः

परिमाण	परिमाण	दर रु.	रकम रु.हजारमा
निर्माण सामग्री तथा वस्तु	३००० घ.मि.	१,	३०,००
ज्याला तथा श्रम	८०० जना	१.२	९,६०
प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च	-	-	५,५५
जम्मा लागत अनुमानको रकम रु.			४५,१५

उक्त सम्झौताबमोजिम २०७६ मार्ग २१ गतेदेखि कार्य प्रारम्भ भएको पाइयो। सम्झौताका शर्तमा पेस्कीसमेत जम्मा तीन किस्तामा भुक्तानी दिने, उपभोक्ता समितिले कार्य भएको विवरण पेस गर्ने, कार्यालयले कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई, खर्चको जाँच र प्रमाणित गरी भुक्तानी गर्ने उल्लेख भएको, २०७७ जेष्ठ मसान्तसम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेस गर्ने सम्झौता भएको रहेछ ।

सम्झौताबमोजिम उपभोक्ता समितिबाट पेस भएको अन्तिम बिलमा उल्लेख भएअनुसार १०० प्रतिशत कार्य सम्पन्न भएको उल्लेख थियो । अन्तिम विल भएको कारण उक्त विलको गहिरो गरी आन्तरिक जाँच गर्दा भुक्तानीको क्रममा निर्माण सामग्री र ज्यालातर्फ ९० प्रतिशत कार्यमात्र इन्जिनियरबाट प्रमाणित भएको पाइयो । उक्त समितिले नेपाल बैङ्क लि. सिन्धुलीमा खाता खोलेको रहेछ । तर, मिति २०७७ असार १२ गते कार्य सम्पन्न प्रतिवेदन पेस गरी अन्तिम भुक्तानी भने मिति २०७७।३।१८ भए तापनि रु.१ लाख २५ हजार भने आगामी वर्ष मात्र भुक्तानी गर्ने उल्लेख छ । माथिका तथ्यको जानकारी राखी अब अन्तिम बिलको आधारमा भुक्तानी गर्नु अघि निम्न बुँदा मनन गर्नुहोसः‘

(क) लागत अनुमान रकममध्ये रु. ३ लाख १५ हजार अनुदानको रुपमा उक्त उपभोक्ता समितिलाई सरसफाई सामुदायिक संस्थाबाट प्राप्त रकम उपभोक्ता समितिले व्यहोर्ने रकममा समावेश गरिने निर्णय भएको रहेछ ।

(ख) पेस्कीको लागि उक्त उपभोक्ता समितिबाट रु.१५ लाख ५ हजार माग भएकोमा उक्त रकम समितिलाई उपलब्ध गराएको ।

(ग) जनसहभागिताबाट व्यहोरिएको वास्तविक खर्चको अंशको विभाजनमा जिन्सी २५ प्रतिशत, श्रममा ५५ प्रतिशत र नगद २० प्रतिशत रहेछ ।

(घ) माथि उल्लिखित समस्या र थप जानकारी समेतको आधारमा जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन म.ले.प.फा.नं. ५१४ निम्नानुसार तयार भएको छ ।

७. मामिलाको समाधान

यसै लेख साथ संलग्न ढाँचामा मामिलाको समाधान प्रस्तुत छः

संघः प्रदेशः स्थानीय तहः **मन्त्रालयः विभागः कार्यालयः** **कार्यालय कोड नम्बर**

जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन म.ले.प.फा.न ५१४ (रु हजारमा)

कार्यालयको नाम-ग्रामीण खानेपानी कार्यक्रम उपभोग्ता समिति वा गैससको नाम-सामाजिक सेवा खानेपानी उपभोक्ता समिति समिति गठन मिति-२०७५-०५-२५ संस्था वा समिति दर्ता मिति- बैङ्क खाता नम्बर-	कार्यक्रमको लागत रकम रु.४५,१५ अनुदान प्राप्त रु. ३,१५ हजार जनसहभागिता रकम रु. १०,३० अन्य लागत सहभागिता रु. .... कार्यारम्भ आदेश मिति- २०७६ मार्ग २१ गते कार्य सम्पन्न गर्नु पर्ने मिति-२०७७ जेष्ठ मसान्त सम्म कार्य सम्पन्न भएको मिति-२०७७ असार १२ गते	प्रतिवेदन नम्बर-३ प्रतिवेदन मिति-२०७७-०३-१८ प्राविधिक मुल्याङ्कन बमोजिमको रकम रु.४१,१९ यो प्रतिवेदनको रकम रु.४१,१९ अघिल्लो अवधिसम्मको भुक्तानी रकम रु.१५,०५ भुक्तानी मिति २०७७-०३-१८ भुक्तानी दिन बाँकी रकमः रु.१ लाख २५ हजार

(रकम रु हजारमा)

क स	जन सहभागिता सम्बन्धी काम	एकाई	लागत अनुमान बमोजिम			प्राविधिक मुल्याङ्कन बमोजिम			जनसहभागिताबाट भएको काम			खुद भुक्तानी गर्नु पर्ने रकम		
			परिमाण	दर	जम्मा रु.	परिमाण	दर	जम्मा रु.	परिमाण	दर	जम्मा रु.	परिमाण	दर	जम्मा रु.
१	निर्माण सामाग्री		३०००	१,०००	३०,००	२७,००	१०००	२७,००	६,७५	१,०००	६,७५	२०,२५	१,०००	२०,२५
२	ज्याला		८००	१२,००	९,६०	७२०	१२००	८,६४	१,८०	१२,००	२,१६	५,४०	१,२००	६,४८
३	प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च		.....		५,५५			५,५५			१,३९			४,१६
	जम्मा रु.				**४५,१५**			**४१,१९**			**१०,३०**			**३०,८९**

द्रष्टव्यः अन्तिम बिल अनुसार भुक्तानी दिनुपर्ने ४१,१९ जनसहभागिताको अंश कटाउने (-)१०,३० पेस्की लिएको रकम कटाउने (-) १५,०५ खुद भुक्तानी दिनुपर्ने १५,८४ आगामी वर्ष भुक्तानी दिने १,२५ खुद भुक्तानी भएको रकम १३,५९

तयार गर्नेको दस्तखत रुजु गर्ने प्राविधिकको दस्तखत प्रमाणित गर्नेको दस्तखत

नाम- नाम- नाम-

मिति- मिति मिति-

सन्दर्भ सामग्री

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- दैनिक पत्र—पत्रिका
- नेपाल सरकारको नयाँ लेखा ढाँचा, २०७६

कोभिड-१९ मा लेखापरीक्षणको व्यवस्थापन

महेश्वर काफ्ले
नायब महालेखापरीक्षक

१. लेखापरीक्षण

सार्वजनिक आयव्ययको उद्देश्यमूलक उपयोगको विश्वसनीयता अभिवृद्धि गर्ने सन्दर्भमा आर्थिक कारोबारको लेखा राख्ने तथा जाँच एवं परीक्षण गर्ने कार्य सरकारी लेखापरीक्षण हो । आर्थिक प्रशासनमा स्वच्छता एवं उद्देश्यमूलक उपयोगका लागि प्रचलित ऐन नियम, मानदण्ड र असल अभ्यासका आधारमा लेखा राख्ने तथा लेखापरीक्षण गर्नुपर्ने हुन्छ । सरकारी आर्थिक कारोबारमा कैफियतरहित अवस्थाको वातावरण बनाउनु तथा नियमित रुपमा लेखापरीक्षणको सुनिश्चितता गर्दै लेखापरीक्षणबाट देखिएका व्यहोराहरुलाई समयमा फस्यौंट तथा सम्परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था वित्तीय सुशासनका अवयवहरु हुन् । महालेखापरीक्षकको कार्यालयले स्थापना कालदेखि नै सरकारी आय व्ययको परीक्षण गर्ने, जाँच गर्ने, आलोचनासहितको प्रतिवेदन दिने कार्य गर्दै आएको छ । यसका अतिरिक्त सरकारी लेखाको परीक्षणबाट देखिएका कमि कमजोरी, त्रुटि, अनियमितता वा हिनामिना मस्यौट वा बढी भुक्तानी जस्ता रकम कलमको लगत राख्ने र प्रमाण पेस भएमा वा असुल उपर भएमा सोको सम्परीक्षण समेत गर्दै आएको छ । लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा महालेखापरीक्षकज्यूबाट स्वीकृत वार्षिक लेखापरीक्षण योजनाले निर्देशित गरेको हुन्छ । आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्बन्धमा मन्त्रालयगत, कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गर्ने, जोखिम विश्लेषण गर्ने, उच्च जोखिम भएका निकायमा लेखापरीक्षण केन्द्रित गर्ने, स्थलगत लेखापरीक्षण र दूर लेखापरीक्षणका माध्यमबाट लेखापरीक्षण सम्पन्न गर्ने, लेखापरीक्षणमा प्रक्रियागत, नतिजामा आधारित र समस्या केन्द्रित लेखापरीक्षण पद्धति अवलम्बन गर्ने आदि व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०७६।७७ मा संघीय कार्यालय ३१५४, संस्थान समिति ५४९, प्रदेश कार्यालय ११०० र स्थानीय तह ७५३ समेत ५५५६ कार्यालयको वित्तीय र परिपालनाको लेखापरीक्षण, ३३ विषयको कार्यमूलमक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण, २ विषयको सूचना प्रविधिको लेखापरीक्षण, २ विषयको विशेष लेखापरीक्षण, ३९ सार्वजनिक संस्थानको लेखापरीक्षण गर्नुपर्ने व्यहोरा वार्षिक लेखापरीक्षण योजनामा उल्लेख छ ।

२. लेखापरीक्षण रणनीति

वार्षिक लेखापरीक्षण योजना अनुसार लेखापरीक्षण गर्नुपर्ने सबै निकायको लेखापरीक्षण गरी गुणस्तरीय प्रतिवेदन तयार गर्ने सम्बन्धमा अपनाइएको मुख्य रणनीति (क) जोखिम विश्लेषण गर्ने, वर्गीकरण गर्ने र बढी जोखिम भएका निकायको लेखापरीक्षणमा उपलब्ध स्रोत साधन परिचालन गर्ने (ख) स्थलगत लेखापरीक्षणमा जोड दिने, कार्यक्रम आयोजना तथा परियोजना सञ्चालनको प्रगति स्थिति सम्बन्धमा स्थलगत निरीक्षण गर्ने (ग) मध्यम र न्यून जोखिम भएका निकायको लेखापरीक्षण दूरलेखापरीक्षण विधिबाट सम्पन्न गर्न सकिने (घ) लेखापरीक्षणको सबै चरणमा उच्चतहबाट सुपरिवेक्षण, अनुगमन गरी निर्देशन दिने (ङ) लेखापरीक्षण

प्रतिवेदन जारी पूर्व र पश्चात गुणस्तर नियन्त्रण र आश्वस्तताको पुनरावलोकन गर्ने आदि रहेका थिए । लेखापरीक्षण पद्धति अवलम्बन गर्ने सम्बन्धमा आर्थिक कारोबार र सोसँग सम्बन्धित क्रियाकलापको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र, अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त तथ्य दर्शाउने, जोखिम मूल्याङ्कनअनुसार परीक्षण गर्ने, सक्षम पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्ने व्यवस्था मिलाइएको थियो । प्रमाण सङ्कलन तथा विश्लेषण गर्ने सम्बन्धमा नियन्त्रण परीक्षण (Test of control) विश्लेषणात्मक कार्यविधि (Analytical procedure) , विस्तृत विवरणको परीक्षण (Test of Details) सम्बन्धी कार्यविधि अवलम्बन गरिने उल्लेख छ । लेखापरीक्षण व्यवस्थापन कार्यनीतिअनुसार वार्षिक, मन्त्रालयगत र कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गर्ने, मानदण्ड र असल अभ्यासको पालना गर्ने, क्षमता र अनुभवको आधारमा जनशक्ति परिचालन गर्ने, कर्मचारीको क्षमता विकास गर्ने, लेखापरीक्षणको प्रत्येक चरणमा सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्ने, सरोकारवालाको सम्बन्ध र सञ्चारमा जोड दिने, जटिल एवं विशेष लेखापरीक्षणमा बिज्ञको संलग्नता गराउने, लेखापरीक्षणमा सहभागिता अभिवृद्धि गर्ने, गुणस्तर आश्वस्तता पुनरावलोकनमा जोड दिने जस्ता कार्य व्यबस्थित गर्ने रणनीति अवलम्बन गरिएको थियो ।

३. कोभिड-१९ र लेखापरीक्षण व्यवस्थापन

चीनको बुहानमा सन् २०१९ को डिसेम्बर (वि.सं. २०७६ मार्ग) मा देखिएको कोभिड-१९ को महामारी विश्वभरि फैलँदै थियो, नेपालमा वि.सं. २०७६ को माघतिर प्रथम केस देखियो । त्यतिबेला नेपालमा कोभिड१९ संक्रमण भए नभएको जांच्ने ल्याव थिएन। प्रथम केसको स्याम्पल परीक्षणका लागि हङ्कङ पठाउनु परेको थियो । फागुन अन्तिमतिर तथा चैत्रको पहिलो हप्तातिर यस्तो केस ४,५ जनामा देखियो भने २०७६ चैत्रको ११ गते देखि लकडाउन नै गर्नुपर्ने अवस्था आयो । यस्तो लकडाउन २०७७ जेष्ठ मसान्तसम्म कायम रहयो । आषाढ १ गतेबाट लकडाउनमा खुकुलोपना तथा कार्यालयहरु खुलेको अवस्था थियो तर कोभिड-१९ को प्रभाव यथावत रहेको, कार्यालयका केही कर्मचारी समेत संक्रमित भएका तथा अन्य कार्यालयमा आवत जावत गर्न सहज वातावरण नरहेको अवस्था थियो ।सामान्य अवस्थामा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन चैत्र मसान्तभित्र पेस गरी आषाढ मसान्तभित्र वार्षिक लेखापरीक्षण योजना स्वीकृत गरी वार्षिक कार्यतालिका पठाउने र श्रावणको दोस्रो/तेस्रो साताबाट लेखापरीक्षण टोली परिचालन हुने गरेकोमा प्रतिवेदन २०७७ आषाढमा मात्र पेस गरियो। यही परिवेश आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षणका लागि वार्षिक लेखापरीक्षण योजना २०७७ भाद्रमा स्वीकृत वार्षिक लेखापरीक्षण योजनाअनुसार प्रथम चरण (आश्विनदेखि पौष) मा उपत्यकाभित्रका कार्यालय, दोस्रो चरण (माघदेखि फागुन) मा तराईका जिल्लाका साथै पहाडका केही जिल्ला र तेस्रो चरण (चैत्रदेखि वैशाख) मा हिमाली जिल्लाका साथै बाँकी पहाडी जिल्लामा लेखापरीक्षण गर्ने व्यवस्था मिलाइएको भए पनि २०७७ मंसीर १५ बाट मात्र लेखापरीक्षण शुरु भएको थियो । कोभिड-१९ को संक्रमण समेत केही कम हुँदै गएकोले लेखापरीक्षण व्यवस्थापनसमेत वार्षिक योजनाअनुसार भइरहेको थियो भने स्थानीय तहतर्फ प्रदेश महानिर्देशनालयबाट आवश्यकतानुसार हिमाल, पहाड, तराई सबै जिल्लामा लेखापरीक्षण टोली परिचालन भएको थियो। लेखापरीक्षण टोली जिल्लामा जाने आउने क्रम भइरहेको थियो। यसै सन्दर्भमा तेश्रो चरणको लेखापरीक्षणका लागि २०७८ वैशाख महिनामा बझाङदेखि झापासम्म ७० टोली खटिएका थिए। टोली खटिएकै अवस्थामा वैशाख पहिलो दोस्रो हप्तादेखि कोभिड संक्रमण दर बढ्दै जान थालेकोले विभिन्न जिल्लामा

निषेधाज्ञा जारी गरेको अवस्था थियो । यस्तो कठिन अवस्था र जिल्लामा टोली खटिइसकेको कारण असहज परिस्थितिमा समेत केही जिल्लाहरुबाहेक वार्षिक लेखापरीक्षण योजनाअनुसार लेखापरीक्षण सम्पन्न भएको छ।

४. कोभिड-१९ को महामारीमा लेखापरीक्षण व्यवस्थापनका केही अनुभवहरु

कोभिड-१९ को संक्रमणको दर बढ्दै गएकोले काठमाडौँमा २०७८ वैशाख १६ देखि पुनः लकडाउन गर्नुपर्ने अवस्था आयो । यो पटक काठमाडौँमा लकडाउन शुरु हुँदा बझाङदेखि झापासम्म ७० लेखापरीक्षण टोलीमा करिब २५० जना कर्मचारीहरु स्थलगत लेखापरीक्षणमा रहनु भएको थियो भने करिब १५ जिल्लामा लकडाउन भइसकेको थियो र यो संख्या बढ्ने क्रममा रहेको थियो । जेष्ठको पहिलो हप्तासम्ममा ७५ जिल्लामा लकडाउन भएको थियो । लेखापरीक्षणमा कर्मचारी खटिई सकेको, जिल्ला जिल्लामा लकडाउनको अवस्था रहेको, अख्तियारीबमोजिम लेखापरीक्षण गर्नुपर्ने अवस्था आदिको संयोजन गर्ने कार्य निकै चुनौतीपूर्ण थियो । यस्तो कठिन अवस्थामा जिल्लामा खटिएका लेखापरीक्षण टोलीहरुसँग निरन्तर सम्पर्क गर्ने, काममा सहजीकरण गर्ने, निर्देशन तथा समन्वय गर्ने लगायतका कार्य गर्नुपर्ने आवश्यकता थियो । यसै सन्दर्भमा, लेखापरीक्षण टोलीहरुसँग भएको निरन्तर सम्पर्क, सम्बाद तथा अनुभवहरुको संगालो देहायबमोजिम रहेको छः

४.१. बझाङ जिल्लामा खटिएको २ टोलीमध्ये एकजनालाई सामान्य ज्वरो आउने, खोकी लाग्ने, थकान महसुस हुने जस्ता कोभिड-१९ को लक्षण देखिएपछि पीसीआर परीक्षण गराउँदा रिर्पोट पोजेटिभ देखियो । टोलीका अन्य सदस्यलाई भने संक्रमण देखिएन । रिर्पोट पाजेटिभ देखिएका कर्मचारीको बझाङमै १२ दिन आइसोलेसनमा बसेपछि नेगेटिभ रिर्पोट आयो ।

४.२. बैतडी जिल्लामा संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षणमा खटिएको टोली बैतडी जिल्लाको लेखापरीक्षण सम्पन्न गरी बाँके जिल्लाको पूर्वाधार क्षेत्रको लेखापरीक्षणमा जानुपर्ने गरी लेखापरीक्षण अख्तियारी दिइएको थियो। तर, बाँके जिल्लामा लकडाउन र संक्रमणको दर उच्च भएकोले बाँके जिल्लामा काम गर्ने अवस्था नभएकोले बैतडीको काम सम्पन्न गरी टोली काठमाडौँ फर्कियो । काठमाडौँ फर्केपछि टोलीका एक सदस्यलाई कोभिड-१९ संक्रमण देखियो ।

४.३. अछाम र बाजुरा जिल्लाको स्थानीय तहको लेखापरीक्षणका लागि खटिएको टोलीलाई सामान्य ज्वरो आउने, खोकी लाग्ने, थकान महसुस हुने जस्ता कोभिड-१९ को लक्षण देखिएपनि पीसीआर परीक्षण नगराई केही दिन आइसोलेसनमा बसी तोकिएको जिम्मेवारी पूरा गरी टोली काठमाडौँ फर्किएको थियो ।

४.४. हुम्ला जिल्लामा संघ प्रदेश र स्थानीय तहको लेखापरीक्षणका लागि २ टोली खटिएको थियो । टोलीले खाना खाने होटलमा संगै खाना खाने एक कर्मचारीलाई कोभिड-१९ पोजेटिभ देखिएपछि टोली ७ दिन क्वारेन्टाइनमा बसेपछि बाँकी काम सम्पन्न गरी टोली काठमाडौँ फर्कियो । टोली काठमाडौँ फर्किएपछि टोलीका एक सदस्यलाई कोभिड-१९ पोजेटिभ देखियो ।

४.५. मुगु जिल्लामा संघ प्रदेश र स्थानीय तहको लेखापरीक्षणका लागि टोली खटिएको थियो । खटिएका निर्देशक केही दिनपछि मुगु जाने भ्रमण आदेश स्वीकृत भइसकेकोमा निषेधाज्ञा शुरु भएको र आन्तरिक उडान बन्द भएकोले खटिएको स्थानमा जान सक्नु भएन । लेखापरीक्षण अधिकारी र अधीक्षकको

टोलीले प्रदेश कार्यालयको लेखापरीक्षण गरिरहेको थियो, कार्यालयबाट स्थानीय तहको लेखापरीक्षण गर्न जुम्लामा खटिएका निर्देशकलाई जिम्वेवारी थप गरियो, तर मुगुका प्रमुख जिल्ला अधिकारीले कोभिड-१९ को संक्रमण बढेको र निषेधाज्ञाको अवस्था रहेकोले मुगु जिल्ला प्रवेशका लागि पीसीआर परीक्षण गरी नेगेटिभ रिर्पोट आउनुपर्ने अनुरोध गरेबमोजिम जुम्लाको टोली मुगु जान सक्ने अवस्था भएन ।

४.६. जुम्ला जिल्लामा २ टोली खटिएको थियो । स्थानीय तहको लेखापरीक्षणका लागि एउटा टोली सिंजा क्षेत्रमा र अर्को टोली पातरासी गुठीचौर क्षेत्रमा खटिएको थियो । दुवै टोलीले स्थानीय तहको लेखापरीक्षण गर्दागर्दै सँगै बसेर लेखापरीक्षण गराएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, भण्डार सहायकलाई कोरोना संक्रमण भएपछि सो स्थानीय तहको लेखापरीक्षण स्थगित गरी अर्को स्थानीय तहको लेखापरीक्षण शुरु गर्नुपर्ने अवस्था भयो। सामान्यतया स्वास्थ्य मापदण्डअनुसार कन्टयाक्ट ट्रेसिङमा परेपछि कम्तीमा ५ दिन आइसोलेसनमा बसी पीसीआर परीक्षण गरी नेगेटिभ रिर्पोट आएपछि मात्र अर्को लेखापरीक्षण कार्य शुरु गर्नुपर्नेमा कोभिड-१९ को लक्षण नदेखिएको आधारमा मात्र लेखापरीक्षणको जिम्मेवारी पूरा गर्नुपर्ने बाध्यताअनुसार लेखापरीक्षण कार्यलाई निरन्तरता दिनुपरेको थियो ।

४.७. डोल्पा जिल्लामा खटिएको टोलीका लेखापरीक्षण अधीक्षकलाई सामान्य ज्वरो खोकी र श्वासप्रश्वासमा समस्या देखिएपछि डोल्पा अस्पतालमा भर्ना गर्नुपर्ने अवस्था आयो । अस्पतालमा एन्टिजेन परीक्षण गराउँदा कोभिड पोजेटिभ देखियो । अक्सिजन लेभल घटेर ६०/६५ मा आएकोले निरन्तर अक्सिजन दिनुपर्ने अवस्थामा अस्पतालमा अक्सिजनको २ सिलिण्डरमात्र मौज्दात रहेको तथा बिरामीको अवस्था कमजोर रहेका कारण तुरुन्त सुविधासम्पन्न अस्पतालमा लानुपर्ने सिफारिसका कारण पनि बिरामीलाई काठमाडौं ल्याउनुपर्ने अवस्था भयो । लेखापरीक्षण टोली, डोल्पाका प्रमुख जिल्ला अधिकारी, मेडिकल सुपरिटेन्डेन्ट, हेलिकोप्टर सेवा प्रदायकसँगको निरन्तर समन्वयमा भोलिपल्ट नै बिरामीलाई काठमाडौं ल्याउने तयारी भयो । तर, भोलिपल्ट प्रतिकूल मौसमका कारण हेलिकोप्टर डोल्पा जान सकेन। बिरामीको अवस्था कमजोर, अक्सिजनको जादै न्यून मौज्दात, पर्याप्त आवश्यक औषधिको कमीको अवस्थामा टेलिफोनबाट बिरामी र लेखापरीक्षण टोलीलाई सान्तन्वा दिनेबाहेक अरु काम हुन सकेन। पर्सीपल्ट मौसममा अलि सुधार भएपछि हेलिकोप्टरबाट बिरामीलाई काठमाडौं ल्याउन सफल भइयो। काठमाडौं ल्याएपछि बिरामीलाई पाटन अस्पतालमा भर्ना गर्ने गरी व्यवस्था मिलाएअनुसार काठमाडौं एयरपोर्टबाट एम्बुलेन्समा बिरामीलाई पाटन अस्पताल पुऱ्याइयो तर पाटन अस्पतालले बेड नभएको तथा अक्सिजन मौज्दात नभएकोले बिरामी भर्ना गर्न नसक्ने जानकारी दिएपछि टेकु अस्पताल लगियो । टेकु अस्पतालमा पनि पाटन अस्पतालको जस्तै अवस्था विद्यमान रहेको भए तापनि विशेष अनुरोधमा आपत्कालीन बेड तयार गरी भर्ना गरियो । चारदिन आईसीयूसहित करिब १५ दिनको अस्पतालको उपचारपछि बिरामीलाई सन्चो भई अस्पतालबाट डिस्चार्ज भयो ।

४.८. सुर्खेत जिल्लामा सुरक्षा र संवैधानिक निकायको लेखापरीक्षणमा खटिएको टोली सुर्खेतको काम सकेर बर्दिया जिल्लाको सुरक्षा र संवैधानिक निकायको लेखापरीक्षणमा जानुपर्ने थियो। तर बर्दिया जिल्लामा लकडाउनको अवस्था र लेखापरीक्षण गराउने निकायका कर्मचारीहरु संक्रमणमा रहेको जानकारी अनुसार बर्दिया जान नसकि काठमाडौं फर्कियो। टोली काठमाडौं फर्केपछि टोलीका २ सदस्यलाई कोभिड-१९ पोजेटिभ देखियो ।

४.९. बर्दिया जिल्लामा स्थानीय तहको लेखापरीक्षणका लागि खटिएको लेखापरीक्षण टोलीले लेखापरीक्षण गरेका ३ स्थानीय तहमा लेखापरीक्षण गरिसकेपछी लेखापरीक्षण गराउने कर्मचारीहरुलाई कोभिड-१९ पोजेटिभ देखिएको र लेखापरीक्षण गर्न बांकी रहेका स्थानीय तहका कर्मचारीलाई समेत कोभिड संक्रमण देखिएकोले लेखापरीक्षण गराउन नसक्ने तथा टोलीका सदस्यहरुलाई समेत समान्य खोकी हल्का ज्वरो देखिएकोले बाँकी लेखापरीक्षण स्थगित गरी काठमाडौँ फर्कियो। काठमाडौँ आई पीसीआर गराउँदा टोलीका एक सदस्यलाई कोभिड-१९ पोजेटिभ देखियो ।

४.१०. बाँके जिल्लामा स्थानीय तहको लेखापरीक्षणका लागि खटिएको लेखापरीक्षण टोलीले जिल्लाभर निषेधाज्ञाको अवस्था र सबैभन्दा बढी संक्रमणको दर रहेको अवस्थामा समेत जिम्मेवारीअनुसारको काम सम्पन्न गरी फर्केको छ ।

४.११. दाङ जिल्लामा सुरक्षा र संवैधानिक निकायको लेखापरीक्षणमा खटिएको टोली दाङको काम सकेर बाँके जिल्लाको सुरक्षा र संवैधानिक निकायको लेखापरीक्षणमा जानुपर्ने थियो । तर बाँके जिल्लामा लकडाउनको अवस्था र लेखापरीक्षण गराउने निकायका कर्मचारीहरु संक्रमणमा रहेको जानकारीअनुसार बाँके जान नसकी काठमाडौँ फर्कियो ।

४.१२. रोल्पा र प्युठान जिल्लामा स्थानीय तहको लेखापरीक्षणका लागि खटिएको टोली रोल्पा जिल्लाको काम सकेर प्युठान जिल्लामा पुगेपछि टोलीका सदस्यहरुलाई सामान्य ज्वरो, खोकी भए पनि पीसीआर परीक्षण नगरी नियमित काम गरिरहेको अवस्थामा पीसीआर परीक्षण गराउन निर्देशन दिँदा पीसीआर परीक्षणबाट रिर्पोट पोजेटिभ आयो भने बस्न खान र काम गर्न अप्ठेरो पर्ने भनी पीसीआर परीक्षण नगराई असहज परिस्थितिमा समेत जिम्वेवारीअनुसारको काम सम्पन्न गरी काठमाडौँ फर्केको थियो ।

४.१३. पाल्पा जिल्लामा स्थानीय तहको लेखापरीक्षणमा खटिएको लेखापरीक्षण टोलीका सदस्यहरुलाई सामान्य ज्वरो खोकी देखिए पनि निरन्तर काम गरिरहेका थिए । त्यस्तो अवस्थामा पीसीआर परीक्षण गराउन निर्देशन दिएकोमा पीसीआर परीक्षणबाट रिर्पोट पोजेटिभ आयो भने बस्न खान र काम गर्न अप्ठेरो पर्ने भनी पीसीआर परीक्षण नगराई काम गरिरहेकोमा कोभिड लक्षण रहँदारहँदै काम गर्न नहुने जसरी पनि परीक्षण गर्न दिएको थप निर्देशनअनुसार परीक्षण गर्न तानसेन नगरपालिका गए पनि नगरपालिकाका कर्मचारीसँगको सल्लाहबमोजिम पीसीआर नगराउने बरु काठमाडौँ जाने निर्णय गरे । पाल्पा जिल्लालगायत बाटोका सबै जिल्लामा निषेधाज्ञा आदेश जारी भएको अवस्था रहेकोले तत्काल एक सरकारी कार्यालयको सवारीसाधन व्यवस्था गरी काठमाडौँ प्रस्थान गरे । काठमाडौँ आउने क्रममा पाल्पाको झुम्सामा विपरीत दिशाबाट तीव्र गतिमा आएको टैक्सीले ठक्कर दिएकोले टोली सवार गाडी दुर्घटनामा पर्यो । दुर्घटनाबाट टोलीका एक सदस्यको हात फ्याक्चर भयो, तुरुन्त बुटवल गई प्राथमिक उपचारपछि भोलिपल्ट काठमाडौँ आई उपचार गर्नुपऱ्यो । यसरी काठमाडौँ आएपछि पाल्पामै लक्षण देखिएका एक सदस्यको पीसीआर परीक्षणबाट कोभिड पोजेटिभ देखियो ।

४.१४. चितवन, मकवानपुर र काभ्रे जिल्लामा सुरक्षा र संवैधानिक निकायको लेखापरीक्षणमा खटिएको टोलीले चितवन र मकवानपुरको काममै रहेका बखत निर्देशकको परिवारका सदस्यहरुमा कोभिड संक्रमण देखिएकोले काभ्रे जिल्लाको लेखापरीक्षणको काम लेखापरीक्षण अधिकारीको नेतृत्वमा सम्पन्न गर्ने व्यवस्था मिलाउनुपऱ्यो ।

४.१५. काभ्रे जिल्लामा स्थानीय तहको लेखापरीक्षणमा निर्देशकको नेतृत्वमा खटिएको टोलीलाई कोभिड-१९ को लक्षण देखिएपछि पीसीआर परीक्षण गराउदा टोलीका सबै सदस्यलाई संक्रमण देखियो । लक्षण देखिँदा देखिँदै पनि काम गरिरहेकोले लेखापरीक्षणको काम त सकियो, प्रतिवेदनको काम काठमाडौँबाट सम्पन्न गर्नुपर्ने अवस्था भयो ।

४.१६. पर्सा जिल्लामा स्थानीय तहको लेखापरीक्षणमा खटिएको टोलीलाई सामान्य ज्वरो आउने, खोकी लाग्ने, थकान महसुस हुने जस्ता कोभिड-१९ को लक्षण देखिएपछि पीसीआर परीक्षण गराउँदा निर्देशकलाई नेगेटिभ र टोलीका अन्य सबै सदस्यलाई संक्रमण देखियो । निर्देशकको नेगेटिभ रिर्पोट देखिए पनि ज्वरो आउने, कमजोर महसुस हुने, काम गर्दा थकान हुने समस्या पछिसम्म रह्यो । टोलीका सबै सदस्य संक्रमण भए पनि तोकिएको जिम्मेवारी पूरा गरेको थियो ।

४.१७. रौतहट जिल्लामा स्थानीय तहको लेखापरीक्षण गर्न खटिएको टोलीका २ सदस्यलाई सामान्य लक्षण देखिएकोले एन्टिजेन परीक्षण गराउदा पोजेटिभ देखियो । तत्काल पीसीआर परीक्षण गर्दा एक सदस्यलाई नेगेटिभ र एक सदस्यलाई पोजेटिभ देखियो । पोजेटिभ देखिए पनि जटिल स्वास्थ्य समस्या नभएकोले तत्काल एम्बुलेन्सको व्यवस्था गरी काठमाडौँ ल्याई घरमै आइसोलेसनमा बस्ने व्यवस्था मिलाइयो।

४.१८. सर्लाही जिल्लामा स्थानीय तहको लेखापरीक्षण गर्न खटिएको टोलीका एक लेखापरीक्षण अधिकारीलाई कोभिड पोजेटिभ देखिएपछि आफ्नै घरमा आइसोलेसनमा बस्नुपर्ने अवस्था भयो भने टोलीका बाँकी सदस्यले काम सम्पन्न गर्ने अन्तिम चरणमा सामान्य लक्षण देखिई कोभिड परीक्षण गर्दा निर्देशकको सस्पेन्ड र लेखापरीक्षण अधिकारीको पोजेटिभ देखियो । निर्देशकको पुनः परीक्षण गर्दा ल्यावबाट टेलिफोन गरी तपाईको पनि पोजेटिभ देखियो भनेकोले एम्बुलेन्स व्यवस्था गरी दुवै जनासँगै काठमाडौँ फर्कनुभयो । तर निर्देशकको पछी मोवाइलमा रिर्पोट भने नेगेटिभ आयो ।

४.१९. महोत्तरी जिल्लामा स्थानीय तहको लेखापरीक्षणमा खटिएको टोलीका सदस्यहरुलाई सामान्य ज्वरो खोकी देखिएको भए तापनि कोभिड परीक्षण नगरी काम सम्पन्न गरी टोली काठमाडौँ फर्केको थियो।

४.२०. सुनसरी जिल्लामा भौतिक पूर्वाधार क्षेत्रको लेखापरीक्षण र स्थानीय तहको लेखापरीक्षणका लागि खटिएको दुई टोलीको सदस्यहरुमा सामान्य ज्वरो खोकी देखिएको, दिनभरसँगै लेखापरीक्षण गराउने लेखाअधिकृत, भण्डार सहायकलगायतका कर्मचारीहरुलाई कोभिड पोजेटिभ देखिएको तथा एक निर्देशकको काठमाडौँमा रहेको परिवारमा कोभिड पोजेटिभ देखिएको अवस्थामा समेत दुवै टोलीले तोकिएको काम सम्पन्न गरी काठमाडौँ फर्केको थियो ।

४.२१. धनकुटा जिल्लामा स्थानीय तहको लेखापरीक्षण गर्न दुई टोली खटाइएको थियो । लेखापरीक्षण अधिकारीको टोलीका टोली प्रमुखलाई ज्वरो आउने, थकान महसुस हुने लक्षणहरु देखिएको र पीसीआर परीक्षण गर्दा नेगेटिभ रिर्पोट आए तापनि करिब १०/१२ दिनसम्म पनि ठिक नभएपछि उक्त टोली काठमाडौँ फर्किंयो । उक्त टोलीको बांकी काम निर्देशकको टोलीले सम्पन्न गरेको थियो ।

४.२२. संखुवासभा जिल्लामा स्थानीय तहको लेखापरीक्षण गर्न खटिएको टोली काम सम्पन्न गरी काठमाडौँ फर्केपछि स्वास्थ्य मापदण्डअनुसार क्वारेन्टाइनमा बस्नुपर्ने अवधिमा टोली प्रमुखलाई कोभिड-१९ पोजेटिभ देखियो ।

४.२३. झापामा स्थानीय तहको लेखापरीक्षण गर्न खटिएको टोलीमा रहेका एक सदस्यलाई कोरोना पोजेटिभ देखिएपछी करिब १५ दिन झापामै आइसोलेसनमा बसेपछि नेगेटिभ रिर्पोट आएकोले लेखापरीक्षण टोलीसंगै काठमाडौँ आउनुभएको थियो ।

४.२४. दार्चुला जिल्लाको लेखापरीक्षणका लागि २ टोली खटाइएकोमा उक्त दुवै टोलीको पहिले निर्धारित काम सम्पन्न गर्न केही ढिला भएको र दार्चुला जाने निर्धारित मितिमा निषेधाज्ञाको अवस्था रहेकोले टोली दार्चुला जान नसकि दार्चुला जिल्लाको लेखापरीक्षण हुन सकेन ।

५. कोभिड-१९ को महामारीमा केन्द्रीय स्तरमा लेखापरीक्षण व्यवस्थापन

२०७६ माघ फागुनतिर नेपालमा कोभिड-१९ को संक्रमण देखिन थालेसँगै कार्यालयका कर्मचारीहरुमा त्रास, डर, सचेतना, सजगता आदि रहे तापनि लेखापरीक्षणको अन्तिम चरण र वार्षिक प्रतिवेदन तयारीको काम शुरु हुने अवस्था भएकोले कार्यालयको काम भइरहेको थियो। चैत्र ११ देखि स्थानीय प्रशासनले लकडाउनको घोषणा शुरु गरे पश्चात सबै कर्मचारीहरु (प्रशासनमा भएका बाहेक) घरबाटै अनलाइनबाट गर्न मिल्ने कार्यालयको काम गरिरहेका थिए । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको बाँकी काम र वार्षिक प्रतिवेदन तयारीको काम घरबाटै भइरहेको थियो। करिब ३/४ सय कर्मचारी, प्रविधिको कम अभ्यस्त भएको अवस्था र कम्प्युटर चलाउन सक्ने क्षमता सबैको संयोजन मिलाउने जटिल कार्यको संयोजन प्रशासन, सूचना प्रविधि, नीति योजना तथा जनशक्ति विकास निर्देशनालयबाट भइरहेको थियो। जेष्ठ अन्तिम हप्तासम्म पनि कार्यालयका करिब ४/५ सय कर्मचारीहरुमा कोभिड देखिएको थिएन, आषाढ पहिलो हप्तातिर सूचना प्रविधि निर्देशनालयका निर्देशकलाई पहिलो पटक (यस कार्यालयका कर्मचारीमध्ये) कोभिड संक्रमण भएछ। पहिलो पटक संक्रमण भएको, बाह्य वातावरण पनि सहज नभएकोले उहाँले पनि ढिलै जानकारी गराउनुभयो, उहाँको संक्रमण पश्चात उहाँको कन्ट्याक्ट ट्रेसिङमा परेका कर्मचारीहरुसमेत डर त्रासको अवस्था रह्यो । दोस्रो संक्रमण हुने कर्मचारीमा कार्यमूलक निर्देशनालयका निर्देशक, त्यसपछि प्रदेश नं. २ निर्देशनालयका लेखापरीक्षण अधिकारीमा समेत संक्रमण देखियो । आषाढ अन्तिम र श्रावण भाद्रसम्ममा प्रशासनमा भएका, दर्ता चलानी, क्यान्टिनलगायत कर्मचारीहरुसमेत करिब ६० जनामा संक्रमण देखियो । उक्त संक्रमण देखिएको मध्ये एक जनालाई अस्पताल भर्ना गर्नुपर्ने, १ जनालाई घरमै अक्सिजन लिनुपर्ने बाहेक अरुको अवस्था सामान्य नै रहेको थियो। विभिन्न निर्देशनालयका कर्मचारीहरु संक्रमित भएपछि सो निर्देशनालयका अन्य कर्मचारीहरु क्वारेन्टिनमा वस्नुपर्ने, अफिसको कार्य व्यवस्थापन लकडाउनको अवस्थामा कर्मचारी कार्यालयसम्ममा आवत जावतको व्यवस्थालगायत विभिन्न पक्षमा व्यवस्थापन तथा सामान्य प्रशासन निर्देशनालयबाट व्यवस्थापन गर्ने कार्य कठिन नै हुने रहेछ।

करिब आश्विन कार्तिकको अन्तिमतिर आउँदा संक्रमणको दर पनि घटेको र लेखापरीक्षणको काम पनि शुरु भइसकेकोले मार्ग, पौष, माघतिर कोभिड-१९ मा कार्यालय सञ्चालन र व्यवस्थापनमा त्यति गाह्रो अवस्था भएन । जब, फागुन चैत्रतिर कोभिड-१९ को दोस्रो भेरियन्ट शुरु भयो, तब करिब ३०० कर्मचारीहरु जिल्ला जिल्लामा रहेका र उपत्यकाभित्रको लेखापरीक्षणमा रहेका करिब १०० जना कर्मचारीहरुसमेत

कार्यालयमा जाने आउने तथा नियमित काम गर्न असहज हुने अवस्था सिर्जना भइसकेको थियो। त्यस्तो असहज अवस्थाको कुशलतापूर्वक व्यवस्थापन प्रशासन निर्देशनालयबाट भइरहेको थियो, यस्तैमा २०७८ वैशाख अन्तिम तथा जेष्ठ प्रथम हप्तासम्ममा प्रशासन निर्देशनालयका निर्देशक, २ जना लेखापरीक्षण अधिकारी, लेखापरीक्षण निरीक्षक, लेखा शाखाका लेखापरीक्षण अधिकारीसमेत संक्रमित भई आफै प्राथमिक व्यवस्थापन गर्न कठिनाइ भएको अवस्था थियो। दोस्रो भेरियन्ट शुरु भएपछि करिब ४० जनासमेत कुल १०० जना संक्रमितको अवस्था भए तापनि लेखापरीक्षण, वार्षिक प्रतिवेदन, प्राथमिक व्यवस्थापनलगायतका कार्य नियमित भइरहेको अवस्था छ ।

६. कोभिड-१९ र लेखापरीक्षणका चुनौती व्यवस्थापन

सबै सरकारी कार्यालयको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा स्वतन्त्र रुपमा लेखापरीक्षण गरी प्रतिवेदन दिने कार्यका लागि संस्थागत स्वतन्त्रता, क्षमता विकास, विश्वसनीयता अभिवृद्धि, मानदण्डको प्रयोग, आधुनिक अवधारणाको अवलम्बन जस्ता पक्षहरुले प्रभाव पारेको हुन्छ । विद्यमान लेखापरीक्षण प्रणालीमा व्यवस्थापकीय तथा प्रशासकीय स्वतन्त्रता अभिवृद्धि गर्नुपर्ने, व्यक्तिगत, संगठनात्मक तथा बाह्य आँचबाट मुक्त हुनु पर्ने, लेखापरीक्षणको गुणस्तर, विश्वसनीयता अभिवृद्धि गर्नेपर्ने, आन्तरिक र अन्तिम लेखापरीक्षणको क्षमता विकास, सहकार्य, समन्वय गर्नुपर्ने, कार्यमूलक लेखापरीक्षणमा केन्द्रित रहनुपर्ने, लेखापरीक्षण विधि र पद्धतिमा सुधार गर्नेपर्ने, सूचना प्रविधि, जोखिममा आधारित, वातावरणीय, जालसाजीको लेखापरीक्षण जस्ता नवीन अवधारणाको कार्यान्वयन गर्नुपर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने, मानदण्ड, आचारसंहिता, निर्देशिकाहरु समयानुकूल बनाई कार्यान्वयनस्तर बढाउनुपर्ने चुनौतीहरुको अलावा हालको कोभिड-१९ को प्रभावको अवस्थामा देहायबमोजिम थप चुनौतीको व्यवस्थापन गर्नुपर्ने देखिएको छः

(क) जोखिम मूल्याङ्कनलाई बढी विश्वस्त र वैज्ञानिक बनाई उच्च जोखिमको निकायको लेखापरीक्षणमा उपलब्ध स्रोत साधन परिचालन गर्नुपर्ने,

(ख) मध्यम र न्यून जोखिम भएका निकायको दूरलेखापरीक्षणको अवधारणाअनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्ने,

(ग) दूरलेखापरीक्षण अवधारणा कार्यान्वयन गर्न सूचना प्रविधि, पूर्वाधार, कर्मचारीको क्षमता विकास, सूचना तथ्याङ्कको विवरणको भण्डारण, प्रशोधन, उपयोगलगायतको विषयमा ध्यान दिनुपर्ने,

(घ) जिल्लास्तरमा टोली खटाउने कार्यतालिका बनाई एकल टोलीका माध्यमबाट एउटा जिल्लामा एकै पटक लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्ने,

(ङ) जिल्लास्तरमा खटिएका लेखापरीक्षण टोलीसँग निरन्तर सम्पर्क गर्ने, सूचना आदान प्रदान गर्ने, स्वास्थ्य समस्या देखिएमा तुरुन्त उद्धार गर्ने व्यवस्था मिलाउनुपर्ने,

(च) सारभूत परीक्षण (Substantive procedure) का अतिरिक्त विश्लेषणात्मक परीक्षण (Analytical procedure) का माध्यमबाट लेखापरीक्षण सम्पन्न गर्ने अवधारणामा व्यापकता ल्याउनुपर्ने,

(छ) कर्मचारीहरुमाबहुआयामिक सीप (Multidiciplinary skills) सम्बन्धी क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु उपलब्ध गराउनुपर्ने,

(ज) कोभिड-१९ को संक्रमणको अवस्था स्थलगत लेखापरीक्षण गर्नुपर्ने आवश्यकता बीच सामन्जस्यता कायम गरी स्वास्थ्य सजगता अपनाई लेखापरीक्षण गर्ने, प्रतिवेदन तयारी गर्ने लगायतका कार्य व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

७. निष्कर्ष

प्रचलित कानुनी व्यवस्थाअनुसार सरकारी कार्यालयको लेखापरीक्षण गरी प्रतिवेदन दिने र बेरुजू फर्स्यौंटको अनुगमन वा सम्परीक्षण (Follow up Audit) गर्ने कार्य महालेखापरीक्षकको कार्यालयले गरेको छ । लेखापरीक्षण कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जनशक्ति, समय र लागतमा समेत किफायत हुने देखिन्छ । लेखापरीक्षणका माध्यमबाट आर्थिक प्रशासनमा जवाफदेहिता, पारदर्शिता प्रवर्द्धन गरी वित्तीय सुशासनमा टेवा पुऱ्याउने कार्यमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । लेखापरीक्षणको विकास क्रममा प्रचलित कानुनको परिपालना भएको छ, छैन र स्रोत साधनको उपलब्धिमूलक उपयोग भएको छ छैन भनी गरिने परीक्षणबाट लेखा तथा लेखापरीक्षणको विश्वसनीयता अभिवृद्धि गर्ने, आर्थिक प्रशासनमा स्वच्छता र पारदर्शिता कायम हुने, सुशासनको प्रर्वद्धन टेवा पुग्ने, सरकारी लेखापरीक्षण पद्धति विकासमा सहयोग पुग्ने भएकोले लेखापरीक्षणको विशेष महत्व रहेको छ । यस्तो लेखापरीक्षण कार्य स्वीकृत योजनाअनुसार सम्पन्न गरी समयमै उपलब्ध गराएको लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनबाट आर्थिक अनुशासन कायम भई समग्र आर्थिक प्रशासनमा सुधार हुने गर्दछ । हालको कोभिड-१९ को संक्रमणको अवस्थामा समयमा लेखापरीक्षण व्यवस्थापन हुन नसक्नु तथा लेखापरीक्षणमा उल्लिखित कैफियतको समयमै कार्यान्वयन हुन नसक्नु जस्ता कारणबाट समग्र आर्थिक प्रशासनसमेत प्रभावित हुने देखिन्छ । अतः विद्यमान परिस्थितिमा लेखापरीक्षणका मान्य सिद्धान्तहरु अवलम्बन गरी समयमा लेखापरीक्षण गर्ने तथा प्रतिवेदनमा उल्लिखित कैफियतको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

<u>सन्दर्भ सामग्री</u>

१. नेपालको संविधान
२. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु
३. बार्षिक बजेट बक्तव्यहरु
४. आर्थिक प्रशासनसम्बन्धी ऐन नियमहरु
५. सार्वजनिक लेखा समितिको प्रतिवेदनहरु
६. वार्षिक लेखापरीक्षण योजना, २०७७

नेपालमा खरिद सम्झौताको कार्यान्वयनसम्बन्धी व्यवस्था

घनश्याम पराजुली
नायब महालेखापरीक्षक

विषय प्रवेश

सार्वजनिक खरिद ऐनबमोजिम कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्यलाई खरिद भनी परिभाषित गरेको छ भने खरिद सम्झौता भन्नाले सार्वजनिक निकाय र आपूर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाता वा सेवा प्रदायक बीच भएको खरिदसम्बन्धी सम्झौता भनी परिभाषित गरेको छ । सार्वजनिक खरिद ऐन प्रतिकूल भएको खरिद बदर तथा अमान्य हुने व्यवस्था छ भने खरिद कार्यमा सम्झौताका शर्तहरु पालना गर्नुपर्ने व्यवस्था गरिएको छ । सार्वजनिक खरिद प्रणालीको मूल्याङ्कन गर्ने आधार भनेको खरिद सम्झौताको कार्यान्वयन रहेको हुन्छ । खरिद कारबाही अन्तर्गत छनौट चरणमा पूर्वानुमान गरिएका सैद्धान्तिक पक्षहरुको प्रभावकारी कार्यान्वयनले प्रतिविम्बित गर्दछ । कार्यान्वयनको मुख्य आधार सम्झौताका शर्तहरु रहेका हुन्छन् । यस्ता शर्तहरु बोलपत्र वा प्रस्ताव आह्वान गर्दा नै किटान गरिएका हुन्छन् । यस्ता शर्तहरु प्रचलित करार कानुनले समेत निर्देशित गरेको हुन्छ । खरिद चक्रअन्तर्गत खरिदको आवश्यकता पहिचान, विश्लेषण, लागत अनुमान तयारी, खरिद योजना तयारी, खरिद विधि छनौट, बोलपत्रसम्बन्धी कागजात तयारी, बोलपत्र प्रक्रियाको व्यवस्थापन (सूचना प्रकाशनदेखि बोलपत्र खोल्ने), बोलपत्रको परीक्षण एवं मूल्याङ्कन (प्राविधिक एवं आर्थिक प्रस्ताव), बोलपत्रको स्वीकृति र खरिद सम्झौता तथा सम्झौताको व्यवस्थापन समावेश रहेका हुन्छन् । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(ञ) ले खरिद सम्झौतालाई सार्वजनिक निकाय र आपूर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाता वा सेवाप्रदायकबीच भएको खरिदसम्बन्धी सम्झौता भनी परिभाषित गरेको छ । प्रस्तुत लेखमा नेपालको सार्वजनिक खरिदमा खरिद सम्झौताका कार्यान्वयनका विभिन्न पक्षहरुको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

खरिद सम्झौताको छनौट

सार्वजनिक निकायले कुनै खरिद कारबाहीको लागि खरिद विधि छनौट गरेपछि मालसमान वा अन्य सेवाको खरिद सम्झौता गर्दा ६ वटा (खास मालसमान वा अन्य सेवा आपूर्ति सम्झौता, संरचनात्मक वा एकाई दर सम्झौता, बहुवर्षीय सम्झौता, डिजाइन, आपूर्ति र जडान सम्झौता, टर्नकी सम्झौता, डिजाइन, आपूर्ति, जडान र मर्मत सम्भार सम्झौता) तथा निर्माण कार्यको खरिद सम्झौता गर्दा १० वटा (एकाई दर सम्झौता, एकमुष्ट रकम सम्झौता, लागत शोधभर्ना सम्झौता, समय र सामग्री दर सम्झौता, डिजाइन र निर्माण सम्झौता, व्यवस्थापन सम्झौता, कार्यसम्पादनमा आधारित मर्मत सम्भार वा व्यवस्थापन सम्झौता, पिसवर्क सम्झौता, निर्माण र मर्मत सम्भार सम्झौता, टर्नकी सम्झौता) मध्ये कुनै प्रकारको सम्झौता छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो सम्झौता छनौट गर्दा खरिदको प्रकार र परिमाण, समान प्रकृतिको खरिद पुनः गरिने सम्भावना भए नभएको, सार्वजनिक निकाय र आपूर्तिकर्ता, निर्माण व्यवसायी वा परामर्शदाता र अन्य

पक्षबीच गरिने जोखिमको बाँडफाँट र सम्झौता सुपरिवेक्षण गर्ने तरिकालाई विचार गर्नुपर्छ । त्यस्तै, खरिद सम्झौता छनौट गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमूना बोलपत्रसम्बन्धी कागजात भए सोहीअनुरुप र जारी नभएको भए आवश्यकताअनुसार बोलपत्रसम्बन्धी कागजात तयार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई उपयोगमा ल्याउनुपर्दछ । यसरी बोलपत्रसम्बन्धी कागजात र खरिद सम्झौता छनौट गरी बोलपत्र आह्वान गरेपछि सार्वजनिक खरिद नियमावलीमा उल्लिखित प्रावधान बाहेक अन्य अवस्थामा परिवर्तन गर्न नपाइने व्यवस्था रहेको छ ।

खरिद सम्झौता

सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र वा प्रस्ताव स्वीकृतिको लागि छनौट गर्नुपर्छ । यसरी छनौट भएको सातदिनभित्र छनौट भएको बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना (Letter of Intend) सम्बन्धित प्रस्तावदाता वा बोलपत्रदाता र सूचीमा रहेका अन्य प्रस्तावदाता वा बोलपत्रदातालाई दिनुपर्छ । यसरी सूचना दिएको सातदिनभित्र प्रस्तावदाता वा बोलपत्रदाताले निवेदन नगरेमा प्रस्ताव वा बोलपत्र स्वीकृत गरी १५ दिनभित्र कार्य सम्पादन जमानत दाखिला गरी सम्झौता गर्न आउने सूचना (Letter of Acceptance) जारी गर्नुपर्छ । सो अवधिभित्र जमानत दाखिला गरी सम्झौता गर्न उपस्थित भएमा सम्झौता गर्नुपर्ने तथा उपस्थित नभएमा जमानत जफत गरी सोभन्दा लगत्तै पछिको अर्को प्रस्तावदाता वा बोलपत्रदाताको प्रस्ताव वा बोलपत्र स्वीकृत गरी सम्झौता गर्नुपर्छ । निज पनि अनुपस्थित भएमा त्यसपछिको प्रस्ताव वा बोलपत्र स्वीकृत गर्नुपर्छ । यसरी सम्झौता गर्दा बोलपत्रको मान्य अवधिभित्रै सम्पन्न गर्नुपर्छ । प्रस्ताव वा बोलपत्र अस्वीकृत भएको प्रस्तावदाता वा बोलपत्रदाताले अस्वीकृत भएको कारण माग गरेमा जानकारी दिनुपर्छ । निकायले मूल्याङ्कन गरी स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता सम्झौता गर्न नआएको अवस्थामा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्न सक्छ ।

यसरी गरिने मालसमान खरिद सम्झौताभित्र Purchaser's notification to the supplier of award of contract, Bid submission from and price schedules submitted by the supplier, General conditions of contract, Special condition of contract, Schedule of requirements परामर्श सेवा खरिद सम्झौताभित्र General condition of contract, Special condition of contract, Annex (ToR, Key experts, Cost estimate or breakdown of contract price, From of advance payment guarantee, Medical certificate, Minutes of negotiation Meeting) तथा निर्माण कार्यको सम्झताभित्र Letter of Acceptance, Letter of technical & price bid, Addenda, General condition of contract, Specific conditions of contract, List of eligible countries, Specification, Drawings, Bill of Quantities, Table of price Adjustment Data, List of approved subcontracts पर्दछन् ।

सार्वजनिक निकायले मालसामान वा अन्य सेवाको खरिद सम्झौता गर्दा बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र अवधिमा आधारित भई गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावलीमा नभएका व्यवस्थाहरु वस्तु बिक्री करारसम्बन्धी कानुनबमोजिम हुने व्यवस्था रहेको छ । मालसामानको खरिद सम्झौता वा मालसामान हस्तान्तरण (डेलिभरी) सम्बन्धी शर्तहरु अन्तर्राष्ट्रिय व्यापारमा प्रयुक्त हुने शब्दावली (इन्टरनेसनल कमर्शियल टर्मस, इन्कोटर्म) बमोजिम तयार गर्नुपर्छ ।

सम्झौताका शर्त

खरिद सम्झौतामा सम्झौता गर्ने दुवै पक्षलाई मान्य हुने गरी शर्तहरु तोकिएका हुन्छन र यस्ता शर्तहरु बोलपत्र आह्वान गर्नु अघि स्वीकृत गरिएको बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Document, SBD) मा उल्लेख गरिएको हुन्छ । सार्वजनिक निकायले फुटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नुपर्छ । खरिद सम्झौतामा बोलपत्रसम्बन्धी कागजात, प्रस्तावसम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लिखित शर्तहरु जस्तै पक्षहरुको नाम र ठेगाना, फोन, फ्याक्स नम्बर र सम्झौता कार्यान्वयनका लागि सम्पर्क राख्ने व्यक्ति, सम्झौताको कार्य क्षेत्र, सम्झौतामा रहेका लिखतहरुको विवरण र प्राथमिकताको क्रम, कार्य सम्पादन तालिका, आपूर्ति समय, कार्यसम्पादन गर्नुपर्ने समय वा म्याद थप गर्न सकिने नसकिने व्यवस्था, सम्झौताको रकम वा सो निर्धारण गर्ने तरिका, मालसामान, निर्माण कार्य वा सेवा स्वीकार हुने शर्तहरु, विदेशी मुद्राको भुक्तानीलगायत भुक्तानीका शर्त र तरिका, काबुबाहिरको परिस्थिति (फोर्श मेजर), मूल्य समायोजन, सम्झौता संशोधन र भेरिएसन आदेश जारी, बीमा व्यवस्था, आवश्यक पर्ने जमानत, निर्धारित अवधिमा कार्य सम्पादन हुन नसके बापतको पूर्व निर्धारित क्षतिपूर्ति, निर्धारित अवधिभन्दा अगाडि नै कार्य सम्पादन भएमा दिने बोनस, सम्झौता रद्द, सबकण्ट्र्याक्ट, विवाद समाधान संयन्त्र, लागू हुने कानुन आदि समावेस गर्नुपर्छ । त्यस्तै सम्झौतामा बजेट संकेत समेत उल्लेख गर्नुपर्छ।

सार्वजनिक निकायले खरिद सम्झौतामा सार्वजनिक खरिद कानुनमा उल्लिखित शर्तका अतिरिक्त बोलपत्र सम्बन्धी कागजात वा प्रस्तावसम्बन्धी कागजातमा थप शर्त राख्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना बोलपत्रसम्बन्धी कागजात वा प्रस्तावसम्बन्धी कागजातको खरिद सम्झौताका शर्तहरुमा सारभूत रुपमा फरक नपर्ने गरी थप शर्त राख्न सक्ने व्यवस्था रहेको छ ।

कार्यसम्पादन जमानत

स्वीकृत बोलपत्रको बोलपत्रदाताले बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेस गर्नुपर्छ । यसरी जमानत पेस गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी गर्नुपर्ने व्यवस्था रहेको छ । सम्झौता रकम नखुल्ने भएमा बोलपत्रसम्बन्धी कागजातमा तोकी दिएको कार्यसम्पादन जमानत पेस गर्नुपर्छ । यस्तो जमानतको मान्य अवधि मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (बारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढीको हुनुपर्छ। विदेशी बैङ्कले जारी गरेको जमानत नेपालको वाणिज्य बैङ्कले प्रति प्रत्याभूति (काउण्टर ग्यारेन्टी) गरेको हुनुपर्छ। त्यस्तै दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्यसँग सम्बन्धित सम्झौता गर्दा स्वीकृत भएको बोलपत्रदाताले क्रेडिट लाइनको सुविधा प्राप्त भएको विवरण पेस गर्नुपर्छ ।

सम्झौता कार्यान्वयन

सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता भएपछि सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीसँग आवश्यकताअनुसार बैठक (पोष्ट बिड कन्फ्रेन्स) गर्ने, सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका (Activity Schedule) तयार गर्ने, सम्झौताको शर्तबमोजिम समयभित्रै प्रतितपत्र खोल्ने व्यवस्था गर्ने, आवश्यकताअनुसार सम्झौता कार्यान्वयन टोली गठन गर्ने, सम्झौता प्रशासन कार्ययोजनाअनुसार सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने र सो स्थलसम्म पहुँचको व्यवस्था मिलाउने, खरिद सम्झौताको हेरफेर, भेरिएसन आदेश, मूल्य समायोजन, खरिद सम्झौता निलम्वन वा अन्त, कार्य सम्पन्न प्रमाणीकरण, भुक्तानी आदिको व्यवस्थापन गर्ने, सार्वजनिक निकाय र आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीबीच कुनै विवाद उत्पन्न भए त्यस्तो सम्झौतामा उल्लिखित विवाद समाधानको उपाय अपनाउने, सम्झौता उल्लंघन भएको अवस्थामा सम्झौतामा उल्लिखित उपचारसम्बन्धी व्यवस्थाअनुसार कारबाही अघि बढाउने, बजेट र लागत लेखा (कस्ट एकाउन्टिङ्ग) को पक्षलगायत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन गर्ने, निर्माण व्यवसायीले निर्माण कार्यस्थलमा सूचना पाटीमा अनिवार्य रूपमा राख्ने व्यवस्था गर्नुपर्ने, सम्झौता कार्यान्वयनसँग सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित ढङ्गले राख्ने, सम्पादन भएको काम स्वीकृत गर्ने र सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन एक तह माथिको अधिकारीसमक्ष पेस गर्ने काम गर्नुपर्छ । सम्झौता कार्यान्वयनको सुपरिवेक्षण गर्ने सार्वजनिक निकाय वा अन्य निकायले आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको खरिद सम्झौतामा उल्लिखित अधिकारमा प्रतिकूल असर नपर्ने गरी नक्सा, स्पेसिफिकेसन र खरिद सम्झौताको शर्तअनुसार खरिद सम्झौता कार्यान्वयन भए नभएको सुपरिवेक्षण गर्न सक्छ।

खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौताअनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौताबमोजिमको कार्य सो सम्झौताबमोजिमको गुणस्तरको नभएको कुरापछि प्रमाणित भएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने व्यवस्था रहेको छ ।

सम्झौता व्यवस्थापन/कार्यान्वयन गर्नेको योग्यता

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको सार्वजनिक निकायमा खरिदसम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारणसम्बन्धी मापदण्ड, २०७८ मा सार्वजनिक निकायले निर्माण व्यवसायी। परामर्शदाता, आपूर्तिकर्ता वा सेवाप्रदायकसँग सम्झौता सम्पन्न भएपछि सम्झौताबमोजिम निकायको प्रतिनिधि भई कार्य सम्पादन गर्न निकायका प्रमुखले सम्झौता व्यवस्थापन/कार्यान्वयनमा काम गर्ने कर्मचारीलाई जिम्मेवारी प्रदान गर्दा खरिद कार्यको प्रकृतिसँग मेल खाने विषयमा प्राविधिक ज्ञान वा अनुभव भएको कर्मचारीलाई तोक्नुपर्ने तर यस्तो कर्मचारी निकायमा उपलब्ध नभएमा अन्य सार्वजनिक निकाय प्रमुखको स्वीकृतिमा उक्त सार्वजनिक निकायको प्राविधिक ज्ञान वा अनुभव भएको कर्मचारीको सहयोग लिन सक्ने व्यवस्था गरिएको छ ।

बीमा

सम्झौता कार्यान्वयनको क्रममा दुवै पक्ष (Employer and Contractor) मा जोखिम रहेको हुन्छ । बीमाले निर्माणस्थलमा रहेका जनशक्ति, उपकरणमा कुनै कारणले क्षति वा नोक्सानी (loss of or damage to the works, plants and materials, loss of or damage to equipment, loss of or damage to property, personal injury or death) भएमा क्षतिपूर्ति प्रदान गरी अनिश्चितताबाट सुरक्षा प्रदान गर्दछ । यसरी बीमा गर्दा कार्य शुरु भएपछि त्रुटि सच्याउने अवधि समाप्त भई प्रमाणपत्र जारी नभएसम्मको लागि गर्नुपर्दछ । निर्माण व्यवसायीले दश लाख रुपैंयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्दा निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, पेशागत शुल्क, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन तथा कुंडा कर्कट वा खेर गएको सामग्री हटाउनको लागि लाग्ने खर्चलगायत हानि वा नोक्सानी भए बापत हुने खर्च वा सोसम्बन्धी आनुषागिक खर्च समेटनका लागि प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशत रकम वा खरिद सम्झौतामा उल्लिखित भएबमोजिमको अतिरिक्त रकम, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण र अन्य वस्तुको निर्माण स्थलमा प्रतिस्थापन गर्न लाग्ने पर्याप्त रकम, निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा हुने सबै हानि नोक्सानी, निर्माण व्यवसायीले त्रुटि सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्व पालन गर्ने क्रममा भएको हानि नोक्सानी र त्रुटि सच्याउने दायित्वको अवधि प्रारम्भ हुनु अघि उत्पन्न भएको कुनै कारणबाट त्रुटि सच्याउने दायित्वको अवधिमा भएको हानि नोक्सानी जस्ता दायित्वहरुको बीमा गराउनुपर्छ ।

तर निर्माण व्यवसायीको बीमाबाट युद्ध, शत्रुता वा आक्रमण, विद्रोह, क्रान्ति, बिप्लव वा सैनिक शासन वा गृह युद्ध, विकीरणको फैलावट, आणविक इन्धनको विकीरण वा आणविक इन्धनको ज्वलनबाट उत्पन्न आणविक फोहर वा विकीरण युक्त विषादी विस्फोट वा अन्य हानिकारक तत्वहरुको विस्फोट वा आणविक संयोजन वा सोको आणविक अंशको प्रदूषण र ध्वनिक वा तीव्र ध्वनिक गतिमा उड्ने हवाईजहाज वा हवाई यन्त्रद्धारा सिर्जित वायुको चापका कारणबाट भएका हानि नोक्सानी वा क्षतिको दायित्व वहन गर्नु नपर्ने व्यवस्था रहेको छ ।

निर्माण कार्य गर्दा वा त्यसमा रहेको कुनै त्रुटि सुधार गर्दा भएको वा त्यस्ता कार्यको परिणाम स्वरुप भएको कुनै व्यक्तिलाई चोटपटक लागेमा वा निजको मृत्यु भएमा, वा निर्माण कार्यमा बाहेक कार्य सञ्चालन र सम्पन्नको सिलसिलामा कुनै सम्पत्तिमा भएको हानि नोक्सानीको हानि नोक्सानी बापतको क्षतिपूर्तिको दाबी र त्यस्तो दाबीसम्बन्धी कारबाही गर्दा लागेको खर्च तथा दस्तुर निर्माण व्यवसायीले व्यहोर्नुपर्छ ।

मालसामान खरिदमा सी.आई.पी. (क्यारिज एण्ड इन्सोरेन्स पेड टु) मूल्यको कम्तीमा ११० प्रतिशत रकम बराबरको गोदामदेखि गोदामसम्म युद्ध, हडताल र आगजनीसमेतको सबै जोखिम ब्यहोर्ने गरी बीमा तथा परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको तीस दिनभित्र सम्झौताको कुल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) गराउनुपर्छ । सार्वजनिक निकायका प्रमुखको लिखित स्वीकृति बिना बीमाका शर्तमा कुनै परिवर्तन गर्न नसकिने तथा यस प्रतिकूल हुने गरी बीमाको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानि नोक्सानी हुन पुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारी र सार्वजनिक निकायका प्रमुखको हुन्छ ।

निरीक्षण र स्वीकृति

विदेशबाट खरिद गरिने मालसमानको प्रिसिपमेन्ट निरीक्षण गर्नुपर्ने भएमा सो देशमा सार्वजनिक निकायले खरिद कार्यविधि अवलम्बन गरी प्रतिनिधि नियुक्त गरी निरीक्षण गराउन सक्छ । निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तरबमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्छ । यस्तो निरीक्षण वा परीक्षण प्रचलित कानुन वा सम्झौतामा उल्लिखित वा उपयुक्त कार्यविधि अवलम्बन गरी गर्नुपर्छ । त्यस्तो निरीक्षण वा परीक्षण गर्न एक वा एकभन्दा बढी निकाय वा अधिकारी तोक्न वा सम्बन्धित मालसामान सम्बन्धी बढीमा तीनजना विज्ञ रहेको एक समिति गठन गर्न सक्छ जस्ले आपूर्ति गरिएका मालसामान निरीक्षण वा परीक्षण गर्दा मालसामानको नमूना र विशिष्टताबमोजिम सबै वा नमूना छनौट गरी जाँच गरी नमूना र विशिष्टताअनुरुप नभएको मालसामान आपूर्तिकर्तालाई फिर्ता गर्नुपर्छ । यसरी निरीक्षण वा परीक्षण गरेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण, मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेसन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी पेस गर्नुपर्ने र प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्छ । मालसामान निरीक्षण वा परीक्षण गर्दा आपूर्तिकर्तासँग विवाद उत्पन्न भएमा सम्झौतामा उल्लेख भएको विवाद समाधानको प्रक्रियाबमोजिम समाधान गर्नुपर्छ ।

यसरी निरीक्षण वा परीक्षण गर्दा अस्वीकृत मालसामान आपूर्तिकर्ताले फिर्ता नलगेमा सम्झौतामा तोकिएको समयावधिभित्र फिर्ता लगी स्पेसिफिकेसनबमोजिमको आपूर्ति गर्न आपूर्तिकर्तालाई लिखित जानकारी दिनुपर्छ। यस्तो अवधिभित्र आपूर्तिकर्ताले मालसामान बुझिलिन अस्वीकार गरेमा वा उठाई नलगेमा मालसामान सार्वजनिक लिलाम बिक्री गरी मालसामान भण्डारण गर्न लागेको खर्च र त्यस सम्बन्धी अन्य खर्चहरु, बाँकी रहेको पेस्की रकम, पूर्व निर्धारित क्षतिपूर्ति र निजले तिर्नुपर्ने रकम लिलाम बिक्री मूल्यबाट कट्टा गरी बाँकी रकम आपूर्तिकर्तालाई फिर्ता गर्नुपर्ने तथा लिलाम बिक्रीबाट प्राप्त भएको रकमबाट असुल हुन नसकेको रकम आपूर्तिकर्ताबाट प्रचलित कानुनबमोजिम सरकारी बाँकी सरह असुलउपर गर्नुपर्छ ।

सम्झौता संशोधन

कामको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन नहुने गरी दुवै पक्षको लिखित सहमतिबाट सम्झौतामा संशोधन गर्न सकिन्छ । तर भेरिएसन आदेश जारी गर्दा वा मूल्य समायोजन गर्दा संशोधन गर्नु नपर्ने व्यवस्था रहेको छ ।

भेरिएसन आदेश

खरिद सम्झौता कार्यान्वयनको क्रममा सम्झौतामा उल्लेख भएका कार्य परिमाण (Bill of Quantities) मा उल्लेख भएका कार्य परिमाणमा परिवर्तन (Varies the works) भएमा त्यसलाई समायोजन गर्न दिइने आदेश भेरिएसन आदेश हो । यसले शुरुमा तोकिएको कामको परिमाण र वास्तविक रुपमा सम्पन्न भएको परिमाणमा देखिएको फरक अवस्थालाई इंकित गर्दछ । यस अन्तर्गत शुरुमा उल्लेख भएको कामको परिमाणमा थपघट तथा कुनै काम थप गर्ने वा हटाउने कार्य गरिएको हुन्छ । भेरिएसन आदेश जारी भएपछि शुरुको सम्झौता मूल्यमा परिवर्तन (Changes in the contract price) हुन्छ । सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण

खुलाई पाँच प्रतिशतसम्म राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले, दश प्रतिशतसम्म राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले, पन्ध्र प्रतिशतसम्म विभागीय प्रमुखले, पन्ध्र प्रतिशतदेखि पच्चीस प्रतिशतसम्म मन्त्रालयको सचिव वा सो सरहको प्रमुखले, पच्चीस प्रतिशत भन्दा माथि नेपाल सरकार मन्त्रिपरिषद्ले वा सर्वोच्च कार्यकारी निकायले भेरिएसन आदेश जारी गर्न सक्छ । नेपाल सरकार मन्त्रीपरिषदले आदेश गर्दा मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गरी जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्ले तथा सर्वोच्च कार्यकारी निकायले जारी गर्दा विशेषज्ञहरुको समूह गठन गरी आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा आदेश जारी गर्न सक्छ । लागत अनुमान स्वीकृत गर्ने अधिकारीभन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न नहुने व्यवस्था छ । तर साठीलाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको आदेश विभागीय प्रमुखले जारी गर्न सक्छ । भेरिएसन आदेश जारी गर्दा विशेषज्ञहरूको समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा जारी गर्नुपर्छ ।

निर्माण कार्यको भेरिएसन आदेश जारी गर्दा कार्यको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेसन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नुपर्ने भएमा कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण, लागत अनुमानमा प्रभाव पर्ने प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे नपरेको विवरण, मालसामान वा अन्य सेवा कार्यको जारी गर्दा मालसामान वा अन्य सेवाको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेसन आदि बदल्नुपर्ने वा नपर्ने र बदल्नुपर्ने भएमा त्यस्तो मालसामान वा सेवाको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण, लागत अनुमानमा प्रभाव पर्ने प्रतिशत, स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको विवरण तथा परामर्श सेवाको भेरिएसन आदेश जारी गर्दा परामर्श सेवाको कार्यक्षेत्र, आवश्यकता, कार्यक्षेत्रगत शर्त, योग्यता वा विशेषज्ञता आदि बदल्नुपर्ने नपर्ने र बदल्नुपर्ने भएमा त्यस्तो सेवाको आधारभूत प्रकृति वा क्षेत्र वा प्रस्तावित दक्ष वा विशेषज्ञ परिवर्तन हुने वा नहुने, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण, लागत अनुमानमा प्रभाव पर्ने प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको विवरण खुलाई भेरिएसन स्वीकृत गर्ने अधिकार भएको प्रमुखले प्रमाणित गर्नुपर्दछ ।

मूल्य समायोजन

खरिद सम्झौता भएपछि कार्य सम्पन्न नभएसम्मको अवधिमा श्रम, सामग्री र उपकरण उपयोगको बजार मूल्यमा भएको परिवर्तनलाई समायोजन गर्ने कार्य मूल्य समायोजन (Contract Price Adjustment, CPA) बाट गर्ने प्रचलन रहेको छ । यस्ले मूल्यमा भएको परिवर्तनले बोलपत्रदातालाई संरक्षण गर्ने प्रयास गर्दछ। सम्झौतामा मूल्य समायोजन गर्न सकिने उल्लेख भएको अवस्थामा बाह्र महिनाभन्दा बढी अवधिको सम्झौता कार्यान्वयनमा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्छ । तर निर्माण कार्य राष्ट्रियस्तरको बोलपत्र आह्वान भई सम्झौता भएकोमा अप्रत्यासित रुपमा निर्माण सामग्रीको मूल्य साबिक मूल्यको दश प्रतिशतभन्दा बढी घटबढ भएमा त्यसरी घटेको वा बढेको रकममा दश प्रतिशत कट्टा गरी मूल्य समायोजन गरिन्छ । सम्झौता प्राप्त गर्नेको ढिलाईले सम्झौताको काम सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेको वा एकमुष्ट कार्य सम्पादन (लम्प सम

कण्ट्राक्ट) वा निश्चित बजेटको आधारमा सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था रहेको छ ।

सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य समायोजन गर्ने अवस्था, निर्धारण गर्ने सूत्र तथा सूत्रमा प्रयोग गरिने मूल्यको संरचना (श्रम, उपकरण, सामग्री, इन्धनको मूल्य आदि), मूल्य समायोजनको अधिकतम रकम, प्रत्येक मूल्य संरचनाको मूल्य समायोजन गर्न प्रयोग गरिने सम्वद्ध मूल्य सूची (इन्डीसेज), मूल्य सूची उल्लेख गर्न प्रयोग गरिने मुद्रा र भुक्तानी दिन प्रयोग गरिने मुद्राबीचको विनिमय दरको घटवढ मापन गर्ने तरिका, मूल्य समायोजन सूत्र प्रयोग गर्न लिइने आधार मिति (बेसलाइन डेट), मूल्य समायोजन सूत्र लागू हुने समयको अन्तराल, र मूल्य समायोजन सूत्रको प्रयोगबाट देखिनुपर्ने न्यूनतम मूल्य वृद्धि र मूल्य समायोजनसम्बन्धी प्रावधान लागू हुन पूरा हुनुपर्ने अन्य शर्त तथा बन्देज उल्लेख गर्नुपर्छ ।

मूल्य समायोजनको अधिकतम रकम सामान्यतया शुरु सम्झौता मूल्यको पच्चीस प्रतिशतभन्दा बढी नहुने तथा सो मूल्यभन्दा बढी हुने भएमा सम्झौता अन्त्य गर्न, सम्झौता मूल्यलाई स्वीकृत बजेटभित्र पार्नको लागि निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातासँग वार्ता गर्न वा खर्च घटाउने अन्य उपाय अवलम्बन गर्न सक्ने वा थप बजेट व्यवस्था गरिने व्यवस्था सम्झौतामा गर्न सक्छ ।

अवधि थप

खरिद सम्झौतामा उल्लेख भएको सम्पन्न गर्नुपर्ने अवधि (Intended Completion Date) मा सम्झौता गर्ने पक्षको कारणले वा दुबैको काबु बाहिरको परिस्थिति (Force Majeure) को कारणले काम सम्पन्न नभएमा सम्झौताको अवधि थप (Extension of the Intended Completion Date, EOT) गर्नुपर्ने हुन्छ । यस्तो अवधि थप गर्ने कार्य सम्झौतामा उल्लेख भएका कामको परिमाणमा थप भएको कारणले पनि हुन सक्छ । सम्झौताको अवधि थप सम्झौतामा उल्लेख भएअनुसार हुन्छ । काबूबाहिरको परिस्थिति, निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराएमा वा अन्य मनासिब कारणबाट सम्झौताको अवधि बढाउनुपर्ने भएमा सम्झौता प्राप्त गर्नेको निवेदन आधारमा अवधि बढाउन सकिन्छ । यस्तो अवस्थामा निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारणसहित सम्झौताको म्याद समाप्त हुनुभन्दा कम्तीमा एक्काईस दिन अगाडि अवधि थपको लागि निवेदन दिनुपर्छ । यसरी निवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गर्न वा गराउन सक्छ । त्यसरी जाँचबुझ गर्दा वा गराउँदा सम्झौताबमोजिमको काम समयमै सम्पन्न गर्न भर मगदुर प्रयास गरेको, निकायले सम्झौताबमोजिम उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराएको, छानबिन गर्न कागजात झिकाएको कारणबाट काममा ढिलाइ भएको र काबुबाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको सम्बन्धमा विचार गर्नुपर्छ । यसरी जाँचबुझ गर्दा म्याद थपको कारण मनासिब देखिएमा शुरु सम्झौता अवधिको पन्ध्र प्रतिशतसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले, सोभन्दा बढी पच्चीस प्रतिशतसम्म विभागीय प्रमुखले, सो अवधिभन्दा बढीको सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्न सक्छ । तर शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न नपाइने व्यवस्था रहेको छ । यस्तो म्याद थपको निर्णय सम्झौता अवधिभित्रै गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।

यसरी थपिएको अवधिमा विशेष परिस्थिति वा अन्य मनासिब कारणले काम सम्पन्न हुन नसकेमा र त्यस्तो काम सम्पन्न हुने सुनिश्चितता देखिएमा थप आर्थिक भार नपर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक म्याद थप गर्न सक्छ । निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक वा परामर्शदाताको लापरवाही

वा निजकै कारणले समयमा काम सम्पन्न हुन नसकी म्याद थप गर्नु परेमा निर्णय भएको मितिदेखि काम सम्पन्न नगरेसम्म निजहरु नयाँ खरिद कार्यमा सहभागी हुन नसक्ने व्यवस्था समेत रहेको छ । यसरी म्याद थप गरिएको व्यहोरा सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्ने र कार्यालयले निजहरुलाई नयाँ खरिद कार्यमा सहभागी हुन रोक लगाएको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । म्याद थपको कारबाही प्रक्रिया समयमा नटुङ्ग्याउने र म्याद थप भएका निर्माण कार्यको दैनिक कार्य प्रगतिको अनुगमन, मूल्याङ्कन र कारबाही समयमै नगर्ने सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानुनबमोजिम कारबाही हुने व्यवस्था समेत गरिएको छ । यस प्रावधान अनुसार म्याद थप नभएमा सम्झौता अन्त्य गर्नुपर्छ ।

दाबी

खरिद सम्झौता कार्यान्वयनको क्रममा देखिएका अवस्था (Event) ले अतिरिक्त भुक्तानी गर्नुपर्ने अवस्था (Compensation Events) ले दावी (Claims) को अवस्था आउन सक्छ । यसका लागि समयमा नै सूचना (Early warning) दिएको हुनुपर्छ । यसका लागि निर्माणस्थलको व्यवस्था नहुने, ड्रइङ डिजाइन र स्पेसिफिकेसन प्राप्त नहुने, अवधि थप तथा नाँपजाँच एवं भेरिएसन आदेश स्वीकृतिमा ढिलाई, भुक्तानीमा ढिलाई, निकायको निर्देशन कार्यान्वयन गर्दा लाग्ने लागत आदिले दाबी सिर्जना गर्दछन् । दाबी गर्नु परेमा निश्चित अवधिमा सूचना दिनुपर्छ तथा इन्जिनियरले सूचनाको समयमै विश्लेषण गर्नुपर्दछ । सम्झौतामा निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले विशेष दाबी, खरिद कार्यसम्पादन गर्दा उत्पन्न भएको वा हुने तेस्रो पक्षप्रतिको निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताको दायित्व र खरिद सम्झौताको सम्पादन गर्दा तेस्रो पक्षका सम्बन्धमा निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले व्यहोरेको तर सार्वजनिक निकायसँग दाबी नगरेको र समयमा जानकारी नभएको दायित्व सम्बन्धी शोधभर्नाको दाबी गर्न सक्छ ।

गुणस्तर नियन्त्रण

खरिद सम्झौतामा उल्लेख भएको स्पेसिफिकेसन र ड्रइङबमोजिम कार्य सम्पादन गर्नुपर्दछ । सम्झौता प्राप्त गर्नेले सम्झौतामा उल्लेख भएअनुसार गुणस्तर नियन्त्रणका प्रावधानको पालना गर्नुपर्छ । यसका लागि खरिद सम्झौतामा गुणस्तर नियन्त्रण, गुणस्तर सुनिश्चितता एवं गुणस्तर परीक्षण गर्ने व्यवस्था गरिएको हुन्छ । निकायले लागत अनुमान तयार गर्दा प्रचलित नर्म्सअनुसार गुणस्तर नियन्त्रणको लागि आवश्यक रकम समावेश गरेको हुन्छ । माल समान खरिदमा गुणस्तर परीक्षण, परामर्श सेवामा मस्यौदा प्रतिवेदन प्रतिवेदनको पुनरावलोकन एवं सार्वजनिक निर्माणमा प्रयोगशाला परीक्षण गर्नुपर्छ । प्रयोगशाला परीक्षण गर्दा तोकिएको संख्यामा गर्नुपर्छ । सम्झौता प्राप्त गर्नेले गुणस्तर आश्वस्तता योजना (Quality assurance plan) पेस गर्नुपर्ने र निकायले सो को पालनाको अनुगमन (Indentifying defect, Test, Correction) गर्नुपर्दछ ।

सम्झौताको अन्त्य

सम्झौताका पक्षले आ आफ्ना दायित्व वा कर्तव्य पूरा गर्नुपर्छ । सम्झौता गर्ने पक्षले सम्झौता अनुसारको दायित्व वा कर्तव्य पुरा गर्न नसकिने अवस्थामा आपसी सहमति (सुविस्ताको आधारमा) वा कुनै पक्षले सम्झौताको अन्त्य (Termination of Contract, ToC) गर्न सक्ने व्यवस्था गरिएको हुन्छ।

आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले सम्झौताको कार्य सम्पादन नगरेमा, आचरण पालना नगरेमा वा पेस्कीको दुरुपयोग गरेमा, निकायले सार्वजनिक हितको लागि सुविस्ताको आधारमा, आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले र काबुबाहिरको परिस्थितिमा सम्झौता अन्त्य गर्न सकिने व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्छ । त्यस्तै सम्झौता अन्त्य गर्दा स्वीकार्यरुपमा सम्पन्न भइसकेका कार्य, आपूर्ति वा सेवा बापत गर्नुपर्ने भुक्तानी बाँकी रहेको भए सोको भुक्तानी, सम्झौताबमोजिमको काम आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले नगरेको कारणबाट निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्चबापत निजले व्यहोर्नुपर्ने दायित्व, आपूर्तिकर्ता वा परामर्शदाता वा सेवाप्रदायक वा निर्माण व्यवसायीको कुनै त्रुटि (डिफल्ट) विना निकायले सम्झौता अन्त्य गरेको कारणले व्यहोर्नु परेको वास्तविक हानि नोक्सानीको रकमसहित वित्तीय फरफारक गर्ने र क्षतिपूर्ति दिने सम्बन्धी व्यवस्था समेत गर्नुपर्छ ।

निकायसँग सम्झौता गर्नेले सम्झौताबमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निकायले सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्छ । यसरी अन्त्य भएमा राखेको जमानत जफत हुने तथा सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न आवश्यक रकम सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गरिन्छ ।

निकायले सम्झौता अन्त्य गर्न सके पनि सम्झौता गर्नेले निकायलाई पूर्व जानकारी नदिई सम्झौता तोड्न नपाउने व्यवस्था रहेको छ ।

सम्झौतामा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकले खरिद सम्झौताको उल्लंघन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार उल्लेख गरेको हुनुपर्छ । यस अन्तर्गत त्रुटिपूर्ण कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट प्रतिस्थापन गर्न लगाउने, समयमा कार्यसम्पादन हुन नसके बापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिमको काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने, आनुषाङ्गिक क्षतिपूर्ति भराउने र प्रचलित कानुन वा सम्झौताबमोजिम उपलब्ध हुने अन्य उपचार लिन सक्छ ।

अन्त्य भएको सम्झौताको खरिद व्यवस्था

खरिद सम्झौता अन्त्य भई त्यस्तो सम्झौताबमोजिमको बाँकी कार्य पूरा गर्नका लागि शुरुमा बोलपत्र मूल्याङ्कनबाट छनौट भएका बोलपत्रदाताहरुमध्येबाट पन्ध्र दिनको म्याद दिई सिलवन्दी आर्थिक प्रस्ताव मात्र माग गरी सम्झौता गर्न सकिन्छ । यस्तो आर्थिक प्रस्ताव माग गर्नु अघि एक तह माथिको अधिकारीबाट स्वीकृति लिनुपर्छ । यसरी आर्थिक प्रस्ताव निर्माण कार्यका लागि माग गरिएको खुला बोलपत्रको माध्यमबाट भएको सम्झौतामा मात्र लागू हुन्छ । यो प्रक्रियाबाट खरिद सम्झौता हुन नसकेमा सार्वजनिक खरिद कानुन बमोजिमको खरिद प्रक्रिया अवलम्बन गरी खरिद कारबाही शुरु गर्नुपर्छ । यस्तो खरिद गर्न बोलपत्र सम्बन्धी कागजात तयार गर्दा खरिद सम्झौता अन्त्य हुँदाको समयसम्म डिजाइन वा लागत अनुमानअनुरुप सम्पन्न भइसकेको कार्यहरु कट्टा गरी बाँकी कामको लागि आवश्यकताअनुसारको डिजाइन वा लागत अनुमान परिमार्जन गराई मालसमान, निर्माण कार्य र सेवाको विवरण स्वीकृत भएको हुनुपर्छ । यस प्रयोजनका लागि

माग भएको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन समितिबाट बोलपत्रको आर्थिक पक्ष र निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गरी न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नुपर्छ ।

सुविस्ताको आधारमा सम्झौता अन्त्य

सम्झौतामा उल्लेख भएअनुसार निकायले सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य (Termination by Convenience) गर्न सक्छ । यसरी अन्त्य भएमा निकायले अन्त्य हुनुभन्दा अघि सम्पन्न भएको बाँकी रहेको भुक्तानी, कुनै खर्चको भुक्तानी शोधभर्नाको रुपमा दिने व्यवस्था भएकोमा वास्तविक रुपमा भएको त्यस्तो खर्च, सम्झौताअन्तर्गत निकायको लागि विशेष रुपमा बनाइएका मालसामानको मूल्य, गुमेको नाफा र सम्झौता अन्त्य गर्दा लागेको खर्च, स्वीकार्य रुपमा सम्पन्न भइसकेको कार्य, आपूर्ति वा सेवा बापत गर्नु नें भुक्तानी बाँकी भए सो रकम, सम्झौताअनुसार निकायको लागि उत्पादन गरेका मालसामानको मूल्य, निर्माणस्थलमा ल्याइएका निर्माण सामग्री, निर्माणस्थलबाट उपकरण हटाउन लाग्ने मनासिब खर्च, निर्माणकार्यमा लगाइएका विदेशी कर्मचारीको स्वदेश फिर्ती खर्च र आवश्यक भए निर्माण कार्यको संरक्षण र सुरक्षा खर्चबापतको रकम भुक्तानी गर्नुपर्छ । यसरी भुक्तानी दिंदा पेस्की बाँकी भएमा पेस्की कटाई भुक्तानी दिनुपर्छ।

निकायले सार्वजनिक हितको लागि सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न दिएको सूचना आपूर्तिकर्ताले प्राप्त गरेको मितिले सात दिनभित्र सिपमेन्टको लागि तयार हुने र तयार भएका मालसामान त्यस्तो सम्झौताका शर्त र मूल्यमा स्वीकार गर्नुपर्छ तथा मालसामान बाहेक अन्य सामानको सम्बन्धमा निकायले मालसामानको कुनै अंश पूरा गराई सम्झौतामा उल्लिखित शर्त र मूल्यमा प्राप्त गर्ने वा बाँकी रहेका मालसामानको आपूर्ति आदेश रद्द गर्ने र आपूर्तिकर्ताले आंशिक रुपमा तयार गरेको मालसामान वा सेवा र सम्झौता अन्त्य हुनु अगावै आपूर्तिकर्ताले खरिद गरेको सामग्री वा पार्टपुर्जाबापत आपसी सहमतिबाट मन्जुर गरिएको रकम निजलाई भुक्तानी गर्न सक्छ ।

कार्य स्वीकार प्रतिवेदन

निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य, प्राप्त भएको मालसामान वा सेवाको विवरण, निर्माण कार्य सम्पन्न भएको वा मालसामान वा सेवा प्राप्त भएको मिति एवं सम्पन्न निर्माण कार्य, प्राप्त मालसामान वा सेवा स्वीकृत भएको मितिसमेत खुलाई प्रतिवेदन तयार गर्नुपर्छ । यस्तो प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीको लागि लेखी पठाउनुपर्छ । तर निर्माण गरिएको संरचनाको उद्देश्यअनुरुप सञ्चालन गर्न उपयुक्त भए नभएको सम्बन्धमा उपयुक्तता परीक्षण गरी प्रमाणित नभएसम्म कार्य स्वीकार गर्नु नहुने व्यवस्था रहेको छ ।

पेस्की भुक्तानी

सार्वजनकि निकायले सम्झौतामा भएको व्यवस्थाअनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट पेस्की रकम खाम्ने गरी एवं सम्झौताबमोजिम काम नगरेमा निकायको अनुरोधमा तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैङ्कबाट जारी भएको एवं विदेशी बैङ्कले जारी गरेकोमा नेपालको वाणिज्य बैङ्कले

प्रति प्रत्याभूति (काउन्टर ग्यारेण्टी) गरेको बैङ्क जमानत लिई सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पहिलो पटकमा स्वीकृत पेस्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा पेस्की दिन सक्छ । यस्तो जमानतको मान्य अवधि सम्झौताको पेस्की फस्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्छ । यस्तो पेस्की खरिद कार्यको प्रगति ३० प्रतिशत भएपछि रनिङ बिल वा अन्य बिल बीजकबाट कट्टा गर्न शुरु गरी सम्झौताको ८० प्रतिशत अवधि समाप्त हुँदा फस्यौंट गरी सक्नुपर्छ ।

आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले पहिलो पटक पेस्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नुपर्छ । पेस्की रकम सम्झौता कार्यको लागि अलग बैङ्क खातामार्फत भुक्तानी हुने र खर्च भएको प्रयोजनको विवरण उपलब्ध गराउनुपर्ने तथा सम्बन्धित काममा प्रयोग भएको नपाइमा अग्रिम बैङ्क जमानत जफत हुने व्यवस्था रहेको छ ।

आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकले सम्झौतामा उल्लिखित समयावधिभित्र कार्य सम्पादन नगरेको कारणले पेस्की फस्यौंट हुन नसकेमा बैङ्क जमानतको रकम प्राप्त गरी तथा पेस्कीको सयकडा दश प्रतिशत ब्याजसमेत असुलउपर गरी पेस्की फस्यौंट गर्नुपर्छ । प्रतितपत्रद्वारा मालसामान झिकाउँदा मालसामान कार्यालयमा प्राप्त भएको तीस दिनभित्र पेस्की फस्यौंट गर्नुपर्ने र आपूर्तिकर्ताबाट मालसामान उपलब्ध हुन नसकेकोमा वा मालसामान उपलब्ध गराउन निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा प्रतितपत्र रद्द गरी बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई पेस्की फस्यौंट गर्नुपर्छ ।

बीजक भुक्तानी

खरिद सम्झौता भएपछि सम्झौताका शर्तअनुसारका कार्य सम्पादन भएपछि सम्झौतामा उल्लेख भएको रकम भुक्तानी दिनुपर्छ । सम्झौताअनुसार भुक्तानी नगरेमा विवाद । सिर्जना भई दाबीको अवस्था समेत आउन सक्छ। निकायले सम्झौतामा भएको व्यवस्थाअनुसार बिल वा बीजकको भुक्तानी दिनुपर्छ । निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले भुक्तानीको लागि पेस गर्ने रनिङ बिल वा अन्य कुनै बिल बीजकमा बिल वा बीजकको मिति, आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताको नाम ठेगाना, खरिद सम्झौता, आपूर्ति गरिएको मालसामान वा सेवाको विवरण वा सम्पन्न भएको निर्माण कार्यको नाप, आकार, परिमाण र मूल्य, सिपमेन्ट तथा भुक्तानीको शर्त, खरिद सम्झौता बमोजिम बिल वा बीजक साथ पेस गर्नु पर्ने आवश्यक कागजात, मालसामानको खरिदको हकमा बिल वा बीजकसाथ खरिद आदेश, खरिद सम्झौता वा बोलपत्र स्वीकृति पत्रमा दिइएको निर्देशन बमोजिम सार्वजनिक निकायले तोकेको ढाँचाको सिपिङ्ग वा अन्य आवश्यक कागजात र आफ्नो सम्पर्क ठेगाना उल्लेख गर्नु पर्छ । यस अनुसार बिल वा बीजक प्राप्त भएपछि निकायले सो बिल वा बीजक सम्झौतामा उल्लिखित प्रावधान बमोजिमको भए नभएको जाँच गरी सो अनुरुपको नभएमा सोको जानकारी सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई तुरुन्त दिनुपर्छ ।

निकायले भुक्तानी गर्दा सम्झौताका शर्तबमोजिम मासिक आधारमा, प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा, सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकाङ्क तोकिएकोमा त्यस्तो सूचकाङ्क प्राप्त भएपछि र त्यस्तो सूचकाङ्क नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा, हस्तान्तरण गरिएको वा पूरा गरिएको कार्यको परिमाणको आधारमा र रनिङ

विल वा प्रतितपत्रको शर्तको आधारमा विल वा बीजकको भुक्तानी दिनु पर्छ । यसका लागि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताले सम्झौताबमोजिम आवश्यक पर्ने कागजात पेस गर्नुपर्छ । यसरी पेस भएको रनिङ बिल वा अन्य कुनै बिल बीजक र कागजात सम्बन्धित अधिकारीले ३० (तीस) दिनभित्र स्वीकृत गरी सम्झौताअनुसार बिल वा बीजकको भुक्तानी गर्नुपर्छ । निकायले भुक्तानी सम्झौतामा उल्लिखित अवधिभित्र दिनुपर्ने र सो अवधिभित्र भुक्तानी नदिएमा सम्झौताबमोजिमको ब्याजसमेत भुक्तानी गर्नुपर्छ । आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैंयाँभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्छ ।

अन्तिम भुक्तानी

सम्झौताबमोजिम सम्पन्न भएको कार्य निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्तबमोजिम अन्तिम भुक्तानी दिनुपर्छ । यसरी भुक्तानी दिँदा निर्माण कार्यको हकमा त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नुपर्छ । रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेको प्रमाण कागजात पेस गरेपछि भुक्तानी दिनुपर्छ । तर त्रुटि सच्चाउने अवधिभित्र निर्माण व्यवसायीले त्रुटि नसच्याएमा निकायले रिटेन्सन मनी वा जमानत बापतको रकम प्रयोग गरी त्रुटि सच्याउन सक्छ ।

मालसमान खरिद सम्झौताअन्तर्गत भुक्तानी गर्दा सामान्यतया आपूर्तिकर्ताले मालसमान उपलब्ध गराएको कागजात पेस भएपछि, प्रतितपत्रको माध्यम वा बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित माध्यम बमोजिम गर्नुपर्छ ।

भुक्तानीबाट कट्टी वा सच्याउने

निकायले भुक्तानी गर्दा रिटेन्सन मनीबापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्छ । सम्झौतामा भुक्तानीको निश्चित रकम वा प्रतिशत छुट दिने कुरा उल्लेख गरिएको अवस्थामा छुट रकम कट्टा गरेर मात्र भुक्तानी दिनुपर्छ । निकायले सम्झौतामा अघिल्लो कुनै रनिङ बिल वा अन्य कुनै बिल बीजकमा लेखिएका कुरा कुनै कारणवश वा भूलवश लेखिन गई भुक्तानी रकम सच्याउनुपर्ने भएमा निकाय आफैंले वा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताको अनुरोधमा त्यस पछिका रनिङ बिल वा अन्य कुनै बिल बीजकमा त्यस्तो भुक्तानी रकम सच्याउन वा हेरफेर गर्न सकिने र आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताले सम्झौताको शर्तबमोजिम कार्यसम्पादन नगरेमा रनिङ बिल वा अन्य कुनै बिल बीजकबमोजिमको भुक्तानी नदिन वा काट्न सक्ने व्यवस्था गर्न सक्छ ।

क्षतिपूर्ति र बोनस

सम्झौतामा उल्लेख भएको सम्पन्न गर्नुपर्ने प्रस्तावित अवधिभित्र कार्य सम्पन्न नगरेमा पहिलो पक्षलाई दोस्रो पक्षले क्षतिपूर्ति (Liquidated Damage, LD) भुक्तानी दिनुपर्छ भने अवधि समाप्त हुनु अगाडि सम्पन्न गरेमा दोस्रो पक्षलाई पहिलो पक्षले पुरस्कार (Bonus) दिनुपर्छ । यस्तो क्षतिपूर्ति तथा बोनस गणना गर्दा

सम्झौतामा उल्लेख भएको सम्पन्न गर्नुपर्ने अवधि र यथार्थमा सम्पन्न भएको अवधि विच दिन गन्ती गरि गर्नुपर्छ र सामान्यतया सम्झौता रकमको निश्चित प्रतिशतभन्दा बढी नहुने गरी सम्झौतामा व्यवस्था गरिएको हुन्छ । आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दशमलब शून्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्छ । साथै पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायी सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था रहेको छ ।

सम्झौतामा तोकिएको अवधिभन्दा अघि काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई निकायले पुरस्कार दिन सक्छ। यसरी दिइने पुरस्कारको रकम निर्धारण गर्दा सम्झौतामा तोकिएको समयभन्दा जति दिन अघि कार्य सम्पन्न भएको हो त्यति दिनका लागि सम्झौतामा तोकिएको अवधिभित्र काम सम्पन्न गर्न नसके बापत दैनिक रुपमा जति रकम निकायलाई पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने रकम बराबर हुने गरी गर्नुपर्छ र पुरस्कारको कुल रकम सम्झौता रकमको दश प्रतिशतभन्दा बढी नहुने व्यवस्था रहेको छ ।

कार्य सम्पन्न प्रतिवेदन

सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा निकायमा पेस गर्नुपर्छ । सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौताबमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि (Defect Liability Period, DLP) समाप्त नहुँदै कुनै त्रुटि देखिएमा निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्छ । यस्तो दाबी गर्दा निकायले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्नुपर्ने र सो अभिलेखको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई गराउनुपर्ने एवं कार्यालयको विद्युतीय खरिद प्रणाली, वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नुपर्छ ।

निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसनबमोजिम भए नभएको भनी प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनुपर्ने र यस्मा अभिलेख समेत संलग्न गर्नुपर्छ । निर्माण व्यवसायीले पेस गरेको निर्माण भएबमोजिमको नक्सा र प्राविधिकले पेस गरेको कार्य सम्पन्न प्रतिवेदन निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्छ । निज अधिकारीले आवश्यक देखेमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमा आफैंले जाँचबुझ गर्न वा कुनै प्राविधिक कर्मचारी वा प्राविधिक कर्मचारीहरुको टोली मार्फत जाँचबुझ गराउन सक्ने र जाँचबुझ गर्दा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसनबमोजिम भएको पाइएमा निर्माण कार्य स्वीकृत गर्नुपर्छ । तर कार्य सम्पन्न प्रतिवेदन पेस भएको मितिले पैंतालीस दिनभित्र जाँचबुझ गर्ने कार्य सम्पन्न नभएमा निर्माण कार्य स्वतः स्वीकृत भएको मानिन्छ । कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि निकायले निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र (वर्क कम्प्लीसन सर्टिफिकेट) दिनुपर्छ ।

विवाद समाधान

खरिद सम्झौता कार्यान्वयनको क्रममा सम्झौताका पक्षहरुबीच विवाद देखिएमा सोको समाधान गर्नुपर्दछ । सार्वजनिक निकाय र निर्माण व्यवसायी आपूर्तिकर्ता, सेवाप्रदायक वा परामर्शदाताबीच सम्झौता कार्यान्वयनको सिलसिलामा उत्पन्न हुने कुनै विवाद आपसी सहमतिबाट समाधान (Dispute Settlement) गर्नुपर्छ । तर आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा सम्झौतामा उल्लेख भएअनुसार प्रचलित कानुनबमोजिम मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्नुपर्छ । आपसी सहमतिबाट विवाद समाधान गर्नुपर्ने विषय, विवाद समाधानको लागि निवेदन दिने प्रक्रिया, आपसी सहमतिको लागि हुने बैठक तथा निर्णयहरूको प्रक्रिया सम्झौतामा उल्लेख गरी सोहीअनुसार विवाद समाधान गर्नुपर्छ । सम्झौता कार्यान्वयनमा उत्पन्न भएको विवाद आपसी सहमतिबाट समाधान हुन नसकेमा मध्यस्थको माध्यमबाट समाधान गर्ने कारबाही शुरु गर्नुपर्छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयको भूमिका

सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरी काम, कर्तव्य र अधिकार तोकिएको छ । कार्यालयले सार्वजनिक खरिदको अनुगमन, खरिद सम्बन्धी गुनासा व्यवस्थापन, सार्वजनिक खरिद सम्बन्धमा क्षमता विकास र तालिम सञ्चालन, राय परामर्श प्रदान, कालोसूचीको कारबाही, विद्युतीय खरिद प्रणाली सञ्चालन, सार्वजनिक खरिद पुनरावलोकन तथा अनुगमन तथा निरीक्षण गर्ने जस्ता कार्य सम्पादन गर्दै आएको छ । यसका लागि कार्यालयले सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (Public Procurement Management Information System, PPMIS) कार्यान्वयनमा ल्याएको छ ।

कार्यालयले कार्यान्वयनमा ल्याएको विद्युतीय खरिद प्रणालीभित्र सम्झौता कार्यान्वयन गर्न कार्यतालिका (Work schedule) अद्यावधिक गर्ने, प्रगति विवरण तयार गर्ने, बुझाउने तथा स्वीकार गर्ने, अन्तरिम बिल बुझाउने तथा सोको भुक्तानी, भेरिएसन आदेश र म्याद थप, कार्यसम्पन्न प्रतिवेदन, अन्तिम प्रतिवेदन, विवाद व्यवस्थापन (Dispute Management) को प्रविष्ट गर्न Contract Management Module समेत समावेश गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्ययन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रुग्ण ठेक्काको ब्यवस्थापन तथा विश्लेषण प्रतिवेदन (रुग्ण ठेक्काको अध्ययन तथा विश्लेषण, २०७५ को दोस्रो भागको रुपमा रुग्ण ठेक्काहरुको मौजुदा अवस्थाको विवरण समेत समावेश गरिएको अद्यावधिक प्रतिवेदन) २०७६ माघअनुसार २०७५ पुसमा रु.१ खर्ब ३५ अर्ब २ करोडका १ हजार ८४८ वटा ठेक्कालाई रुग्ण ठेक्काका रुपमा पहिचान गरेकोमा २०७६ पुससम्म रु.४७ अर्ब ३ करोडका ६१८ वटा सम्पन्न तथा रु.१ अर्ब ५६ करोडका २८ वटा ठेक्का अन्त्य भई रु.८६ अर्ब ४४ करोडका १ हजार २०२ वटा ठेक्का क्रमागत रहेको देखिन्छ । सो प्रतिवेदनअनुसार क्रमागत रहेका ठेक्काहरुको मन्त्रालयगत विवरण निम्न रहेको छ ।

(रकम रु. करोडमा)

क्र.सं	मन्त्रालय वा निकाय	२०७५ पुष		२०७६ पुष			
		ठेक्का संख्या	रकम	ठेक्का संख्या	रकम	रुग्ण ठेक्कामध्ये	
						म्याद समाप्त भएका	म्याद समाप्त भएका ठेक्काको सम्झौता रकम
१	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत	९०६	२२२३	७०१	१८११	६९९	१८०३
२	शहरी विकास मन्त्रालय अन्तर्गत	४४२	६९३	२९३	४३४.५	२८३	३२९.५
३	उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत	३२६	७२६३	१७३	४३८६	१४१	१८५६
४	संस्कृति पर्यटन तथा नागरिक उडड्यान मन्त्रालय अन्तर्गत	३७	७२७	७	६८७	६	६५
५	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत	२३	१५४६	४	११४३	०	०
६	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत	९७	६६०	२३	१०१	२३	१०१
७	खानेपानी मन्त्रालय अन्तर्गत	१७	३९०	१	८१	१	८१
	जम्मा	१८४८	१३५०२	१२०२	८६४३.५	११५३	४२३५.५

लेखापरीक्षणका नतिजा

नेपालको स्रविधान बमोजिम महालेखापरीक्षकले लेखापरीक्षण गरी पेस गरेको ५७ औं प्रतिवेदनमा नेपालमा सार्वजनिक खरिदसम्बन्धी सम्झौंता कार्यान्वयन सम्बन्धमा उल्लेख गरेका केही महत्वपूर्ण व्यहोराहरु निम्न रहेका छन्:

१. विभिन्न मन्त्रालय मातहतका १०३ इकाईअन्तर्गत म्याद थप भएका २० हजार १२५ ठेक्काको विश्लेषण गर्दा ९ हजार ३५९ ठेक्कामा शुरु सम्झौताको ५० प्रतिशतसम्म, ४ हजार ५४० ठेक्कामा शुरु सम्झौताको ५१ देखि १०० प्रतिशतसम्म र ६ हजार २२६ ठेक्कामा शुरु सम्झौताको शतप्रतिशतभन्दा बढी म्याद थप गरेको छ ।

२. पुरातत्व विभागले सम्पदा पुनः निर्माण कार्यका १७ ठेक्कामा रु.१५ करोड ४० लाख ८१ हजारको खरिद सम्झौता गरेकोमा रु.११ करोड ६७ लाख १० हजार (न्यूनतम ४६ प्रतिशतदेखि अधिकतम ८५ प्रतिशत सम्म र समग्र ७६ प्रतिशत) भुक्तानी दिई ठेक्का अन्त्य गरेको छ ।

३. सिक्टा सिँचाइ आयोजनाको नहर निर्माण गर्ने निर्माण व्यवसायीले कार्य सम्पादन नगरेको भनी सम्झौता अन्त्य गरी कालोसूचीमा राखेकोमा बाँकी काम गर्न लाग्ने थप रकम, जफत भएको पेस्कीको ब्याज, प्रथम रनिङ बिलअनुसार भएको कामको त्रुटि सच्याउन लाग्ने रकम, आयोजनाले गुमाएको प्रतिफल, निर्माण भएका संरचा भत्काउन लाग्ने लागत, साइट सफा गर्न लाग्ने लागत, मध्यस्थर्ता तथा कानुन व्यवसायीको शुल्कसमेत रु.१ अर्ब १३ करोड ११ लाख असुल गरेको छैन भने उक्त कामको सुपरिवेक्षण गर्न नियुक्त परामर्शदातालाई भुक्तानी भएको रु.१ करोड २६ लाख ३३ हजार उपयोगविहीन देखिएको छ ।

४. सडक विभाग अन्तर्गतका २६ कार्यालयले ४५ निर्माण व्यवसायीलाई नपाउने मूल्य समायोजन रु.६७ करोड ८६ लाख २८ हजार भुक्तानी गरेको छ ।

५. मेलम्ची खानेपानी विकास समितिअन्तर्गतको एक निर्माण व्यवसायीले निर्माणस्थल छाडी गएकोले सोसँग भएको खरिद सम्झौता अन्त्य गर्दा निर्माणस्थलमा छाडेका उपकरण, निर्माण सामग्री र सम्पन्न कामको मूल्याङ्कन गरेको छैन । निर्माण नगरेको काम गर्न अर्को सम्झौता गर्दा लागेको थप लागत रु.४६ करोड ५७ लाख, कट्टा नगरेको रकम रु.४९ करोड ५ लाख, पेस्की रु.१९ करोड ६२ लाख तथा अन्य आपूर्तिकर्ता र सेवा प्रदायकलाई भुक्तानी गर्न बाँकी रकम असुल गरी कालोसूचीमा राखेको छैन ।

६. काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजनाअन्तर्गत ३८ कि.मि. खण्ड सडक निर्माण गर्न रु.९३ करोड ८२ लाख ४ हजारको सम्झौता गरेकोमा ३१.९८ प्रतिशत घटाई सम्झौता रकम रु.६३ करोड ८१ लाख ९७ हजार कायम गरेको छ । सो भेरिएसन आदेश नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराउनुपर्नेमा आयोजनाबाट स्वीकृत गरेको छ ।

त्यस्तै संघ, प्रदेश र स्थानीय तहका निकायहरुबाट प्रशारण लाइन निर्माणमा ढिलाई, डिजाइन परिवर्तन, मूल्य समायोजन, अधुरा कार्य वा आयोजना, सम्पदा पुनः निर्माण, विद्यालय पुनः निर्माण सम्बन्धमा विभिन्न ब्यहोराहरु उल्लेख भएका छन ।

सार्वजनिक खरिदको लेखापरीक्षण गर्दा डिजाइन एवं लागत अनुमान यथार्थपरक नरहेको, ठेक्का व्यवस्थापनभन्दा पहिले वातावरणीय अध्ययन, जग्गा प्राप्ती एवं साइट क्लियरेन्स लगायतका पूर्व तयारीका कार्य नगरेको, निर्माण क्षमता विश्लेषण नगरेको, खरिदका नबीनतम विधिको प्रयोग नगरेको, ठेक्काको म्याद थप गर्दा थप हुने व्ययभार र सेवाग्राहीले समयमा सेवा सुविधा नपाएको सम्बन्धमा विश्लेषण नगरेको खरिद सम्झौता बमोजिमको काम सम्पन्न नगरी ठेक्का फरफारक गरेको जस्ता कमी कमजोरीहरु पहिचान गरी यस्को समाधान गर्न योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्धतिको स्थापना गर्ने, प्रतिस्पर्धालाई सीमित गर्नेगरी स्लाईसिङ्ग र प्याकेजिङ्ग गर्ने र निश्चित ब्राण्डसँग मात्र मिल्ने गरी स्पेशिफिकेशन तयार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै बोलपत्रमा हुने मिलोमतो न्यूनीकरण गर्ने व्यवस्था गर्नुपर्दछ । डिजाइन एण्ड विल्ट, इन्जिनियरि—प्रोक्योरमेन्ट—कन्स्ट्क्सन (ईपीसी), फ्रेमवर्क एग्रीमेन्ट, क्याटलग सपिङ्ग लगायतका महत्वपूर्ण खरिद विधिसँग बोलपत्र सम्बन्धी कागजातको नमुना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । निर्माण व्यवसायीको क्षमता मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्ने, संयुक्त उपक्रमका प्रत्येक फर्महरुलाई काम प्रति जबाफदेही बनाउने नीति लिनुपर्ने, उपभोक्ता समितिबाट निर्माण कार्य गराउने प्रक्रियालाई थप व्यवस्थित गर्ने, संरचनात्मक करार सम्झौता, बिषेश परिस्थितिको खरिद लगायतका विषयहरुलाई थप स्पष्ट पार्दै खरिद कानुनमा रहेको द्विविधा र जटिलतामा आवश्यकताअनुसार सुधार गर्दै जानुपर्दछ । खरिद कानुनी प्रक्रियाको पूर्ण पालनाको लागि नियमक निकायले अनुगमनको दायरा बढाउनुपर्ने, खरिद प्रक्रियामा संलग्न जनशक्तिको क्षमता विकास गर्नुपर्ने जस्ता सुझाव दिएको पाइन्छ ।

विद्यमान कमी कमजोरी

नेपालको सार्वजनिक खरिद कानुनमा स्पष्ट व्यवस्था गरिएको भएपनि सार्वजनिक निकाय एवं निर्माण व्यवसायी, आपूर्तिकर्तामा ज्ञान सीपको कमी, निर्माण व्यवसायीले कार्यतालिका अनुसार काम नगरेको अवस्थामा पनि कुनै कारबाही नहुने, सम्झौताका शर्त पालना नगर्ने, पूर्व तयारी बिना (विस्तृत आयोजना प्रतिवेदन

तयारी, वातावरणीय प्रभाव मूल्याङ्कन, निर्माणस्थलको व्यवस्था) र बजेट एवं स्रोतको सुनिश्चितता नभई खरिद कारबाही गरी सम्झौता गर्ने, खरिद सम्झौताका सबै किसिम (मालसमान वा अन्य सेवाका ५, निर्माण कार्यका १० र परामर्श सेवाका ५ गरी २० किसिम) को नमूना बोलपत्रसम्बन्धी कागजात तयार नभएको, अवधि थप गर्दा निर्माण व्यवसायीका कारणहरुको विश्लेषण नहुने, कार्यतालिकाअनुसार प्रगति नगरेको भनी पत्राचार गर्ने तथा पत्रिकामा सूचना प्रकाशन गर्ने तर पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी अवधि थप गर्ने, सम्झौता कार्यान्वयनका लागि बजेटको व्यवस्था नहुनाले भएको कामको भुक्तानी दिन नसक्ने, बजेट नभएपछि काम नगर्ने वा बजेटले खामे जति काम गर्ने, दातृ संस्थाको रकम उपयोग गर्न नसक्ने, निर्माण व्यवसायीले क्षमताभन्दा बढीको सम्झौता गर्ने तर अनेक बाहाना देखाई काम सुचारु नगर्ने, सम्पन्न नगर्ने, निकाय तथा पदाधिकारीको भूमिका कमजोर जस्तै बजेटको व्यवस्था, सुपरिवेक्षण, कार्यतालिका पालना, गुणस्तर परीक्षण, तालुक कार्यालयबाट अनुगमन नगर्ने, निकायले सम्झौता गर्नुलाई प्रगति मान्ने समस्या देखिएका छन । त्यस्तै वन, खानेपानी, विद्युत, टेलिफोन जस्ता निकायबीच समन्वय नहुने, सार्वजनिक निकायले अनुगमन नगर्ने, सक्रियता कम देखाउने, समयमा साइट उपलब्ध नगराउने तथा म्याद थप लगायतका निर्णय नगर्नाले भेरिएसन, मूल्य समायोजन, दाबी आउने, गुणस्तर नियन्त्रण कमजोर, प्रयोगशाला परीक्षण गर्न सार्वजनिक निकायमा प्रयोगशाला नभई निर्माण व्यवसायीको प्रयोगशाला वा कर्मचारी प्रयोग गर्ने, प्राविधिक परीक्षण हुने संख्या कम रहेको एवं प्रतिवेदनमा उल्लेख भएका ब्यहोरा कार्यान्वयनको अनुगमन नहुने तथा राष्ट्रिय सर्तकर्ता केन्द्रमा गुणस्तर जाँच गर्न प्रयोगशाला नरहेको, भेरिएसन तथा मूल्य समायोजन, समयमा काम नगर्दा पनि खरिद सम्झौताको अन्त्य गरी जमानत जफत एवं थप कार्यको लागत असुल नगर्ने र पेस्कीको अनुगमन नहुने, निर्माण सामग्री खरिद गर्न लिएको पेस्की अन्यत्र प्रयोग गर्ने, कानुनमा संशोधन गर्दा विश्लेषण नगर्ने, विद्युतीय खरिद प्रणालीमा सम्झौता व्यवस्थापनलाई प्रविष्ट नगर्ने जस्ता कमी कमजोरीहरु देखिएका छन।

सुधारका उपाय

नेपालको सार्वजनिक खरिदमा रहेका यस्ता कमी कमजोरीहरु हटाउन निकायको कार्यबोझ अनुसार प्राविधिक जनशक्तिको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गर्ने, खरिद कारबाही शुरु गर्नु अघि खरिद पूर्वका सबै कार्य सम्पन्न गरी बजेटको सुनिश्चितता कायम गर्ने, डिजाइन तयारीमा पर्याप्त अध्ययन गर्ने, निकायले सम्झौता कार्यान्वयन तालिका पेस गर्न लगाई निकायले गर्नुपर्ने सबै कार्यहरु समयमा गरिदिने तथा गर्नुपर्ने निर्णयहरु समयमा गर्ने, सबै कागजातहरुको अभिलेख व्यवस्थित गरी म्याद नाधेमा तुरुन्त जानकारी दिने वा दावी गर्ने, निकाय एवं तालुक निकायबाट जिम्मेवार व्यक्ति किटान गरी सम्झौता कार्यान्वयनको निरन्तर अनुगमन एवं प्रगति समीक्षा गरी देखिएका समस्याको सम्झौताको प्रावधान तथा कानुन अनुसार समयमा समाधान गरिदिने, सम्झौताका व्यवस्था पालना नगर्नेलाई समयमै कारबाही गरी आवश्यकता अनुसार सम्झौताको अन्त्य गरी थप कार्य गनै लागेको लागत असुल गर्ने, गुणस्तरमा सुनिश्चितता कायम गर्न गुणस्तर आश्वस्तता योजनाको कार्यान्वयन गरी गुणस्तर नभएका कार्य अस्वीकार गर्ने, पेस्की उपयोगको अनुगमन गरी दुरुपयोग गरेको पाइएमा कारबाही गर्ने, खरिद सम्झौताको अवधि थप गर्नुपर्ने अवस्थाको पर्याप्त विश्लेषण गरी निर्माण व्यवसायीको कारणले समयमा कार्य सम्पन्न नभएको भए पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने, भेरिएसन आदेश जारी गर्दा सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएका कार्यहरुको पर्याप्तता विश्लेषण गरी जिम्मेवारी पूरा नगरेको पाइएमा विभागीय कारबाही गर्ने, त्रुटि सच्याउने अवधिमा

विग्रेका कार्यको पुनः निर्माण गर्न लगाउने तथा निश्चित प्रकृतिका कार्यका लागि त्रुटि सच्याउने अवधि बढाउने, विवाद समाधान संयन्त्रमा प्रभावकारी बनाउन समयमा कागजातहरु उपलब्ध गराई समयमा निर्णय गराउने, सार्वजनिक खरिद कार्यालयबाट हुने खरिद अनुगमन बढाउने तथा सबै किसिमका खरिद सम्झौताका लागि नमूना बोलपत्रसम्बन्धी कागजात तयार गर्ने, विद्युतीय खरिद प्रणालीको अवलम्बन तथा आवश्यकता अनुसार सुधार गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

नेपालको खरिद कानुनमा खरिद सम्झौता कार्यान्वयनका सम्बन्धमा स्पष्ट व्यवस्था भएपनि विभिन्न कारणले समयमा सम्झौता अनुसारको काम सम्पन्न हुन नसकी कार्यमा समय र लागत वृद्धि भई रहेको छ। समयमा सम्पन्न नभएको कारण कार्यबाट लाभग्राहीले सेवा सुविधा पाउन नसकी निराशा बढ्न गएको छ । जसबाट राम्रा कामहरु पनि ओझेलमा पर्न गएका छन् । अतः नेपालको सार्वजनिक खरिद प्रणालीका कानुनी र नीतिगत व्यवस्था, संस्थागत संरचना, क्षमता विकास, समन्वय र सहकार्य, जवाफदेहिता र आचरण पालना, खरिद अनुगमन, व्यावसायिक वातावरण, विद्युतीय खरिद प्रणाली लगायतमा रहेका खरिद सम्झौता कार्यान्वयनसम्बन्धी कमी कमजोरीहरुमा सुधार गरी समयमा नै काम सम्पन्न गर्ने प्रणाली स्थापित हुनुपर्दछ।

सन्दर्भ सामग्री

१. आर्थिक कार्यविधि, सार्वजनिक खरिद तथा भ्रमण खर्चसम्बन्धी केही ऐन तथा नियमावलीको संग्रह, २०७७, कानुन किताब व्यवस्था समिति ।

२. महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन २०७७, महालेखापरीक्षकको कार्यालय ।

३. रुग्ण ठेक्काको व्यवस्थापन अध्ययन तथा विश्लेषण प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं, २०७६ माघ ।

४. सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन, २०७६।७७ सार्वजनिक खरिद अनुगमन कार्यालय ।

५. नेपालमा सार्वजनिक खरिद व्यवस्थापन (सिद्धान्त र व्यवहार), रमेशकुमार शर्मा तिम्सिना ।

६. सार्वजनिक निकायमा खरिदसम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारणसम्बन्धी मापदण्ड, २०७८, सार्वजनिक खरिद अनुगमन कार्यालय ।

नेपालको वित्तीय व्यवस्थापन सुधारको श्रृङ्खला र भावी कार्यदिशा



गोपीनाथ मैनाली
पूर्व महालेखा नियन्त्रक

विषय प्रवेश

आय र व्यय राजकीय व्यवस्थाका महत्वपूर्ण विषय हुन् । सार्वजनिक प्राप्ति र खर्चको हिसाब राख्ने र त्यसको आधारमा सरकारको वित्तीय जवाफदेहिताको परीक्षण गर्ने चलन पुरानो हो । पूर्वीय राज्य प्रणालीमा राजस्व र खर्चको विषयलाई निकै संवेदनशील रुपमा लिइन्थ्यो । राजाहरु सूर्योदयपछिको पहिलो दुई घण्टाको समय भारदारहरुसँग सरकारको राजस्व र खर्चको विषयमा गहन समीक्षा गरी विताउँथे भन्ने कौटिल्य, चाणक्य, मनु आदिका आलेखहरुमा पाइन्छ ।

पश्चिमी राज्य प्रणालीमा हेर्ने हो भने पनि सरकारी आय र व्ययलाई निश्चित प्रक्रियामा आवद्ध गरी हिसाब राख्ने, समीक्षा, मूल्याङ्कन र परीक्षण गर्ने गरिएको पाइन्छ । बेलायत तथा फ्रान्समा लामो समयसम्म भएको राजा र संसदबीचको मनमुटाव, द्वन्द्व र संघर्षको मुख्य विषय आय व्ययलाई व्यवस्थित गर्नेमा नै थियो । बेलायतमा नर्मन साम्राज्य (एघारौं शताब्दी) देखि राजकीय हिसाब राख्ने काम शुरु भएको पाइन्छ। त्यस समय राज्यका नगदी, जिन्सी, गरगहना, सुनचाँदी लगायतका अमूल्य धातुहरुको हिसाब राख्न विश्वासिला कर्मचारीलाई जिम्मा लगाइन्थ्यो । हिसाब राख्ने कर्मचारीले निश्चित समयको अन्तरालमा आफूले राखेका नगदी जिन्सी वस्तुहरुको हिसाब देखाइ राजाबाट विश्वास लिनु (परीक्षीत हुनु) पर्दथ्यो । बिग्रिए, नासिए, चोरिए हिसाब राख्ने नै जिम्मेवार हुन्थ्यो । यसरी हिसाब राख्ने कामलाई एकाउन्ट र हिसाब राख्ने व्यक्तिलाई एकाउन्टेन्ट भन्न थालियो र परीक्षीत हुने कामलाई एकाएन्टाविलिटी भन्न थालियो । पछिल्ला दिनहरुमा एकाउन्ट, एकाउन्टिङ् र एकाउन्टाविलिटीलाई नीति कानुनबाट व्यवस्थित गर्न थालियो र लेखा व्यवसायले प्रणालीको रुप पायो ।

राजकीय आय व्ययको हिसाब राख्ने काममा पूर्वीय राज्य प्रणालीमा इमान्दारी र आदर्शलाई महत्व दिइन्थ्यो भने पश्चिमी राज्यप्रणालीमा प्रक्रियालाई । तर दुबैको सार राज्यको आम्दानी र खर्चको हिसाबलाई दुरुस्त राखी जनविश्वास प्राप्त गर्नु थियो ।

नेपालमा वित्त प्रशासनको शुरुवात

वि.सं. २००७ अघि राणाका समयमा सरकारी आय व्यव (बजेट) सार्वजनिक हुने प्रथा नै थिएन। सरकारी आय व्ययको हरहिसाबको जानकारी सर्वसाधारणलाई दिनु न आवश्यक मानिन्थ्यो, न त्यस प्रकारको संरचना/प्रणाली नै थियो । सरकारको आय तोकिएका अड्डाहरुले खरदार गुणवन्तले विकास गरेका सामान्य बहीखातामा राख्ने गरिन्थ्यो भने खर्च लेख्ने कामचाँही 'दरबन्दी व्यवस्था' अनुरुप हुन्थ्यो । अड्डा, अदालत

लगायत सरकारी निकायमा वर्षभित्र खर्च गर्न पाउने रकमको कच्चावारी सहितको दरबन्दी सनद श्री ३ कमाण्डर इन चीफको छाप लागेपछि मुलुकी अड्डाले जारी गर्दथ्यो । त्यो सनद बर्षौं कायम रहन्थ्यो ।

बजेट प्रस्तुत गर्ने चलन वि.सं. २००८ मा शुरु भएपछि हरेक आर्थिक वर्ष खर्च हुने रकम निर्धारित हुन थाल्यो भने आम्दानीको आंकलन पनि हुनथाल्यो । आम्दानी र खर्चको हिसाब राख्न पनि लेखा स्रेस्ताको आवश्यक भयो। किनकी प्रत्येक आर्थिक वर्षको आय व्ययको जानकारी सार्वजनिक गर्न यथार्थ हिसाब आवश्यक भयो । खर्च र प्रतिवेदनमा एकरुपता पनि आवश्यक भयो । नियन्त्रण र आर्थिक अनुशासन झनै आवश्यक हुनेनै भयो। त्यसैले बजेट प्रणाली सुहाउँदो लेखा स्रेस्ता स्थापना गर्न साविकको बासिल बाँकी स्रेस्ता, स्याहा स्रेस्ता र फाराम स्रेस्ता हटाई नयाँ स्रेस्ता प्रचलनमा ल्याइयो ।

बजेट व्यवस्थाअनुरुप लेखा प्रणाली विकास गर्न करिब एकदशक लागेको देखिन्छ । बजेट प्रथा शुरुभएपछि नेपालमा विकास सहायता शुरु भयो । अमेरिकी सहायताका आयोजनाहरु सञ्चालन हुन थाले। सहायता आयोजनाहरुले व्यवस्थित हर हिसाब राख्नु पर्थ्यो। वि.सं. २०१६ मा लेखा प्रणाली सुधार गर्न सरकारलाई सुझाव दिन महालेखापाल (हालको महालेखा नियन्त्रकको काम गर्ने नेपाल सरकारको उपसचिव) को संयोजकत्वमा अमेरिकी सहायता नियोग (USOM), युएनडिपी र अर्थ मन्त्रालयको प्रतिनिधि रहेको एकाउन्ट्स कमिटी गठन गरियो । आ.व. २०१८।१९ मा एकाउन्ट्स कमिटीले नयाँ ढाँचाको स्रेस्ता प्रणाली विकास गरी कार्यान्वयनका लागि सरकारसमक्ष पेस गऱ्यो र आ.व. २०१९।२० बाट नयाँ स्रेस्ता प्रणाली लागू गरियो । तर नयाँ प्रणालीमा जान अभिमुखीकरण, तालिम तथा क्षमता विकास आवश्यक थियो, जसका लागि महालेखापालको कार्यालय आ.व. २०२४।२५ सम्म निरन्तर लागिरह्यो ।

बजेट प्रथा शुरु हुनुअघि कोष सङ्कलनको काम माल अड्डाहरुले गर्दथे भने कुमारी चोक अड्डा आर्थिक प्रशासनमा अहम् हैसियतमा थियो । दामकाम गर्ने अड्डा प्रमुखले 'आम्दानी खर्चको बहीखाता (स्रेस्ता) निर्धारित समयमा 'कुमारीचोक अड्डामा दाखिल गरी बही बुझाइ फरफारक लिउँला' भन्ने कबुलियत गर्नुपर्थ्यो। कबुलियतमा सहीछाप भएपछि सनद पाउँथे र त्यो दाखिलापछि मात्र नयाँ कार्यालयमा बहाली गर्न सकिन्थ्यो। कुमारीचोकमा कच्चावारीको एकएक रुजू गर्नुपर्थ्यो । रुजू खाएमा हरहिसाब फरफारक भएको मानिन्थ्यो, रुजू नखाएको बेरुजू हुन्थ्यो । बेरुजूलाई कुमारी चोक बाँकी भनिन्थ्यो । फरफारकको हिसाबमा लालमोहोर लगाइन्थ्यो, कार्यकारी प्रमुखबाट हिसाबमा लालमोहर लाग्ने चलन विश्वका अन्य मुलुकमा सायदै पाइन्थ्यो। कतिपय विदेशी लेखाविज्ञले यस प्रकारको कुमारीचोक व्यवस्थालाई संसारकै लेखापरीक्षण प्रणालीमध्ये सर्वोत्तम भनेका थिए भन्ने भनाइ पूर्व महालेखा नियन्त्रक लोकबहादुर विष्टले उल्लेख गरेका छन् । निगरानी र कारबाहीका लागि भएका कडा प्रावधानका कारण वित्तीय जवाफदेहिता अनुशासन कायम भएकाले नै कुमारीचोक प्रथालाई प्रशंसा गरिएको हुनसक्छ ।

वित्त व्यवस्थापनका लागि लेखापालन गर्ने काम छरिएकोले बजेट प्रथाको शुरुवातसँग एकीकृत गरी सवल बनाउने प्रयास भयो । पहिलो प्रयास २००८ मा एकाउन्टेन जनरल (महालेखापाल) कार्यालयको स्थापनाबाट हुनगयो । यस मातहतका जनशक्तिले आर्थिक कारोबारको जिम्मेवारी लिने काम शुरु भयो । वि.सं.२००८ मा एकाउन्टेन जनरलको कार्यालयलाई यति शक्तिशाली बनाइयो कि कुमारीचोक कार्यालय, राजस्व परिचालन गर्ने काम, राष्ट्रिय ढुकुटी सञ्चालनको काम र नोट निस्काशन/टकमारीको जस्ता सबै काम यसै मातहत ल्याइएको थियो । यसको पृष्ठभूमिमा के पनि थियो भने वि.सं.२००७ मा राणाकालीन संगठन

संरचनालाई परिवर्तन गरी प्रजातन्त्र अनुकूल बनाउन भारतबाट झिकाइएका उपसचिव बृजनारायणको नेतृत्वको टोलीले यस प्रकारको सुझाव दिएको थियो । भारतमा पहिलादेखि नै मोकाले मोडेलको दरिलो प्रशासन व्यवस्था थियो भने लेखा प्रणाली र लेखा परीक्षणको संयुक्तता (Combined System) थियो, त्यसैअनुरुप नेपालमा पनि अपनाइएको थियो । यस प्रथालाई वि.सं.२०१५ को संविधानले स्वीकार गरेन र लेखापालन र लेखापरीक्षणलाई क्रमशः व्यवस्थापन (कार्यकारिणी) र संवैधानिक कार्यमा अलग गरियो । एकै छातामुनि व्यावसायिक स्वतन्त्रताको ढाँचाभन्दा संवैधानिक अधिकारको परीक्षण र कार्यकारी अन्तर्गतको व्यवस्थापन अधिकांश लोकतान्त्रिक मुलुकहरुले अवलम्बन गरेको विधि हो, जसबाट बाह्य नियन्त्रण र सन्तुलन प्रक्रिया प्रभावकारी भै वित्तीय जवाफदेहिता कायम हुन्छ ।

वि.सं.२०१६ मा प्रथम निर्वाचित सरकारले सरकारी खर्चसम्बन्धी कार्यविधि कार्यान्वयनमा ल्याएपछि विनियोजन ऐनमा उल्लेख भएका खर्चहरु नयाँ भुक्तानी प्रणालीमार्फत जानुपर्ने भयो । यसै अवधारणाको जगमा रहेर नै माथि उल्लेख भएअनुरुपको एकाउन्ट्स कमिटी गठन गरी नयाँ स्रेस्ता प्रणाली लागू गरिएको थियो ।

विकेन्द्रित कोष प्रशासन

नयाँ स्रेस्ता प्रणाली लागू पश्चात सरकारी कोष प्रणाली, खर्च प्रणाली, लेखा प्रणाली र बजेट सुधारका ससाना सुधार प्रयासहरु हुँदै आएका थिए । तर तीसका दशकबाट विकास प्रशासन विकेन्द्रित बनाइयो भने सरकारी संरचनाहरु पनि व्यापक रुपमा फिल्ड तहसम्म विस्तार भैसकेका थिए । यसले कोष प्रशासनलाई विकेन्द्रित बनाउन दवाव पारिरहेको थियो । तत्कालीन सामान्य प्रशासन मन्त्र डा. भेषबहादुर थापाको संयोजकत्वमा गठन गरिएको प्रशासन सुधार आयोगको प्रतिवेदनले पनि कोष निकासा तथा आन्तरिक लेखा परीक्षणलाई जिल्ला तहबाट सम्पादन गर्न सुझाएको थियो । जिल्लास्थित कार्यालयमा केन्द्रबाट निकासा दिने र त्यसको फरफारकका कागजातहरु केन्द्रमा नै ल्याउनुपर्ने प्रक्रिया निकै झञ्झटिलो, खर्चिलो र समय लाग्ने थियो । यसले विकास व्यवस्थापन र समस्त शासकीय प्रणालीको लागत बढाइरहेको थियो ।

आर्थिक वर्ष २०३७।३८ को बजेट वक्तव्यबाट प्रत्येक जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयको स्थापना गरी जिल्लास्थित खर्च निकायलाई निकासा दिने, राजस्व र जिन्सीको परीक्षण गर्ने एवम् आन्तरिक लेखापरीक्षण गर्ने काम हुन थाल्यो । नेपालको वित्त व्यवस्थापनमा यो अर्को युगान्तकारी फड्को थियो । यस परिवर्तनका लागि वि.सं. २०३७ मा सुधारिएको पञ्चायत व्यवस्था कार्यान्वयनमा आउनु, जनस्तरमा ससाना विकास निर्माणका कामहरु सञ्चालन गर्न विकेन्द्रीकरण ऐन, २०३८ पनि जारी गरिनु र यसले सीमित रुपमा जिल्ला सरकारको अवधारणा पनि बोक्नु जस्ता विषयहरुले थप बल पुऱ्याएको थियो। तर कोष प्रशासन केन्द्रीय प्रशासनको विकेन्द्रित संरचना थियो । यसले जिल्लाभित्र गर्ने काम महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिका रुपमा प्रत्यायोजित काम गर्दथ्यो । आर्थिक अनुशासनलाई सवल बनाउन पनि यसो गर्नु आवश्यक थियो ।

एकलखाता भुक्तानी प्रणाली

विकेन्द्रित कोष प्रशासनले वित्तीय कारोबारलाई स्थानीयस्तरमा सहजीकरण गरे पनि नगद प्रवाह व्यवस्थापन र कोष प्रणालीबीच उपयुक्त सन्तुलन ल्याई वित्तीय व्यवस्थालाई सवल बनाउन जरुरी थियो ।

लेखा समूहको जनशक्ति पनि पेशागत व्यावसायिकतासाथ परिवर्तित चुनौती सम्बोधन गर्ने क्षमतामा पुग्दै थियो। यस परिस्थितिमा बजेटको उपप्रणालीका रुपमा लेखा व्यवस्थाले पूर्णता पाउनु आवश्यक थियो । सबैभन्दा अहम् विषय नगद व्यवस्थापन थियो । बजेटले व्यवस्था गरेअनुरुप निकायहरुले निकासा लैजाने तर खर्च गर्न नसकी नगद प्रवाहलाई मात्र प्रतिकूल बनाएको थियो । क्रियाकलाप सञ्चालन भएको रियल टाइममा मात्र खर्च निकासा गर्नु नितान्त जरुरी थियो । साथै खर्चको गुणस्तर बढाउन भुक्तानीकै अवस्थामा पूर्वपरीक्षण गर्नु पनि जरुरी थियो । यसै मा केन्द्रित भई वि.सं.२०५६ मा एकीकृत कोष सञ्चालनसम्बन्धी कार्यविधि नेपाल सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत त गऱ्यो तर कार्यान्वयनमा आएन ।

उक्त प्रयास सफल हुन नसकेपनि एकदशकजति पछि केन्द्रीकृत कोष प्रणालीको विकसित रुप एकल खाता भुक्तानी प्रणाली लागू गरियो । यो नेपालको वित्त व्यवस्थापनको अर्को युगान्तकारी काम हो । सार्वजनिक कोष व्यवस्थापन खर्च व्यवस्थापनको अभिन्न अंश हो र यसलाई आधुनिक, व्यवस्थित एवम् पारदर्शी पार्न नेपाल सरकारले साविकमा प्रचलनमा रहेको नगद व्यवस्था तथा भुक्तानी प्रणालीमा सुधार गरी मिति २०६५।१०।१५ को निर्णयअनुसार एकल खाता कोष प्रणाली लागू गरेको हो । पहिलो वर्ष नमूनाका रुपमा भक्तपुर र ललितपुरबाट शुरु गरिएको यो प्रणाली वि.सं.२०७१ बाट सबै जिल्लामा लागू गरिएको छ । हाल ८१ कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट यो प्रणाली सञ्चालनमा छ ।

एकल खाता कोष प्रणाली सरकारी कार्यालयहरुका नाममा रहेका बैङ्क खाताहरु एकिकृत गरी जिल्लास्थित सबै कार्यालयहरुको कारोबार एकल खातामार्फत सञ्चालन गर्ने प्रणाली हो । सार्वजनिक वित्तीय व्यवस्थापन र नगद व्यवस्थापनलाई प्रभावकारी र पारदर्शी बनाई सरकारको कोष सञ्चालन प्रणालीलाई आधुनिक र विश्वस्तरको व्यवस्थाको समकक्षी तुल्याउने आधार यसले दिएको छ । एकल खाता कोष प्रणालीबाट सञ्चित कोष सञ्चालन, व्यवस्थित र वैज्ञानिक तरिकाबाट गर्ने, नगद व्यवस्थापनका विभिन्न पक्षमा जोड दिने, नगद प्रवाहको योजना बनाउने, नगद प्रक्षेपण गर्ने, नगद प्रवाहको निरन्तर अनुगमन गर्ने र आवश्यकताअनुरुप नियन्त्रण गर्ने काम गरिन्छ । सबै सरकारी कार्यालयका विनियोजन, धरौटी, राजस्व र विविध समूहका बैङ्क खाता सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा सरकारी कारोबार गर्ने बैङ्कमा खोलिएको खाताबाट सञ्चालन गर्ने गरिन्छ । यस प्रणालीअन्तर्गत खर्च गर्ने निकायले निर्धारित बजेट तथा कार्यक्रम अनुसार खर्च स्वीकृत गर्ने कार्यसम्पादन गरी सम्बन्धित पक्षलाई भुक्तानी गर्नका लागि तयार गरिने बैङ्क आदेश (चेक) मात्र तयार गर्ने काम कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्दछ ।

प्रणाली सञ्चालनका लागि महालेखा नियन्त्रक कार्यालयमा अनलाइनमा आधारित एकल खाता कोष प्रणाली (TMS Application Software) विकास गरी सञ्चालनमा ल्याइएको छ । यसै प्रणाली (सफ्टवेयर) सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले विनियोजन, राजस्व, धरौटी र अन्य खाताको कारोबार गर्दछन् । एकल खाता कोष प्रणालीबाट विनियोजन (चालू तथा पुँजीगत), वित्तीय व्यवस्था, धरौटी, राजस्व,, कार्यसञ्चालन कोष तथा अन्य कोषको अवस्था र आन्तरिक लेखा परीक्षण प्रतिवेदनका कारोबारहरु समेटिने गर्दछन्। यसले आर्थिक अनुशासन, Real time reporting, कोष व्यवस्थापन, नगद प्रवाहको व्यवस्थापन, खर्चको प्रभावकारिता, उही दिनको हिसाब मिलान, अभिलेखीकरणजस्ता पक्षहरुमा सुधार भएको छ । एकल खाता कोष (TMS) लाई सार्वजनिक खर्च व्यवस्थापन सुधारको रणनीतिका रुपमा पनि लिइन्छ । यसको कार्यान्वयनपछि खर्चको अनुमानयोग्यता, नगद प्रवाह व्यवस्थापन र खर्च प्रणालीमा सुधार भई वित्तीय अनुशासन कामय गर्न सहयोग पुगेको छ ।

क्रियाकलापमा आधारित लेखा प्रणाली

पछिल्लो समय सार्वजनिक स्रोतमा देखिएको सङ्कुचन र जनताका अपेक्षाले बढाएको विकास मागप्रति सम्बोधन गर्न वार्षिक विकास कार्यक्रम (बजेट) मा थुप्रै सुधारहरु गरिए । यसै क्रममा वि.सं.२०७२ मा राष्ट्रिय योजना आयोगले कार्यक्रम प्रस्ताव गर्दा नै निश्चित क्रियाकलाप सञ्चालनबाट प्राप्त हुने उपलब्धि पनि उल्लेख गर्नुपर्ने गरी मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (LMBIS) लागू गऱ्यो । बजेट छलफलका समयमा विषयगत मन्त्रालयका प्रस्तावमाथि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले प्रस्तावको औचित्यता, कार्यान्वयनयोग्यता र वित्तीय उपलब्धताका आधारमा अन्तिम रुप दिन थालियो । तर बजेट कार्यान्वयन गर्ने र बजेटका क्रियाकलापलाई ट्र्याकिङ् गर्ने लेखा प्रणाली विकास भैसकेको थिएन । बजेटका क्रियाकलापहरु खर्च भुक्तानीमा स्पष्ट देखिने आधार थिएन । यसका लागि क्रियाकलापमा आधारित लेखा प्रणाली चाहिन्थ्यो । बजेट एकातिर र लेखा अर्कोतिर जानु व्यावहारिक र वित्तीय जवाफदेहिताका दृष्टिकोणमा पनि उपयुक्त थिएन । संवैधानिक रुपमा पनि बजेट-क्रियाकलाप-उपलब्धिको आवद्धता कायम गरिनु आवश्यक थियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को भावना पनि कार्यान्वयन गर्नु आवश्यक थियो । यही आवश्यकतालाई सम्बोधन गर्न झण्डै साठी वर्षअघि (आ.व. २०१८।१९) लागू गरिएको लेखा प्रणालीलाई क्रियाकलापमा आधारित लेखा प्रणालीले विस्थापन गरी २०७७ श्रावण १ बाट कार्यान्वयनमा ल्याइएको छ । नेपालको वित्त व्यवस्थामा यो अर्को युगान्तकारी फड्को हो ।

मौजुदा लेखा प्रणालीले खर्च शीर्षकको लेखा राख्न, प्रतिवेदन दिन र नियन्त्रण गर्न त सक्थ्यो, तर क्रियाकलाप अनुसारको खर्च र वास्तविक वित्तीय स्थिति र नतिजालाई समेट्न सक्दैनथ्यो। जसका कारण लेखा प्रणाली बजेट कार्यान्वयन/नियन्त्रणको वास्तविक संयन्त्र बन्न सकेको थिएन । सरकारको नीति संयन्त्र कार्यान्वयन नहुँदा नैतिक र व्यावहारिक दुवै रुपमा लाजमर्दो अवस्था थियो । विषयगत मन्त्रालयले मन्त्रालयगत बजेट सूचना व्यवस्थापन प्रणालीलाई अन्तरवोध गर्न सकेका थिएनन् । कार्यान्वयनमा ल्याइएको क्रियाकलापमा आधारित लेखा प्रणालीले एकसाथ स्रोतगत, शीर्षकगत र क्रियाकलापगत खर्चको लेखाङ्कन गर्न सक्षम छ ।

यस लेखा प्रणालीले तीन तहका सरकारका प्रत्येक क्रियाकलाप र त्यसमा हुने खर्चको वास्तविक विवरण मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (LMBIS), प्रदेश बजेट सूचना व्यवस्थापन प्रणाली (PLMBIS) र स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा खर्चको लेखाङ्कन र प्रतिवेदन गर्छ । कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) ले एकल खाता भुक्तानी प्रणालीसँग प्रणालीगत अन्तरक्रिया (इन्टरफेसिङ) गर्छ र चाहिएको प्रतिवेदन तत्समयमा (रिएल टाइम) प्राप्त हुन्छ । यस प्रणालीले युटिलिटि पेमेन्टका केही क्षेत्रबाहेक सबै भुक्तानीलाई विद्युतीय पनि बनाएको छ । सबै कर्मचारीको तलब भत्ता, निवृत्तिभरण भुक्तानीजस्ता विषयलाई सेन्ट्रल पेरोल सिस्टममा लैजाने पृष्ठभूमि पनि यसले बनाएको छ । यो सार्वजनिक कोषको यथार्थ अवस्था चित्रण गर्न र वित्तीय कारोबारको पारदर्शिता कायम गर्न पनि सक्षम छ । अन्तराष्ट्रिय लेखा मूल्य मानकका सबै भावनासँग यो मेल खान्छ भने वित्तीय व्यवस्थापन सुधारका सन्दर्भमा नेपाल सरकारले विकास साझेदारहरुसँग गरेको प्रतिवद्धतालाई पनि यसले कार्यरुप दिएको छ । यस अर्थमा यो वित्त व्यवस्थापन सुधारमा युगान्तकारी घटना हो । यसले शासकीय सुधारका अन्य पक्षलाई पनि सघाउ पुऱ्याउने आधार दिन्छ भने वित्तीय अनुशासन एवं स्थिरताको आधार दिएको छ ।

वित्तीय संघीयतालाई व्यवस्थित बनाइ स्थानीय तथा प्रदेश तहहरुलाई वित्तीय अनुशासनमा ल्याउनका लागि पनि यसले पृष्ठाधारको काम गर्दछ ।

साथै क्रियाकलापमा आधारित लेखा प्रणालीको अभिन्न भागका रुपमा सर्वजनिक सम्पत्ति र सार्वजनिक लगानीबाट सिर्जित सम्पत्तिको विवरण व्यवस्थित गर्न सम्पत्ति व्यवस्थापन सूचना प्रणाली पनि २०७७ श्रावणबाट कार्यान्वयनमा ल्याइएको छ । यसअघि राजस्व, खर्च र धरौटीको एकीकृत आर्थिक विवरण तयार पारी वार्षिक रुपमा प्रस्तुत गर्ने परिपाटी रहेकोमा अव सम्पत्तिको एकीकृत आर्थिक विवरण तयार पार्ने कामको थालनी भएको छ । सार्वजनिक वित्त व्यवस्थापन सुधारमा लिइएको रणनीति निकै आक्रामक छ। तर महालेखा नियन्त्रक कार्यालयको अगुवाईमा भएको विस्तृत सुधारको कार्यलाई निरन्तर परिमार्जन गरी यस क्षेत्रकै असल अभ्यासको रुपमा पुऱ्याउन अर्थ मन्त्रालय, मन्त्रिपरिषदको कार्यालय लगायत सरकारका अंगहरु र शासाकीय तहहरुको निर्देशन, सहयोगी र कार्यमूलक भूमिका आवश्यक परिरहन्छ । किनकी सुधार घटना नभई निरन्तरको जीवन्त प्रक्रिया हो । सरकारी लेखा व्यवसायलाई सङ्किर्ण रुपमा हिसाब विवरण राख्ने काममा नहेरी समग्र शासकीय प्रणाली सुधारको प्रवेशविन्दुको अर्थमा लिइनु पर्दछ ।

भावी चुनौती र कार्यदिशा

सार्वजनिक वित्त व्यवस्थापन सुधारको केन्द्रमा रहने लेखा प्रणालीलाई सधैं गतिशील र समय सापेक्ष बनाउँदै लैजानुपर्दछ । यो शासकीय सुधारको पनि माध्यम हो । परिवेशले ल्याएको चुनौतीलाई सम्बोधन गर्नसक्ने र स्वयं गतिशील हुनसक्ने लेखा प्रणाली नै जीवन्त हुन्छ । यस सन्दर्भमा नेपालको लेखा प्रणालीले सामना गर्नुपर्ने केही सवालहरुलाई साङ्केतिक रुपमा यहा प्रस्तुत गर्दछु ।

क्रियाकलापमा आधारित लेखा प्रणाली यसै आर्थिक वर्ष (श्रावण १, २०७७) बाट कार्यान्वयनमा ल्याइएको हो, जसमा उच्च प्रशासनिक नेतृत्वका रुपमा रहेका लेखा उत्तरदायी अधिकृतहरुमा समेत साझा बुझाइ भैसकेको छैन। सिगास प्रणालीप्रति खर्च केन्द्रहरु अभ्यस्त भैसके पनि लेखा उत्तरदायी अधिकृतको अपनत्व स्थापित भएपछि मात्र यसलाई संस्थागत गर्न सजिलो पर्दछ । अन्यथा बेलाबेलामा ससाना उल्झन र आलोचना सुनिरहनुपर्ने अवस्था नआउला भन्न सकिन्न । जुन सिगासलाई स्वचालित परिष्कारमा जान बाधक हुनसक्छ ।

दोस्रो सवाल लेखा प्रणालीमा स्थापित सूचना प्रविधिबीचको अन्तरआवद्धतालाई संस्थागत गर्नुमा छ। सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरणका लागि सूचना प्रविधिको उपयोगलाई महत्व दिइएको छ । यस अघि सूचना प्रविधिको उपयोग सैद्धान्तिक कार्यसूची रहेकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२ (क) बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न क्रमशः सूचना प्रविधिको प्रयोग गरिने, (ख) महालेखा नियन्त्रक कार्यालयले सूचना प्रविधिमा आधारित प्रणाली विकास गरी लागू गर्ने, (घ) महालेखा नियन्त्रक कार्यालयले विकास गरेको प्रणालीमा समावेश नभएको वा कुनै प्रणाली विकास गर्न महालेखा नियन्त्रक कार्यालयको स्वीकृति चाहिने, (घ) प्रणालीबाट प्राप्त हुने सूचनाहरु प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षर प्रयोग गर्न सकिने र (ङ) अन्तरसम्बन्धित प्रणाली विकास र प्रणालीहरुबीच अन्तरआवद्धता विकास गर्न सकिने प्रावधान राखेको छ ।

वित्तीय कार्यप्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिमा आधारित प्रणाली (एप्लिकेशन सफ्टवेयर) हरु कार्यान्यनमा ल्याइएका छन् । बजेट तर्जुमामा सङ्घीय तहमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), अर्थमन्त्रालयमा बजेट सूचना व्यवस्थापन प्रणाली (BMIS), प्रदेश तहमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P-TSA) र स्थानीय तहमा स्थानीय तह कोष व्यवस्थापन प्रणाली (SuTRA) कार्यान्वयनमा छन् ।

बजेट कार्यान्वयन चरणमा संघीय तहमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा एकल खाता भुक्तानी प्रणाली (TSA), प्रदेश तहमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रदेश एकल खाता भुक्तानी प्रणाली (P-TSA) र स्थानीय तहमा स्थानीय तह कोष व्यवस्थापन प्रणाली (SuTRA) कार्यान्वयनमा छन् ।

त्यस्तै राजस्व लेखाङ्कन र प्रतिवेदनका लागि सङ्घीय प्रदेश तहमा राजस्व व्यवस्थापन सूचना प्रणाली (RMBIS) र स्थानीय तहमा सुत्र प्रणाली कार्यान्वयनमा छ । खर्च लेखाङ्कन र प्रतिवेदनका लागि सङ्घीय र प्रदेश तहमा कम्प्युटरमा आधारित लेखा प्रणाली (CGAS) र म्यानुएल प्रतिवेदन प्रणाली र स्थानीय तहमा सुत्र प्रणाली क्रियाशील छ ।

चालू आर्थिक वर्षको शुरुबाट साठी वर्ष पुरानो लेखा प्रणालीमा आधारभूत रुपमा परिवर्तन गरी क्रियाकलापमा आधारित बनाउन CGAS लाई प्रयोगमा ल्याइएको छ । यसले LMBIS का क्रियाकलापहरु नै लेखाङ्कनमा समेटिन्छ। TSA र CGAS बीच स्वचालित अन्तरक्रिया हुन्छ ।

सार्वजनिक सम्पत्ति र सार्वजनिक लगानीबाट सिर्जित सम्पत्तिको विवरण व्यवस्थित गर्न सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (PMAS) चालू आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइएको छ । यस अघि राजस्व, खर्च र धरौटीको एकीकृत आर्थिक विवरण तयार पारी वार्षिक रुपमा प्रस्तुत गर्ने परिपाटी रहेकोमा अव सम्पत्तिको एकीकृत आर्थिक विवरण तयार पार्ने कामको थालनी भएको छ ।

यी प्रणालीहरुबीच स्वचालित अन्तरक्रियामा मात्र भनिएको समय (Real Time) मा आवश्यक वित्तीय सूचना प्राप्त गर्न सकिन्छ । यी प्रणालीको स्वचालित अन्तरक्रिया भैरहन महालेखा नियन्त्रक कार्यालय, प्रदेश कोष कार्यालयहरु, जिल्लास्थित कोष लेखा नियन्त्रक कार्यालयहरु र जिल्लास्थित प्रदेश कोष कार्यालयहरुबीच कार्यात्मक सहसम्बन्ध पनि आवश्यक पर्दछ ।

तीनै तहका बजेट, खर्च, राजस्व र लेखा प्रणालीबीच अन्तरआवद्धता विकास भैरहेको छ । साथै तिनै तहको सरकारहरुको कारोबार भएकै समयमा प्रतिवेदन गर्न, बजेट अनुशासन, आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता अभिवृद्धि गर्न र एकीकृत वित्तीय विवरणको विश्वसनीयता बढाउन महालेखा नियन्त्रक कार्यालयले एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Integrated Financial Management Information System: IFMIS) को सञ्चालन गर्न प्रणाली निर्माणको काम अघि बढाएको छ । जसले सिगासलाई उन्नत स्तरमा पुऱ्याउँछ । यसका लागि पनि तहगगत सरकारका वित्त निकायहरुबीचको सहसम्बन्धले ठूलो महत्व राख्दछ ।

सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको नेतृत्व सवलता र जनशक्ति विकासको निरन्तर प्रतिवद्धता चाहिन्छ, जनशक्तिमा उच्च मनोवल र स्वयम्प्रेरित हुने इच्छाशक्ति चाहिन्छ । प्रणाली निर्माणका सन्दर्भमा नयाँ स्रेस्ता लागू गर्ने समय (आ.व.२०१९।२०), एकल खाता भुक्तानी प्रणाली लागू गर्ने समय (आ.व.२०६५।६६) र क्रियाकलापमा आधारित लेखा प्रणाली (सिगास) लागू गर्ने समय (आ.व.२०७६।७७) मा रहेको स्वयम्प्रेरित सुधार नेतृत्वले देखाएको बाटो आउँदा दिनमा पनि पहिल्याइ रहनुपर्दछ । तर अवको बाटो यी तीन कालखण्डका जस्ता

जोखिमपूर्ण भने छैनन् । प्रणालीको स्थापनाले थुप्रै सुधार पछ्याउन सहज बनाएको छ। सुधारको एउटा सफलताले अर्को सुधारलाई सजिलो मात्र पार्ने होइन, सुधारको आमन्त्रण पनि गर्दछ।

बजेटभन्दा बाहिरका सार्वजनिक निकायहरु (एक्स्ट्रा बजेटरी इन्टीटी) हरु आर्थिक कार्यविसध तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुरुप जिम्मेवारी निर्वाह र प्रतिवेदनमा समेटिइ सकेका छैनन् । उदाहरणका लागि विश्वविद्यालयहरुमा प्रति वर्ष अर्बौं रुपैया अनुदान जान्छ, आफैले पनि करोडौं सेवा शुल्क असुल गर्दछन्, जसको एकीकृत प्रतिवेदन लिने, जिम्मेवारी बहनको समीक्षा गर्ने परिपाटी छैन । चालू वर्ष शिक्षा मन्त्री, माहालेखा परीक्षक, राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोगको समेत उपस्थितिमा एघारवटा विश्वविद्यालयका उपकुलपतिहरुलाई यस विषयमा अवगत गराउने कामको शुरुवात भएको छ । यस्ता एक्स्ट्रा बजेटरी इन्टिटीहरुलाई वित्तीय जिम्मेवारीमा समेट्ने कार्यनिर्देशिका र प्रतिवेदनको प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनु जरुरी छ । अन्यथा न संसदीय भावनाले कार्यरुप पाउँछ, न होल अफ गभर्नमेन्टको अवधारणा (WGA) अनुरुप वित्तीय विवरण तयार नै हुनसक्छ ।

अर्को सवाल बजेट तर्जुमाका समयमा पनि आवश्यक देखिएको छ । स्रोत समितिबाट समष्टिगत आर्थिक स्थितिको विश्लेषण र साधन स्रोतको आँकलन गर्दा महालेखा नियन्त्रकको उपस्थिति रहँदैन । यसलाई अर्थमन्त्रालय मातहतको सामान्य विभागका रुपमा व्यवहार गरिन्छ र अर्थ मन्त्रालयको प्रतिनिधित्वलाई महालेखा नियन्त्रकको पनि प्रतिनिधित्वका रुपमा लिने गरिन्छ । तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले यसको भूमिका व्यावसायिक स्वायत्ततामा लिएको छ । खर्च व्यवस्थापन बजेटको आधाआधी भाग पनि हो । आर्थिक विधेयकका सन्दर्भमा अर्थ मन्त्रालयको जस्तो भूमिका रहन्छ, खर्च व्यवस्थापनमा महालेखा नियन्त्रकको भूमिका त्यस्तै महत्वपूर्ण रहन्छ । यसर्थ बजेट निर्माणका सबै तहमा व्यावसायिक उपस्थिति भएपछि वित्त व्यवस्थापनको कार्यान्वयन पक्षलाई सहजता प्राप्त हुने सहज अनुमान गर्न सकिन्छ ।

एउटा महत्वपूर्ण सवाल स्थानीय तथा प्रदेश तहको संगठन संरचनामा पुनर्वोध गर्ने सन्दर्भमा पनि रहेको छ । सङ्घीय शासन पद्धति कार्यान्वयनमा छ । सबै तहगत सरकारका आफ्नै बजेट र कार्यक्रम हुन्छन्, निजामती सेवा र लेखा कर्मचारी पनि आफ्नै हुनसक्ने नै भए । तर यसले वित्तीय व्यवस्थापन प्रणालीलाई मजवुत गराउन व्यवाहारिक समस्या समेत देखिएकाले अलग अलग बजेट तथा कार्यक्रम प्रणाली एकै लेखा प्रणाली लागू भएको सन्दर्भमा लेखा समूहको व्यवस्थापन पनि महालेखा नियन्त्रक कार्यालयबाटै हुनु सख्त जरुरी देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले यस सम्बन्धी अवधारणा तयार पारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रस्तुत गरिसकेको छ । यसका लागि राजनैतिक प्रणालीको विश्वास जित्नु अति नै जरुरी छ । यसर्थ महालेखा नियन्त्रक कार्यालयले सङ्घीय मामिला मन्त्रालयको समन्वयमा स्थानीय तथा प्रदेशका पदाधिकारीहरुसंग सघन छलफल गर्नुपर्दछ ।

तीन शासकीय तहका ७६१ सञ्चित कोष, छरिएका कार्यसञ्चालन कोष, बजेटभन्दा बाहिरका सरकारी वित्तीय कारोबार रहेको सन्दर्भमा यसलाई सवल, विश्वासनीय र आधुनिक बनाउने काम एउटा यात्राका रुपमा रहेको छ। यस सन्दर्भमा केही व्यावहारिक चुनौतीहरु रहेका छन्:

- विनियोजन वस्तुपरक बनाउने आधार र आयोजना बैङ्क स्थापना गर्ने काम व्यवस्थित गर्ने चुनौती,

- बजेट प्रक्रियालाई नागरिक बजेटको अवधारणा अनुरुप परादर्शिता, सहभागिता र नियन्त्रणलाई सवलीकरण गर्ने चुनौती,
- एकीकृत रुपमा तीन तहको वित्तीय विवरण तयार गर्ने चुनौती,
- तीनै तहमा स्वचालित हुने वित्तीय व्यवस्थापन प्रणाली कार्यान्वयनका चुनौती,
- विभिन्न निकाय, तह र संरचनाबीच कार्यात्मक समन्वय र कार्यात्मक आवद्धताका चुनौती,
- विभिन्न तह तथा निकायमा सञ्चालित प्रणालीहरुबीच सहभावीकरण गर्ने चुनौती,
- स्थानीय तथा प्रदेश तहमा लेखा ब्यवस्थापनमा संलग्न जनशक्ति विकास र पुनर्ताजगी गर्ने चुनौती,
- सार्वजनिक सम्वत्तिको यथार्थपरक अभिलेखन र एकीकृत विवरण तर्जुमा गर्ने चुनौती,
- प्रतिवद्धता लेखाङ्कनका चुनौती,
- सुधारको अन्तरवोध गरी स्वचालित रुपमा प्रणाली परिमार्जन गर्ने अन्तरिक चुनौती,
- राजनैतिक तथा प्रशासकीय तहको प्रतिवद्धता र नेतृत्वजनीत चुनौती ।

उपसंहार

विभिन्न आरोह अवरोह र परीक्षण र प्रयोगको सिलसिला पार गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली आधुनिक चरणमा प्रवेश गरेको छ । वित्तीय व्यवस्थापनका सवै चरण परिमार्जित हुँदै आएका छन्। विनियोजन लाई तथ्यपरक बनाउन दीर्घकालीन सोच, आवधिक योजना, मध्यम अवधिको खर्च संरचना एवम् आयोजना बैङ्कबीचको अन्तरआवद्धता कायम गरिएका छन् । खर्च व्यवस्थापन सुधार गर्न म्यानुएल आधारमा सामान्य लेखामान र फारामहरुबाट सञ्चालित प्रणाली झण्डै स्वचालित रुपमा सञ्चालित छ । लेखामान अन्तराष्ट्रिय स्तर सापेक्ष भएको छ, सोहीअनुरुप लेखा फाराम र ढाँचाहरु निर्माण भएका छन्, जनशक्तिको व्यावसायिकता विकास भएको छ । उपयोगमा ल्याएको प्रणालीका कारण कोरोना महाव्याधिका समयमा पनि वित्तीय कारोबारमा कुनै वाधा अवरोध पर्न गएन । यी सफलता आफैमा गौरव गर्न लायक छन् । तर तीन तहको सरकारका वित्तीय कारोबारलाई व्यवस्थित गर्नु र एकीकृत वित्तीय विवरण भनिएको समयमा तर्जुमा गर्नु आफैमा चुनौतीपूर्ण हो । नीति, संरचना, सांगठनिक व्यवस्था र प्रणाली निर्माणमा रहेको निरन्तरको प्रयासले वित्तीय प्रणाली छिटै अरु समृद्ध र आधुनिक बन्ने क्रममा छ । सरकारका सवै तहमा सार्वजनिक कोषलाई पूर्ण अनुशासति बनाई मौद्रिक मूल्य सार्थकता सिद्ध गर्न सवै तहमा संघीय लेखा समूहको जनशिक्तको व्यवस्था, जनशक्तिको क्षमता विकास एवम् एकीकृत वित्तीय सूचना व्यवस्थापन प्रणाली आवश्यक रहेको देखिन्छ ।

सन्दर्भ

१ नेपालको संविधान

२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

३ द्वारिकानाथ ढुङ्गेल, केही पूर्व प्रशासकका सम्झनाका गोरेटोहरु, अई आई डी एस, २०५९

४ गोपीनाथ मैनाली, वित्तीय व्यवस्थापनका बाँकी सवालहरु, नयाँ पत्रिका, असार ३, २०७८

५ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यसञ्चालन निर्देशिका, २०७५

वित्तीय संघीयतामा स्थानीय तहको आर्थिक सुशासन

डा. दामोदर रेग्मी
प्रमुख सचिव

१. वित्तीय संघीयता

संघीय शासन प्रणाली उच्चतम प्रजातान्त्रिक आचरणले युक्त शासन प्रणाली हो। राज्यको अधिकारको प्रयोग राज्यका बहु सरकारहरुबीच विनियोजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया संघीयताको मूल मर्म हो। यसैले पनि संघीय शासन प्रणाली बढी प्रजातान्त्रिक र सहभागितामूलक हुन्छ। यसै पृष्ठभूमिमा संघीयताले लोकतन्त्र र शासकीय अभ्यासमा सर्वसाधारण को सहभागिता र अवसरको सुनिश्चितता गर्ने संयन्त्र मात्र होइन समाजमा विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक विविधतालाई पनि सम्बोधन गरी शासन प्रणाली प्रति जन अपनत्व जुटाउने उद्देश्य राखेको हुन्छ । संघीयताको सफल कार्यान्वयन गर्न वित्तीय संघीयता आवश्यक शर्त हो । संघीयता भन्नु नै राज्य सञ्चालन र निर्णय प्रक्रियालाई समाजको तल्लो तह वा जनताको आधारभूत तहसम्म पुऱ्याउनु हो। यसैले तल्लो तह खास गरी स्थानीय तहको प्रभावकारी स्रोत परिचालनले वित्तीय संघीयताको प्रभावकारितामा सहयोग पुग्न जान्छ । यसको अतिरिक्त संघीयताको सफल कार्यान्वयन गर्न सबै तहका सरकारहरु बीच स्वस्थ, पारदर्शी तथा सन्तुलित वित्तीय व्यवस्था आवश्यक छ । अन्तरसरकारी वित्त व्यवस्थापन अन्तर्गत संघीय इकाइहरूबीच वित्त हस्तान्तरण, खर्च, ऋण, अनुदान, बजेट, राजस्व व्यवस्थापन, वितीय सुशासनलगायतका आर्थिक विषयहरू पर्दछन् । अन्तरसरकारी वित्त व्यवस्थापन लाई अन्तरसरकारी वित्त हस्तान्तरण पनि भनिन्छ । यस्तो हस्तान्तरण संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा, प्रदेश सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा र स्थानीय सरकारबाट स्थानीय सरकारमा हुन सक्छ । संविधानको परिधीभित्र रही राजस्वसम्बन्धी कानुनको निर्माण, करको दर तथा दायरा निर्धारण, राजस्व परिचालन, राजस्व परिचालन सम्बन्धी क्षमता विकास तथा राजस्वको उचित व्यवस्थापन लगायतका विषयहरू र सम्बन्धित सरकारले आफूलाई प्राप्त भएको कार्यहरू सम्पन्न गरी जनताको माझ सुशासनको अनुभूति दिलाउनको लागि आफूलाई वित्त हस्तान्तरणको माध्यमबाट प्राप्त हुने स्रोतसाधन, आफ्नै राजस्व परिचालनबाट प्राप्त हुने रकममात्र नभएर आन्तरिक तथा वैदेशिक ऋण लिन सक्ने वा परिचालन गर्न सक्ने विषयहरू मुख्य रूपमा अन्तर सरकारी वित्त व्यवस्थापनको क्षेत्रअन्तर्गत पर्ने विषयहरू हुन् । तीनै तहका सरकारको व्यवस्थाले तत् तत् सरकारले आफ्नो योजना बजेट तर्जुमा, गर्ने पारित गर्ने र कार्यान्वयन गर्ने दायित्व पनि तत् तत् तहको कार्यक्षेत्रभित्र पर्न गएको छ ।

२. स्थानीय आर्थिक कार्य प्रणाली

नेपालको संविधानको भाग-१९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था रहेको छ । जसमा कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने छैन, स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम

बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने जस्ता व्यवस्थाहरु रहेका छन् । प्रत्येक स्थानीय तहमा एक स्थानीय सञ्चित कोष रहने र सो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने व्यवस्था संविधानले गरेको छ । संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुनबमोजिम गाउँ सभा वा नगर सभामा पेस गरी पारित गराउनुपर्ने व्यवस्था रहेको छ । गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेस गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानुन र प्रदेश कानुनबमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्दछ ।

३. स्थानीय तहको आम्दानीका क्षेत्रहरु

क. संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदानहरु

- वित्तीय समानीकरण अनुदान
- सशर्त अनुदान
- समपूरक अनुदान
- विशेष अनुदान

ख. संघ र प्रदेशबाट हुने राजस्व बाँडफाँट

- मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तशुल्कबाट सङ्कलन भएको रकम मध्येको १५ प्रतिशत रकम सबै स्थानीय तहलाई
- प्राकृतिक स्रोतबाट सङ्कलन भएको रकम मध्येको २५ प्रतिशत रकम सम्बन्धित स्थानीय तहलाई
- प्रदेश आर्थिक ऐनबमोजिम राजस्व बाँडफाँट गर्ने भनिएका क्षेत्रको रकम

ग. स्थानीय तहले सङ्कलन गर्ने कर र गैर कर

- स्थानीय तहले लगाउन सक्ने करः सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर
- स्थानीय तहले लगाउन सक्ने गैर करः सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना

घ. सहायता तथा ऋण

- नेपाल सरकारको स्वीकृति अनुरुप वैदेशिक सहायता तथा ऋण
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सीमाभित्र रही लिन सक्ने आन्तरिक ऋण
- नेपाल सरकारसँग लिने ऋण

४. अनुदानहरु

४.१ **वित्तीय समानीकरण अनुदान -** नेपाल सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान दिने गर्दछ । यसै गरी प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र उठेको राजस्वलाई प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिने गर्दछ ।

४.२ **सशर्त अनुदान -** नेपाल सरकारले स्थानीय तहलाई कुनै योजना कार्यान्वयन गर्नका लागि आवश्यक शर्त तोकि अनुदान दिने गर्दछ । यसै अनुरुप प्रदेशले पनि प्रदेश कानुनबमोजिम स्थानीय तहलाई सशर्त अनुदान दिने गर्दछ ।

४.३ **समपूरक अनुदान -** नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न देहायका आधारमा समपूरक अनुदान दिने गर्दछ । प्रदेशले पनि प्रदेश कानुन बमोजिम स्थानीय तहलाई समपूरक अनुदान दिने गर्दछ ।

- योजनाको सम्भाव्यता
- योजनाको लागत
- योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ
- योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति
- योजनाको आवश्यकता र प्राथमिकता
- प्रदेशले आफ्नो कानुनबमोजिम स्थानीय तहलाई समपुरक अनुदान दिन सक्दछ ।

४.४ **विशेष अनुदान -** नेपाल सरकारले देहायको उद्देश्य प्राप्तिको लागि स्थानीय तहबाट सञ्चालन हुने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्दछ । प्रदेशले पनि प्रदेश कानुनबमोजिम स्थानीय तहलाई विशेष अनुदान दिने गर्दछ।

- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने
- आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम विशेष अनुदान प्रदान गर्न सक्दछ ।

५. स्थानीय तहको वार्षिक बजेट निर्माणसम्बन्धी प्रावधान

संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने व्यवस्था संविधानको धारा ५९ ले गरेको छ । स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने र त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने गर्दछ । गाउँ कार्यपालिका

र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुनबमोजिम गाउँ सभा वा नगर सभामा पेस गरी पारित गराउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेस गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानुन र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्दछ ।

६. स्थानीय तहको बजेट तर्जुमाका वैधानिक आधारहरु

- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपालको संविधानको अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्र,
    - करः सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारीसाधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर
    - गैरकरः सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना
- स्रोत तथा बजेट सीमा निर्धारण समितिको स्रोत र बजेट अनुमान,
- राजस्व परामर्श समितिको प्रतिवेदन,
- बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता
- संघीय, प्रादेशिक र स्थानीय नीतिहरुबीच सामन्जस्यता

७. स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु

स्थानीय तहको बजेट निर्माणका लागि तय गरिएका विभिन्न चरणहरुले एकातर्फ स्थानीय तहको बजेट निर्माणमा जनप्रतिनिधिहरुको प्रत्यक्ष र सक्रिय सहभागितालाई सुनिश्चित गरेको छ भने अर्को तर्फ जनताको विभिन्न तह र वर्गका का आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्य लिएको छ । यसको चरणहरु निम्नानुसार रहेका छन् ।

७.१ पहिलो चरणः संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्त गर्ने

- संघीय बजेट प्रत्येक वर्षको जेठ १५ मा प्रस्तुत भई संघबाट हस्तान्तरण भई आउने रकम यकिन हुने र मार्गदर्शन प्राप्त हुने ।
- प्रादेशिक बजेट असार १ गते मा प्रस्तुत भई प्रदेशबाट हस्तान्तरण भई आउने रकम यकिन हुने र मार्गदर्शन प्राप्त हुने ।

७.२ दोस्रो चरणः स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

(क) राजस्व परामर्श समितिबाट आन्तरिक आयको अनुमान गर्ने

राजस्व परामर्श समितिको संरचना

- गाउँ/नगर कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख - संयोजक
- गाउँ/नगर कार्यपालिकाको कार्यकारी अधिकृत - सदस्य
- गाउँ/नगर कार्यपालिकाले तोकेको प्रमुख प्रशाकीय एक जना महिलासहित २ जना - सदस्य
- स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि - सदस्य
- स्थानीय नेपाल चेम्वर अफ कमर्सका प्रमुख वा प्रतिनिधि - सदस्य

- गाउँ/नगर कार्यपालिकाको राजस्व विभाग र शाखा प्रमुख - सदस्य सचिव

काम, कर्तव्य र अधिकार

- राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।
- राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।
- राजस्वका दर र क्षेत्रलगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने ।
- कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने।
- राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेस गर्ने ।

(ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट कुल स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

- गाउँ/नगर कार्यपालिकाको अध्यक्ष/प्रमुख - संयोजक
- गाउँ/नगर कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख - सदस्य
- गाउँ/नगर कार्यपालिकाका प्रमुख प्रशासकीय सदस्यहरु मध्येबाट तोकेको महिला, दलित वा अल्पसंख्यकबाट प्रतितिधित्व हुने गरी बढीमा ४ जना - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

काम, कर्तव्य र अधिकार

- आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने आय, संघीय तथा प्रदेश सरकारबाट प्राप्तहुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने ।
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरि प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने ।
- आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने ।
- विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने ।
- संघीय/प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तय गर्ने।
- विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने ।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

(ग) क्षेत्रगत बजेट सीमा निर्धारणका क्षेत्रहरु

- आर्थिक विकास क्षेत्रः कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र

- सामाजिक विकास क्षेत्रः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- पूर्वाधार विकास क्षेत्रः सडक, पुल तथा झोलुंगे पुल, सिँचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार
- वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन
- संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रः सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जीकरण व्यवस्थापन, स्थानीय तथ्यांक सङ्कलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन

(घ) आयोजना प्राथमिकीकरणका आधारहरु

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने),
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशील बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

७.३ तेस्रो चरणः बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट

- सम्बन्धित वडाका सदस्यको संयोजनमा वडालाई क्लस्टरमा विभाजन गरी पठाइने ।
- बालबालिका, महिला, आदिवासी/जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडावर्गलगायत सबै समुदायको अर्थपूर्ण उपस्थिति हुने व्यवस्था मिलाउनुपर्ने ।
- नागरिक समाजका संस्थाहरु, महिला/आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैरसरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनुपर्ने ।
- वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची तयार गरी वडा समितिमा पेस गर्नुपर्ने।

७.४ चौथो चरणः वडा स्तरीय योजना प्राथमिकीकरण

- आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/बस्तीस्तरबाट प्राप्त आयोजना/कार्यक्रमहरुलाई विषयक्षेत्र समेत छुट्याई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरि पठाउने ।
- गाउँ/नगरस्तरमा महत्वपूर्ण देखिएका आयोजना/कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकीकरणको सूचीमा राखी पठाउन सकिने ।

७.५ पाचौं चरणः बजेट तथा कार्यक्रम तर्जुमा समितिद्वारा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा

- गाउँ/नगर कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख - संयोजक
- विषयगत क्षेत्र हेर्ने गाँउ/नगर कार्यपालिकाका सदस्यहरु ६ जना - सदस्य
- गाउँ/नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- योजना महाशाखा, विभाग वा शाखा प्रमुख - सदस्य सचिव

काम, कर्तव्य र अधिकार

- आगामी आ.व.को नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने ।
- स्रोत अनुमान समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने ।
- बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी गाउँ र नगर कार्यपालिकमा पेस गर्ने ।
- योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धी स्थानीय तहको आवश्यकता र निर्णयबमोजिमका अन्य कार्यहरु गर्ने
- विषयक्षेत्रगत सूची तयार गर्ने,
- वडाबाट नआएका तर महत्वपूर्ण योजनाहरु थप गर्न सकिने,
- एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विषय क्षेत्रगत कार्य समूह गठन गरी छलफलको व्यवस्था मिलाउने,

विषयगत योजना तर्जुमा कार्यसमूहः

- विषयगत क्षेत्र हेर्ने सदस्य - संयोजक
- गाउँ/नगर सभाका कम्तिमा १/१ जना - सदस्य
- महिला तथा दलित सदस्य सहित ३ जना - सदस्य
- बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव

एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा

बजेट तथा कार्यक्रम तर्जुमा समितिले बजेट तथा कार्यक्रम पेस गर्दा प्रस्तुत गर्नुपर्ने विवरणहरुः

क) आगामी वर्षको लागि प्रस्तावित राजस्व/करका दरहरु

ख) स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम

ग) स्थानीय तहको गत आ.व.को यथार्थ, चालु आ.व.को संशोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्ययको विवरण

घ) स्थानीय तहको वार्षिक विकास कार्यक्रम (आयोजना र कार्यक्रमको विवरण)

ङ) विनियोजन विधेयक

च) आर्थिक विधेयक

७.६ **छैठौं चरणः गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने -** बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले स्वीकृत नीति तथा कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम गाउँ/नगर सभामा असार १५ गते बजेट भाषणमार्फत पेस गर्ने ।

७.७ **सातौं चरणः गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति र कार्यान्वयन**

- बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले गाउँ/नगर सभामा पेस गरेको वार्षिक बजेट तथा कार्यक्रमका सम्बन्धमा सभामा सदस्यहरुले छलफल गर्ने ।
- गाउँरनगर सभाको बहुमतले वार्षिक बजेट तथा कार्यक्रमलाई प्रस्तावित स्वरुपमै वा संशोधन सहित पारित गर्ने ।
- कार्यान्वयनको लागि गाँउ/नगर कार्यपालिकाको कार्यालयमा पठाउने ।
- प्राप्त अख्तियारी र चौमासिक विभाजन अनुसार सम्बन्धित निकायले व्यवसायिक योजना अनुरुप खर्च गर्ने

८. बजेट तर्जुमाको समय तालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापनसम्बन्धी ऐन, २०७४ को प्रावधानअनुरुप स्थानीय तहले बजेट तर्जुमा गर्दा अपनाउनुपर्ने समय तालिका निम्नानुसार रहेको छः

- आगामी आर्थिक वर्ष र त्यसपछिको थप दुई आर्थिक वर्षको लागि राजस्वको पूर्वानुमान प्राप्त गर्ने - फागुन महिनाको दोस्रो हप्ताभित्र
- बजेटको कुल सीमा निर्धारण - फागुन मसान्तभित्र
- बजेट सीमा तथा मार्गदर्शन सबै विषयगत महाशाखा, शाखा तथा वडा समितिहरूलाई उपलब्ध गराउने - चैत्र १५ गतेभित्र
- विषयगत महाशाखा, शाखा तथा वडा समितिहरूले आफ्ना कार्यक्रमको प्राथमिकीकरण र बजेट प्रस्ताव - वैशाख महिनाभित्र
- बजेट तथा कार्यक्रम तर्जुमा समितिले छलफल गरी प्राथमिकीकरण सहित अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेस - जेठ मसान्तभित्र
- अन्तिम प्रस्ताव उपर छलफल परिमार्जन र आगामी वर्षको नीति तथा कार्यक्रम र राजस्व तथा व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत - कार्यपालिकामा पेस भएपछि छलफल गरेर
- कार्यपालिकाबाट स्वीकृत बजेट सभामा पेस - असार दश गतेभित्र
- सभाले आवश्यक छलफल गरी पारित गर्ने वा परिमार्जनका लागि सुझावसहित कार्यपालिकामा फिर्ता गर्ने - असार २५ गतेभित्र

- सभाबाट परिमार्जनका लागि प्राप्त भएमा पुनः सभामा पेस - पाँच दिनभित्र
- पुनः पेस भएको बजेट तथा कार्यक्रम परिमार्जनसहित वा प्रस्तुत रूपमा पारित गर्ने - असार मसान्तभित्र

९. सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता

सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सर्वाधिक चासो र सार्वजनिक सरोकार को विषय हो । सार्वजनिक वित्त व्यवस्थापनको प्रभावकारिता अभिवृद्धिका लागि सुधार एउटा निरन्तर चलिरहने प्रक्रिया पनि हो । प्रभावकारी वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरुको भरपुर उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने र प्रभावकारी खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त वित्तीय जोखिमहरुको पूर्वानुमान गरी जोखिमहरुबाट निम्तिन सक्ने नकारात्मक प्रभावहरुको न्यूनीकरण गर्नमा सहयोग पुऱ्याउँदछ । सार्वजनिक वित्तीय व्यवस्थापनमा करारोपण तथा राजस्व व्यवस्थापन, आम्दानीका अन्य स्रोतहरुको व्यवस्थापन, न्यून वित्त परिचालन, सार्वजनिक ऋण व्यवस्थापन, राजस्व, ऋण तथा वैदेशिक सहायतालगायतका स्रोतहरुको प्राप्ति र प्रयोगमा प्रभावकारिता वृद्धि, प्राप्त स्रोतको मितव्ययी, दक्षतापूर्वक, प्रभावकारी एवम् पारदर्शी रुपमा खर्च गर्ने क्षमता अभिवृद्धि, आन्तरिक र बाह्य निगरानीलाई सशक्त बनाउँदै पारदर्शिता र उत्तरदायित्वमा अभिवृद्धि जस्ता विषयहरु पर्दछन् ।

१०. सार्वजनिक वित्तीय व्यवस्थापनको समग्र व्यवस्थापन

सबै प्रकारका वित्तीय गतिविधिहरुको समग्र व्यवस्थापन नै सार्वजनिक वित्तीय व्यवस्थापन हो यसमा सरकारका आर्थिक गतिविधिहरुमा स्रोतको प्राप्ति, स्रोतको वितरण, उपयोग र त्यसको परीक्षण आदि पक्षहरु रहेका हुन्छन्। यी सबै पक्षको समुचित व्यवस्थापनले एकातर्फ साधन स्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता गर्दछ भने अर्कोतर्फ उत्तरदायित्व, पारदर्शिता, समग्र वित्तीय अनुशासन जस्ता पक्षहरुको उपस्थितिले सुशासन अभिवृद्धिमा थप ऊर्जा प्रदान गर्दछ । प्रजातान्त्रिक शासन प्रणालीमा सार्वजनिक वित्त व्यवस्थापनका सबै पक्षहरुको व्यवस्थापन पारदर्शी हुनु आवश्यक छ। यसर्थ सार्वजनिक स्रोतको प्राप्तिदेखि लिएर परिचालनका समग्र पक्षको प्रतिफल प्राप्त गर्ने किसिमबाट व्यवस्थापन गरिनुपर्दछ । व्यवस्थित तथा प्रभावकारी सार्वजनिक वित्त प्रणालीले सरकारको स्रोत प्राप्ति, परिचालन र विवेकपूर्ण उपयोगमा सहयोग पुऱ्याउँदछ, सरकारका प्राथमिकता प्राप्त तथा रणनीतिक महत्वका क्षेत्रहरुमा साधनको परिचालनमा सहयोग पुऱ्याउँदछ, उपलब्ध स्रोत साधनको विवेकपूर्ण वितरण र प्रयोगमा सहयोग पुऱ्याउँदछ, समग्र वित्तीय अनुशासन कायम गर्नमा सहयोग पुऱ्याउँदछ र साधन स्रोतको वितरण क्षमता र खर्च गर्ने क्षमतामा प्रभावकारिता ल्याउछ । स्रोतको प्राप्ति, स्रोतको वितरण, उपयोग, परीक्षण, पारदर्शिता उत्तरदायित्व, समग्र वित्तीय अनुशासन जस्ता पक्षहरुको उपस्थितिले सुशासन अभिवृद्धिमा थप ऊर्जा प्रदान गर्दछ । वित्तीय संघीयताले पनि यसै मूल आदर्शलाई बोकेको हुन्छ । प्रभावकारी वित्तीय व्यवस्थापनले साधन स्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता को साथसाथै उत्तरदायित्व र पारदर्शितामार्फत संघीय शासन प्रणालीलाई मजबुत बनाउनमा सहयोग गर्दछ ।

११. वित्तीय अनुशासनः स्थानीय सुशासनको महत्वपूर्ण आयाम

- नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नुपर्ने,

- आफ्नो सवै आय सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने,
- खर्च गर्नुपर्ने रकम बजेटमा व्यवस्था हुनुपर्ने सम्बन्धित व्यवस्थापिका बाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने,
- जुन प्रयोजनको लागि अनुदान प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने,
- पुँजीगत खर्चमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,
- वित्तीय व्यवस्थापनसम्बन्धी काम कारबाही प्रचलित कानुनबमोजिम पारदर्शी रुपमा गर्नुपर्ने,
- आय विवरणको लेखापरीक्षण गरी पन्ध्र दिनभित्र विवरण सार्वजनिक गरिनुपर्ने,
- बजेट कार्यन्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्त भित्र सार्वजनिक गरिनुपर्ने,
- उपलब्ध साधन स्रोतको वितरण र खर्च गर्ने सामर्थ्यतामा सन्तुलन कायम गर्नुपर्ने,
- प्रभावकारी आन्तरिक नियन्त्रण र पारदर्शितामा वृद्धि,
- सञ्चित कोषको यथार्थ अवस्थाको सामयिक पारदर्शिता ।

१२. स्वःअनुशासन द्वारा वित्तीय अनुशासन

स्व अनुशासन द्वारा वित्तीय अनुशासन कायम गर्ने मान्यता सार्वजनिक वित्तीय व्यवस्थापनको मूल आदर्श हो। यसका लागि आवश्यक आन्तरिक र बाह्य नियन्त्रण प्रणालीको व्यवस्था गरिनुपर्दछ । यसमा सवै तहका सरकारहरुले नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नुपर्ने, आफ्नो सवै आय सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने, खर्च गर्नुपर्ने रकम बजेटमा व्यवस्था हुनुपर्ने, सम्बन्धित व्यवस्थापिका बाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने, जुन प्रयोजनको लागि अनुदान प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने, पुँजीगत खर्चमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने, वित्तीय व्यवस्थापनसम्बन्धी काम कारबाही प्रचलित कानुनबमोजिम पारदर्शी रुपमा गर्नुपर्ने, आय विवरणको लेखापरीक्षण गरी पन्ध्र दिनभित्र विवरण सार्वजनिक गरिनुपर्ने, बजेट कार्यन्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरिनुपर्ने, उपलब्ध साधन स्रोतको वितरण र खर्च गर्ने सामर्थ्यतामा सन्तुलन कायम गर्नुपर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण र पारदर्शितामा वृद्धि गर्ने प्रणालीको विकास गरिनुपर्ने, सञ्चित कोषको यथार्थ अवस्थाको सामयिक पारदर्शिता वृद्धि गर्नुपर्ने, मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने विषयहरु पर्दछन् । त्यस्तै गरी आम्दानी र खर्चको व्यवस्थित अभिलेख प्रणाली तयार गर्ने र प्रयोग गर्ने, बजेट स्वीकृति पश्चात मात्र खर्च गर्ने प्रणालीको विकास गर्ने, खर्च गर्दा सम्बन्धित आर्थिक प्रशासनसम्बन्धी कानुन, सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिमको प्रक्रिया पूरा गरेर मात्र खर्च वा खरिद गर्ने, खर्चको व्यवसायिक योजना, खरिद योजना वनाउने अनावश्यक खर्च नियन्त्रणका लागि आवश्यक निर्देशिकाहरु बनाउने, प्रत्येक चार चार महिनामा आन्तरिक लेखापरीक्षण गर्ने र आन्तरिक लेखापरीक्षणले देखाएका त्रुटिहरुमा सुधार गर्ने, वार्षिक रुपमा प्रत्येक तहले आ आफ्नो आर्थिक विवरणहरुको प्रतिवेदन तयार गर्ने र पेस गर्ने, अन्तिम लेखा परीक्षण गर्ने, बेरुजू फछ्यौंट गर्ने जस्ता विषयहरु वित्तीय अनुशासन कायम गर्ने संयन्त्रहरु हुन् । वित्तीय व्यवस्थापनको यो अनुशासनले वित्तीय साधन स्रोतको परिचालन, उपभोग र परिणाम प्राप्तिमा सहयोग गर्नुको साथसाथै सरकारको प्रभावकारिता र विश्वसनीयतामा वृद्धि गराउँदछ ।

सन्दर्भ सामग्री

- Jamie Boex and Roy Kelly, Fiscal Federalism and Intergovernmental Financial Relations
- Mrs. Teresa Ter-Minassian (1997) Fiscal Federalism in Theory and Practice, International Monetary Fund
- The Encyclopedia of Taxation and Tax Policy (1999) Urban Institute Press), edited by Joseph j. Cordes, Robert D. Ebel, and Jane G. Gravelle
- रेग्मी, दामोदर (२०७५), संघीय शासन प्रणाली सुशासन र विकास, ऐश्वर्य प्रकाशन, काठमाडौं
- रेग्मी, दामोदर (२०७५), नेपालमा संघीयताका अवसर र चुनौतीहरु, ऐश्वर्य प्रकाशन, काठमाडौं
- नेपालको संविधान
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोग

जनहितमा लेखापरीक्षणको भूमिका

मोहनकुमार पराजुली
पूर्व निर्देशक

परिचय

जनहित भनेको जनताको सेवा सुविधासँग सम्बन्धित छ । महर्षि वेदव्यासले १८ पुराणको निचोड नै **परोपकारः पुण्याय पापाय परपीडनम्** अर्थात अरुको सेवा गर्नु धर्म हो र अरुलाई दुःख दिनु पाप हो भनेका छन् । जनतालाई व्यवस्थित तरिकाले सेवा, सुविधा र सुरक्षा उपलब्ध गराउन नै समाज र देशको विकास र निर्माण भएको पाइन्छ। समाज वा देश सेवा जे भने पनि जनता नै केन्द्रीय तत्व हो। जनताको हितका लागि देशको शासकीय पद्धति अनुरुप संस्थाहरु स्थापना गरिएको हुन्छ। यस्ता संस्थाहरु मध्ये लेखापरीक्षण गर्न हाम्रो देशमा महालेखा परीक्षकको व्यवस्था गरिएको छ। महालेखापरीक्षकको कार्यालयले सस्थाको दूरदृष्टि (VISION) मा जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वासनीय संस्था हुन प्रयत्नशिल रहने प्रतिवद्धता जाहेर गरेको छ । यसले देशको स्रोत साधनको उद्देश्यमूलक तरिकाले जनताको हितका लागि उपयोगको सुनिश्चितता हुने गरि लेखापरीक्षण गर्दछ र यस्तो कार्यलाई सरकारी लेखापरीक्षण भनिन्छ । त्यसैगरी व्यावसायिक तथा निजी संस्थाको उद्देश्यअनुरुप कार्य भएको सुनिश्चितताको लागि त्यस्तो संस्थाले सरकारी निकायबाट पेशागत प्रमाणपत्र प्राप्त दर्तावाल लेखापरीक्षक वा चार्टर्ड एकाउन्टेन्ट्सबाट गराउने लेखापरीक्षण व्यावसायिक लेखापरीक्षण हो । सार्वजनिक स्रोत साधनको उद्देश्यमूलक उपयोग, वित्तीय उत्तरदायित्व, सुशासन र पारदर्शिताको प्रवर्द्धन तथा जनताले तिरेको करबाट सङ्कलित राजस्वबाट संसदले विनियोजन गरेअनुसार स्रोत साधनको अधिकतम र उचित तरिकाले उपयोग गरी सञ्चालन भएको छ छैन, लक्षित उपलब्धि हासिल भएको छ/छैन लगायतका विषयमा देशको सर्वोच्च लेखापरीक्षण संस्थाले लेखापरीक्षण गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाइएको हुन्छ । नेपालको संबिधान २०७२ को धारा २४१ मा सबै संघीय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहहरुको लेखापरीक्षण गरी प्रतिवेदन पेस गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ भने धारा २९४ अनुसार महालेखा परीक्षकले गरेको कामको वार्षिक प्रतिवेदन संघमा राष्टपति समक्ष र प्रदेशमा प्रदेश प्रमुख समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। यसरी पेस भएको प्रतिवेदन संघीय सार्वजनिक लेखा समिति र प्रदेश सार्वजनिक लेखासमितिमा छलफल हुने व्यवस्था छ। यसबाट सार्वजनिक स्रोत साधनको उद्देश्यमूलक उपयोगको मूल्याङ्कन भई आर्थिक अनुशासन कायम गर्न मार्गनिर्देशन प्राप्त हुने गर्दछ । त्यस्तै, स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन स्थानीय तहमा गठित लेखा समितिमा छलफल हुने व्यवस्था छ । व्यावसायिक संस्थाको लेखापरीक्षण प्रतिवेदन सम्बन्धित संस्थाको साधरण सभा, कार्यकारी निकाय, बोर्ड, समितिमा पेस गर्नुपर्ने व्यवस्था छ । यसबाट संस्थाको आर्थिक क्रियाकलापको स्वस्थता, संस्थाको निन्तरता,उद्देश्य प्राप्तिमा सफलता प्राप्त गर्न सहयोग पुग्ने बिश्वास गरिएको हुन्छ । यी सबै कार्यहरु जनहितका लागि गरिएको प्रवन्ध भएकोले यस आलेखमा लेखापरीक्षणका आधारभूत कुराहरुमा सामान्य विवेचना गरी लेखापरीक्षणले जनहित अर्थात जनताको सेवामा पुऱ्याएको योगदानका विषयमा जानकारी दिने प्रयास गरिएको छ ।

लेखापरीक्षण

लेखापरीक्षण भनेको एक विशेष परीक्षण हो । लेखापरीक्षण भन्नाले संस्थाको वित्तीय कारोबारको बाह्य व्यक्तिबाट गरिने परिक्षणलाई जनाउँछ । लेखापरीक्षणको उद्देश्य भनेको संस्थाको वित्तीय कारोबार जाँच गरी सो वित्तीय विवरणले संस्थाको वित्तीय अवस्था र कार्यसम्पादनको यथार्थ चित्रण गर्दछ वा गर्दैन भन्ने बारेमा लेखापरीक्षणमार्फत आफ्नो राय प्रकट गर्नु हो । Montgomery का अनुसार Auditing is a systematic examination of the books and records of business or other organization, in order to ascertain or verify and to report upon the facts regarding its financial operation and the result thereof" भनी परिभाषित गरेका छन् भने A.W.Hanson का अनुसार "An Audit is an examination of such records to establish their reliability and the reliability of statements drawn from them" र R.B Rose का अनुसार "Auditing may be said to be the Verification of the accuracy and correctness of the books of accounts by an independent person qualified for the job and not in any way connected with the preparation of such accounts" भनी परिभाषित गरेका छन् ।

लेखापरीक्षण ऐन २०७५ बमोजिम लेखापरीक्षण भनेको लेखापरीक्षण गरिने निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन र विश्लेषणका साथै सम्परीक्षणलाई समेत सम्झनुपर्दछ भनी परिभाषित गरेको छ ।

मूल्य मान्यताः कुनै पनि संस्था सञ्चालन हुन वित्तीय साधन जरुरत पर्दछ । वित्तीय साधन शरिरको रगत जस्तै हो । यस्तो साधनको परिचालन समुचित तरिकाले भए नभएको सम्बन्धमा राय दिनु एक प्रकारको ईश्वरीय कार्य पनि मान्न सकिन्छ । यस्तो कार्य गर्न महालेखापरीक्षकको कार्यालयले देहायका निश्चित मूल्य र मान्यतामा अडिग रहेर लेखापरीक्षण गरी समाजमा आफ्नो शाख कायम र वृद्धि गर्ने विश्वास लिएको छः

(क) स्वतन्त्रता (Independence)
(ख) निष्ठा (Integrity)
(ग) व्यवसायिकता (Professionalism)
(घ) पारदर्शिता (Transparency)
(ङ.) जवाफदेहिता (Accountability)

लेखापरीक्षण गर्दा लेखापरीक्षक स्वयम स्वतन्त्र हुनुपर्दछ । उसले आफ्नो स्वतन्त्रपूर्वक राय दिन सक्ने कानुनी र वित्तीय हैसियत प्राप्त गरेको हुनुपर्दछ । लेखापरीक्षकलाई लेखापरीक्षण गर्न कुनै संस्थामा जाँदा त्यो सस्थाको लेखापरीक्षण गर्न कानुनले अधिकार प्रदान गर्नुपर्दछ भने लेखापरीक्षण गराउने संस्थाले पनि गराउनु नै पर्ने बाध्यतात्मक कानुनी व्यवस्था हुनुपर्दछ । नेपालमा सरकारले तोकेको निश्चित बजेट र अन्य सेवा सुविधामा भर पर्नुपर्ने अवस्थाले गर्दा वित्तीय स्वतन्त्रतामा निर्धक्कको अवस्था छैन ।

लेखापरीक्षणको अर्को मान्यता निष्ठा रहेको छ । पेशाप्रति इमान्दारिता, निश्पक्ष व्यवहार, उच्च नैतिकता तथा सोझोपन (Straight forward) ले निष्ठालाई बुझ्न सहज बनाइदिन्छ । वास्तवमा निष्ठा व्यक्तिगत तथा अन्तरहृदयभित्र गडेको नैतिकता हो । यसले लेखापरीक्षणमा आउने आर्थिक तथा गैर आर्थिक अवसरलाई तिलाञ्जली दिन्छ । यो लेखापरीक्षणको माध्यमबाट प्राप्त हुने मुक्तिको मार्ग हो । यसले

लेखापरीक्षणको जीवनमा देखावटी कुरालाई गौण मान्दछ । साच्चै भन्ने हो भने निष्ठापूर्वक काम गर्दा मिठो निद्रा दिन्छ भने भविश्यमा पश्चातापबाट बचाउँछ अनि मुक्तिको मार्ग सहज र सरल बनाइदिन्छ । पूर्वीय दर्शनअनुसार स्वर्गको वास गराउछ । भौतिक तथा उपभोक्तावादले गाँजेको समाजमा निष्ठा जोखिमयुक्त रहेको अनुमान गर्न सकिन्छ ।

व्यावसायिकता लेखापरीक्षणको अर्को मूल्यमान्यता हो । यसभित्र पेशागत सक्षमता र व्यवसायिक आचरणको अपेक्षा गर्दछ । एकातिर लेखापरीक्षकले लेखापरीक्षण सम्बन्धी ज्ञान र सीप मौजुद भएको कारण कानुनसम्मत सेवा दिन्छ भने व्यावसायिक प्रतिष्ठामा आँच नआउने गरी आचरण र व्यवहारको सदैव अपेक्षा गर्दछ । यसकारण लेखापरीक्षणमा पेशासम्बन्धी ज्ञान आर्जन गर्न अध्ययनशिल हुनुको साथै प्राप्त ज्ञान र सीपलाई कार्यान्वयन गर्नुपर्दछ त्यसपछि मात्र यो मान्यताले न्याय पाउँदछ। नेपालमा पेशागत ज्ञान र सीप वढेको छ भने त्यसलाई व्यवहारमा ल्याउने कार्यमा पनि प्रगति भएको देखिन्छ।

लेखापरीक्षणमा पारदर्शिता अर्को महत्वपूर्ण मान्यता हो । पारदर्शिता भनेको नांगै होइन छ्यांगै हो । निर्णय तथा कार्यान्वयनमा खुलापन हो । सूचनामा सहज पहुच र सूचनाको स्वतन्त्र प्रवाह हो । निर्णयलाई छोप्नु पारदार्शिता होइन । निर्णयको गोपनीयताले भ्रष्टाचारलाई जन्म दिने गर्छ । पारदर्शिताले सुशासनलाई प्रवर्द्धन गर्दछ । यसकारण महालेखापरीक्षकको कार्यालयले यसलाई लेखापरीक्षणको महत्वपूर्ण मूल्य मान्यता मानेको छ ।

जवाफदेहिता भन्नाले सार्वजनिक पदमा पदासिन व्यक्तिहरुबाट सम्पादित काम, कर्तव्य र जिम्मेवारी निर्वाह गर्दा भए गरेका काम र निर्णयका बारेमा सरोकारित तथा अन्य सर्वसाधरणलाई नियमले दिन मिल्ने कुराहरुको जानकारी दिने वा गराउने कर्तव्यलाई बुझिन्छ। जवाफदेहिता कामको प्रकृतिको आधारमा न्यायिक, प्रशासनिक, राजनैतिक र वित्तीयलगायतमा विभक्त गर्न सकिन्छ । मुलुकको सुशासनको अवस्थाको एउटा मानक जवाफदेहिता रहेको छ । यसकारण पनि महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणको मूल्य मान्यतामा राखेको छ । नेपालको सन्दर्भमा महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण क्रममा प्रवेश बैठक गर्दा लेखापरीक्षणको क्षेत्र र तरिकाको जानकारी दिने, लेखापरीक्षण गरिने कार्यालयबाट सम्पादन भएका काम सम्बन्धी जानकारी लिने, लेखापरीक्षणको क्रममा देखिएका व्यहोरामा जिम्मेवार कर्मचारीले जवाफ र प्रमाण पेस गर्न लगाउने, प्रतिवेदनको मस्यौदा दिने कार्यालय प्रमुखलगायतका अन्य सम्बन्ध कर्मचारीको रोहवरमा प्रतिवेदनमाथि वहिर्गमन बैठकमा छलफल गराउने, ३५ दिने म्यादसहित प्रारम्भिक प्रतिवेदन पठाउने, महालेखापरीक्षकज्यूले राष्ट्र प्रमुखसमक्ष पेस गर्ने प्रतिवेदनमा समेत छलफल गराउने र लिखित जवाफ दिन समय दिने, सरोकारवाला तथा अन्य व्यक्तिले मागेको सूचना तथा प्रतिवेदन उपलब्ध गराउने लगायतका लेखापरीक्षणका प्रत्येक तहमा लेखापरीक्षक तथा लेखापरीक्षण गरिने निकायका तर्फबाट समेत दोहोरो जवाफदेहिता तथा पारदर्शिता प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

व्यवसायिक लेखापरीक्षणका आधारभूत सिद्धान्तको रुपमा माथि उल्लेख गरेका जवाफदेहिता र पारदार्शिता बाहेक वस्तुनिष्ठता (Objectivity), गोपनीयता (Confidenntiality) र प्राविधिक मान (Technical Standards) समावेश गरिएको छ । यी सिद्धान्तहरु सरकारी लेखापरीक्षणमा समेत लागू हुन्छ ।

वस्तुनिष्ठता भनेको लेखापरीक्षक पूर्वाग्राही, पक्षपाती वा स्वार्थी नभई निष्पक्ष र वस्तुनिष्ठ रहनुपर्दछ। पारदर्शिता र जवाफदेहिताबाट पनि वस्तुनिष्ठताको परिपालनामा सहयोग गरेको छ । व्यवसायिक लेखापरीक्षण

गर्दा ग्राहकको व्यवसायिक सूचनाको गोपनीयता सदैव राख्नुपर्दछ । यस्तै लेखा व्यवसायीले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सम्पूर्ण प्राविधिक मानहरु इमान्दारीपूर्वक पालना गर्नुपर्दछ । सामान्यतया नेपालमा ग्राहकको गोपनीयता कायम नै भएको छ भने प्राविधिक मानको पालना गर्न समय सीमा तोकिएको छ । तर प्राविधिक ज्ञान र सीप भएका व्यक्तिहरु पर्याप्त नभएकोले पालना गर्ने प्रयास भइरहेकोछ । सरकारी कार्यालयहरुले सार्वजनिक क्षेत्र लेखामानको प्रयोग गर्ने सम्बन्धमा वि.सं. २०६५ मा नेपाल सरकार (मन्त्रिपरिषद) ले निर्णय गरेको भए पनि हालसम्म पूर्ण पालना गर्ने गराउनेतर्फ प्रयास भइरहेको छ । माथि उल्लेख गरेका मूल्य मान्यता र आधारभूत सिद्धान्तको अन्तरहृदयबाटै परिपालना गरेर लेखापरीक्षण कार्य सम्पन्न गर्न सकेमा लेखापरीक्षणले वास्तवमा नै जन सेवा गर्ने कुरामा दुविधा रहँदैन ।

लेखापरीक्षण सरकारी तथा व्यावसायिक गरी दुई प्रकारका हुने गर्दछन । सरकारी लेखापरीक्षण सरकारले स्थापना गरेका निकायहरुमा हुने आर्थिक कारोबार तथा कार्यसम्पादनको लेखापरीक्षण हो भने व्यावसायिक लेखापरीक्षण भन्नाले सरकारी लेखापरीक्षण बाहेक नाफा कमाउने वा नकमाउने गरी स्थापना भएका कम्पनी, सहकारी, फर्म, गैरसरकारी संस्थालगायतका संस्थाको लेखापरीक्षण हो ।

सरकारी लेखापरीक्षण

नेपालको सन्दर्भमा सरकारी लेखापरीक्षण विगतमा कुमारी चोकले गरेको थियो भने आधुनिक लेखापरीक्षणको लागि एक महालेखापरीक्षक रहने संवैधानिक व्यवस्था नेपाल अधिराज्यको संविधान २०१५ देखि शुरु भएको हो । महालेखापरीक्षकलाई तोकिएको संवैधानिक दायित्व पूरा गर्न संगठन संरचना, दरबन्दी, कार्यविधि, मानदण्ड, मार्गनिर्देशनलगायतको व्यवस्था गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षण भनेको लेखापरीक्षण गरिने निकायको लेखा तथा लेखासंग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन र विश्लेषणलाई समेत संझनुपर्दछ भन्ने व्यवस्था छ । वित्तीय, नियमितता र कार्यमूलक गरी ३ प्रकारले लेखापरीक्षण गर्ने गरिन्छ । वित्तीय लेखापरीक्षण भनेको आर्थिक विवरण र सो आर्थिक विवरण कुन स्रेस्ता खाताबाट आएको हो भिडान गर्ने, नेपाल लेखामानअनुसार वित्तीय विवरण तयार गरे नगरेको यकिन गर्ने लगायतका वित्तीय विवरणसँग सम्बन्धित लेखापरीक्षण पर्दछ । त्यसै गरेर नियमिताको लेखापरीक्षण भनेको प्रचलित ऐन नियमबमोजिम आर्थिक कारोबार भए नभएको यकिन गर्ने र लेखापरीक्षण ऐनले लेखापरीक्षण गर्ने विषयहरुमध्ये नियमिततासँग सम्बन्धित कुराहरु यकिन गर्ने लगायतका विषयहरु यसभित्र पर्दछन् । कार्यमूलक लेखापरीक्षण गर्दा स्रोतको उपयोग गर्दा मितव्ययी तरिकाले अर्थात न्यूनतम लागतमा आवश्यक गुणस्तरको वस्तु तथा सेवा खरिद गरे नगरेको परीक्षण गर्ने रहेको छ । यसै गरेर कार्यदक्षतापूर्वक काम गर्ने अर्थात काम गर्दा उपयुक्त सिपको उपयोग गर्ने अर्थात् मितव्ययी तरिकाले खरिद गरेको वस्तु तथा सेवाको उपयोग गर्दा सकेसम्म Wastage कम हुने गरी वा दुरुपयोग नहुने गरी व्यवस्थापन गर्ने विषय पर्दछ । यस्तै निश्चित उद्धेश्य राखी कुनै काम तथा कार्यालय स्थापना भएको हुन्छ सो उद्धेश्य पुरा गर्ने गरी मितव्ययी तरिकाले खरिद गरेको वस्तु वा सेवाको उपयोग Wastage नहुने गरी दक्षतापूर्वक वा सिपालु व्यक्तिबाट कार्य गरे गराएको छ छैन यकिन गर्ने गरी परिक्षण गर्ने कुरा प्रभाकारिताको विषयभित्र पर्दछ ।

लेखापरीक्षण गर्ने विषयमा पनि नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा समेत लेखापरीक्षण गर्न सकिने व्यवस्था लेखापरीक्षण ऐन, २०७५ ले गरेको छ । लेखापरीक्षण

ऐन, २०७५ को दफा ९ अनुसार औचित्यको आधारमा लेखापरीक्षण गर्ने सम्बन्धमा (क) खर्च गर्दा नियम कानुन पुगेको भएता पनि वेमुनासिव तरिकाले राष्ट्रिय धनको हानी नोक्सानी हुने गरी खर्च गरेको देखेमा त्यस्तो निकासा र खर्चको सम्बन्धमा (ख) चलअचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्तांकन वा खानी, जंगल, जलशक्ति आदि प्रयोग गर्न जारी भएका लाइसेन्स, पट्टा, अनुमतिपत्रलगायतका सवै निकासाहरु र (ग) वस्तु वा सेवाको खरिद, मर्मत, सेवा प्रवाह र राजस्व परिचलन सम्बन्धमा पनि उचित तथा जायज छन छैनन् ती विषय पनि लेखापरीक्षणको दायराभित्र पारिएका छन् । यसका अतिरिक्त सूचना प्रविधि, वातावरणीय, लैंगिक र विधि विज्ञानसम्बन्धी लेखापरीक्षण गर्ने व्यवस्था पनि उक्त ऐनले महालेखापरीक्षकलाई अधिकार दिएको छ ।

महालेखापरीक्षकको ५७ औं प्रतिवेदन २०७७ अनुसार संघीय सरकार, प्रदेश सकार, स्थानीय सरकार, समिति, संघ संस्थासमेत झण्डै ६ हजारको हाराहारीमा रहेका कार्यालयमध्ये ५ हजार ६ सय १९ निकायको मात्र लेखापरीक्षण गराएको उल्लेख छ । लेखापरीक्षण नगराउने निकाय वर्षेनी थप हुँदै गएर सरकारीतर्फ २ हजार ९०२ कार्यालयको, संस्थानतर्फ १८ संस्थाको ४७ आर्थिक वर्षको र ६ स्थानीय सरकारको लेखापरीक्षण भएको छैन ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ अनुसार आर्थिक वर्ष २०७५।७६ मा संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्था, जिल्ला समन्वय समिति समेतको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सो मध्ये ३ हजार ११० संघीय सरकारी निकाय र ७७ जिल्ला समन्वय समितितर्फ रु.१७ खर्ब ५६ अर्ब ४ करोडको लेखापरीक्षणबाट रु.७१ अर्ब ६ करोड अर्थात् ४.०५ प्रतिशत बेरुजू देखिएको छ । यो वर्ष प्रदेशतर्फ ९९८ कार्यालयको रु.१ खर्ब ८९ अर्ब २५ करोडको लेखापरीक्षणबाट रु.८ अर्ब २० करोड अर्थात् ४.३३ प्रतिशत बेरुजू कायम भएको र ७४७ स्थानीय तहको रु.७ खर्ब ४० अर्ब ६५ करोडको लेखापरीक्षणबाट रु.३८ अर्ब १३ करोड अर्थात् ५.१५ प्रतिशत बेरुजू देखिएको छ । यस्तै सार्वजनिक संस्था र अन्य समितिको रु.२४ खर्ब ९८ अर्ब ८७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको अतिरिक्त ३२ संगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रु.७ खर्ब ४७ अर्ब ८० करोडको लेखापरीक्षण भएको छ । सोसमेत यस वर्ष रु.६१ खर्ब २२ अर्ब ४९ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोडमा फछर्यौट गरिएको अङ्क घटाई यो वर्ष थप भएको रु.४० अर्ब ८४ करोडसमेत रु.४ खर्ब १८ अर्ब ३२ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.७ अर्ब ४८ करोड असुल भएको छ । अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रु.६ खर्ब ८३ अर्ब ६६ करोड रहेकोमा विगतको बेरुजू फछर्यौट भएको तदारुकता, राजस्व बक्यौता समयोजन एवं असुली, शोधभर्ना प्राप्तिमा सुधारलगायतका कारण यस वर्ष केही कमी भई रु.६ खर्ब ६४ अर्ब ४४ करोड कायम भएको छ । **(महालेखा परीक्षकको ५७औं वार्षिक प्रतिवेदन २०७७)**

लेखापरीक्षणको क्रममा बजेट तर्जुमा र कार्यान्वयन, राजस्व प्रशासन, आयोजना एवं खरिद व्यवस्थापन, खर्च कटौती, अनुदान खर्चको अनुगमन र नियमन, सेवा प्रवाह, सूचना प्रविधिको प्रगोग, संस्थान सञ्चालन, लेखाङ्कन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक र अन्तिम लेखापरीक्षण,

सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, संघीयता कार्यान्वयन, प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन लगायतका विषयमा रहेका कमी कमजोरी सुधारका लागि सुझावहरुसमेत प्रस्तुत गरिएको छ । यी सुझावहरुको कार्यान्वयनबाट वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाई सार्वजनिक प्रशासनमा वित्तीय उत्तरदायित्वलाई प्रवर्द्धन गर्ने विश्वास गर्न सकिन्छ ।

व्यावसायिक लेखापरीक्षण

निजीस्तरमा सञ्चालन भएका फार्म, कम्पनी, सहकारी, गैरसरकारी संस्था, उपभोक्ता समिति लगायतका संस्थाको लेखापरीक्षण व्यावसायिक लेखापरीक्षणभित्र पर्दछ । यी संस्थाको लेखापरीक्षण गर्ने मानक तयार गर्न र नियमन गर्न अन्तराष्ट्रिय स्तरको संस्था IFAC (International Federation of Accountants) ७ अक्टुबर सन् १९७७ मा स्थापना भएको छ । CAPA (Confederation of Asia Pacific Accountants) को सन् १९५७ नोभेम्वर २८ देखि १ डिसेम्बरसम्म पहिलो सम्मेलन भयो । SAFA (South Asian Federation of Accountants) सन् १९८४ मा स्थापना भएको छ । यी सबै संस्थाहरुको प्रमुख उद्धेश्य नै लेखा व्यवसायसम्बन्धी विचार र ज्ञानको आदान प्रदान गर्ने, लेखा तथा लेखापरीक्षण पेशालाई व्यवस्थित गर्ने र एकरुपता कायम गर्ने लगायतका विषय रहेका छन । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स सस्था (ICAN) ३० जनवरी सन् १९९७ मा स्थापित भएको यसले माथि उल्लिखित अन्तराष्ट्रिय र क्षेत्रीय संस्थाहरुको सदस्य रहेको छ । यसका साथै नेपाल लेखापरीक्षणमान बोर्ड र लेखामान बोर्ड रहेका छन् । यी सस्था तथा बोर्डले लेखा तथा लेखापरीक्षणको पेशालाई मर्यादित, विस्तार, विकासका साथै मानदण्ड (Standards) तयार गर्ने र नियमन गर्ने गर्दछन ।

आर्थिक वर्ष २०७६।७७ को वार्षिक प्रतिवेदनअनुसार २०७७ आषाढ मसान्तसम्ममा स्थायी व्यवसायिक लेखानम्बर लिनेको संख्या १३ लाख ५८ हजार ९३४ (आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन २०७७) पुगेको छ । यसै हिसाबले २०७८ आषाढसम्म झण्डै १५ लाख पुग्ने देखिन्छ । यी बाहेक सरकारी विद्यालय झण्डै ३६ हजार जति रहेका छन् । यी सबैको लेखापरीक्षण नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थामा दर्ता भई नवीकरण गरेका चार्टर्ड एकाउण्टेण्ट ६८५, दर्तावाला लेखापरीक्षकमध्ये ख वर्गका १३२८, ग वर्गका ५६६ र घ वर्गका ९४३ समेत ३५२२ लेखापरीक्षण व्यवसायीबाट हुने गर्दछ । यस हिसाबले विश्लेषण गर्दा एक लेखापरीक्षण व्यवसायी बराबर ४३६ वटा व्यवसायिक फर्म तथा कम्पनी पर्ने देखिन्छ ।

लेखापरीक्षण सञ्चालन प्रक्रिया अन्तर्गत Entrance Meeting, लेखापरीक्षण योजना तथा कार्यक्रमको आधारमा Audit Execution, Exit Meeting, Reporting जस्ता चरणहरु अवलम्बन गर्नुपर्ने देखिन्छ ।

प्राइभेट कम्पनीको लेखापरीक्षकको नियुक्ति समान्यतया साधरण सभाबाट हुने गर्दछ । सम्बन्धित ऐन तथा कानुनले लेखापरीक्षकले लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने कुरा उल्लेख गरेका छन् । कम्पनी ऐन, २०६३ को दफा ११५ मा लेखापरीक्षकको काम र कर्तव्य देहायानुसार उल्लेख छः

(क) लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाब, किताब र लेखाको आधारमा कम्पनीको वासलात, नाफा नोक्सानीको हिसाब तथा नगद प्रवाह विवरण प्रमाणित गरी शेयरधनीहरु वा नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कम्पनीलाई दिनुपर्नेछ ।

(ख) लेखापरीक्षकको प्रतिवेदन प्रचलित कानुनअनुसार वा अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखापरीक्षणमान (अडिट स्ट्याण्डर्ड) अनुरुप हुनुपर्नेछ र त्यस्तो प्रतिवेदनमा आवश्यकताअनुसार यस ऐनबमोजिम खुलाउनुपर्ने कुराहरु उल्लेख गर्नुपर्नेछ ।

(ग) उपदफा (ख) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा अन्य कुराहरुको अतिरिक्त देहायका कुरा पनि खुलाउनुपर्नेछः

- लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टीकरण उपलब्ध भए वा नभएको,
- यस ऐनअनुरुप कम्पनीले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखे वा नराखेको,
- प्राप्तभएको वासलात, नाफा नोक्सानीको हिसाब र नगद प्रवाह विवरण प्रचलित कानुनबमोजिम निर्धारण गरिएको लेखामानअनुरुप तयार भए वा नभएको र त्यस्ता विवरणहरु कम्पनीले राखेको लेखास"ग दुरुस्त रहे वा नरहेको,
- लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा लेखापरीक्षकको राय साथ प्रस्तुत वासलातले कम्पनीको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सानीको हिसाब र नगद प्रवाह विवरणले क्रमशः कम्पनीको नाफा नोक्सान र नगद प्रवाहको समुचित चित्रण गरे वा नगरेको,
- सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुन विरुद्ध काम काज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानि नोक्सानी गरे वा गराएको भए सो कुरा,
- कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरे वा नगरेको,
- कुनै सुझाव भए त्यस्ता सुझावहरु ।

बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६६ बमोजिम लेखापरीक्षकको काम कर्तव्य र अधिकार देहायानुसार हुनेछ भनि उल्लेख गरेको छः

(क) लेखा तथा वित्तीय विवरणको लेखापरीक्षण गर्ने,

(ख) आफूले लेखापरीक्षण गरेको लेखा, वासलात तथा नाफा नोक्सान हिसाब समावेश गरी बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिमा लेखापरीक्षण प्रतिवेदन तयार गरी पेस गर्ने,

(ग) बैङ्क तथा वित्तीय संस्थाको काम कारबाहीमा अनियमितता देखिएको सही ढङ्गले काम हुन नसकेको र त्यस्तो विषयले बैङ्क तथावित्तीय संस्थालाई हानि नोक्सानी पुग्ने देखिएमा सञ्चालक समितिलाई सोको जानकारी गराउने ।

(घ) देहायको अवस्था आउन सक्ने सम्भावना देखिएमा राष्ट्र बैङ्कलाई सो को जानकारी गराउनेः

- राष्ट्र बैङ्कले बैङ्क वा वित्तीय संस्थाको इजाजतपत्र दिदा तोकेका शर्त वा यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम विनियम वा दिएको निर्देशन आदीको उल्लंघन हुने,
- लेखापरीक्षकलाई लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नबाट रोक्ने वा गलत लेखापरीक्षण प्रतिवेदन पेस गर्न लगाउने ।

(ङ) लेखापरीक्षकलाई आफ्नो कर्तव्य पालनाको सिलसिलामा जुनसुकै वखत बैङ्क वा वित्तीय संस्थाको खाता, हिसाबकिताव, लेखा, भौचरलगायत सवै कागजात र लागतको निरीक्षण गर्ने अधिकार हुनेछ र लेखापरीक्षकले आफ्नो काम उपयुक्त ढंगबाट पुरा गर्ने तथा कर्तव्य पालन गर्ने क्रममा बैङ्क वा वित्तीय संस्थाको पदाधिकारीसंग निजले आवश्यक ठानेको जानकारी र स्पष्टीकरण माग गर्न सक्नेछ ।

(च) लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा देहायका विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

- माग गरेको विषयमा जवाफ प्राप्त भए नभएको
- वासलात, वासलात वहिरको कारोबार, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण राष्ट्र बैङ्कले तोकेको ढाँचा र तरिका अनुसार भए नभएको र उक्त विवरण बैङ्क वा वित्तीय संस्थाले राखेको हिसाब किताव, वही खाता, श्रेस्ता र लेखासँग दुरुस्त रहे नरहेको,
- प्रचलित कानुन बमोजिम हिसाबकिताव,वही, खाता, स्रेस्ता र लेखा ठीकसंग राखे नराखेको,
- बैङ्क वा वित्तीय संस्थाको कुनै पदाधिकारीले प्रचलित कानुन विपरीत कुनै कामकाज वा अनियमित कार्य गरे नगरेको वा बैङ्क वा वित्तीय संस्थाको हानि नोक्सानी भए नभएको,
- कर्जा अपलेखन विनियमावली वा राष्ट्र बैङ्कको निर्देशनबमोजिम कर्जा अपलेखन गरे नगरेको,
- बैङ्क वावित्तीय संस्थाको कारोबार राष्ट्र बैङ्कले तोके बमोजिम सन्तोषप्रद रुपबाट सञ्चालन भए नभएको ,
- शेयर धनीलाई जानकारी दिनुपर्ने विषय,
- प्रचलित कानुनले तोकेको विषय तथा राष्ट्र बैङ्कले लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने भनी तोकेका अन्य विवरण,
- लेखापरीक्षकले दिन आवश्यक ठानेका अन्य सुझाव

(छ) लेखापरीक्षकको प्रतिवेदन प्राप्त गरे पछि राष्ट्र बैङ्कले आवश्यक ठानेमा बैङ्क वा वित्तीय संस्थाको लेखापरीक्षकलाई देहायका थप कार्य गर्न आदेश दिन सक्ने छ ।

- लेखापरीक्षणका सम्बन्धमा राष्ट्र बैङ्कले आवश्यक ठानेको अतिरिक्त जानकारी पेस गर्न,
- बैङ्क वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको कारोबारको लेखापरीक्षणको क्षेत्रलाई व्यापक वनाउन,
- कुनै खास विषयमा राष्ट्र बैङ्कले तोके बमोजिम वा बैङ्क वित्तीय सस्थालाई सिफारिस गरे बमोजिम अन्य जाँच गर्न ।

सहकारी ऐन अनुसार सञ्चालित सहकारी संस्था, बीमा ऐन बमोजिम सञ्चालित बीमा कम्पनीहरु र शिक्षा ऐन बमोजिम सञ्चालित विद्यालयको लेखापरीक्षणमा ती ऐनले लेखापरीक्षकको काम, कर्तव्य र अधिकारका विषयमा विशेष व्यवस्था गरेको नदेखिएकाले नेपाल लेखापरीक्षणमान बोर्डबाट प्रकाशित लेखापरीक्षण सम्बन्धी स्टयाण्डर्ड नै लागू हुन्छ । कम्पनी ऐन र बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐनबमोजिम स्थापित र सञ्चालित संघ संस्था तथा कम्पनीहरुको हकमा ती ऐनले तोकेका काम कर्तव्य र अधिकारका अतिरिक्त नेपाल लेखापरीक्षणमान बोर्डले प्रकाशित गरेका लेखापरीक्षणका स्टयाण्डर्डहरुको समेत पालना गरी लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ ।

प्राइभेट लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित संस्थाको साधरण सभामा पेस गरिन्छ । साथै नियमन गर्ने निकाय र पेस गर्नुपर्ने भनी किटानी व्यवस्था भएकोमा सो निकायमा समेत प्रतिवेदन पेस गरिन्छ । आजसम्म व्यावसायिक लेखापरीक्षण प्रतिवेदनबाट यति रकमको यस्तो बेरुजू भनेर यदाकदा सुनिए पनि उल्लेखनीय रुपमा नियमन निकायहरुले एकीकृत प्रतिवेदन तयार गर्ने प्रभावकारी व्यवस्था छैन । साधरण सभा नै उक्त संस्थाको लागि संसद हो र त्यही छलफल गरी टुँगो लगाइन्छ ।

लेखापरीक्षणको भूमिका

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ मा कार्यालयको खर्च र कार्यालयको जनशक्तिबाट सम्पन्न लेखापरीक्षणको अङ्क रु.५१ खर्ब ७१ अर्ब ६४ करोड तुलना गर्दा लेखापरीक्षण खर्च प्रति लाखमा रु.७.३३ रहेका कारण लेखापरीक्षण स्वयममा खर्चिलो देखिँदैन । प्रतिवेदनले लेखापरीक्षणको माध्यमबाट आर्थिक कारोबार विकास निर्माण र सेवाप्रवाहको सिलसिलामा भएका कमी कमजोरी र सार्वजनिक नीतिको कार्यान्वयन पक्षलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट मूल्याङ्कन गरी सजग गराएको छ । फलस्वरुप राज्यको स्रोत साधनको अपव्यय, दुरुपयोग, हानि-नोक्सानी, चुहावट रोकथाम एवं स्रोत साधनको उपयोगबाट उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग पुगेको छ । लेखापरीक्षणले औँल्याएका विषयहरुको सम्बोधनबाट सरकारी रकम असुल भई सञ्चित कोषमा जम्मा भएको तथा ऐन, नियम, नीति, संगठनात्मक सुधारको कारणबाट समेत राज्यलाई थप राजस्व प्राप्त भएको छ । राजस्व छुट एवं फिर्ता दिने व्यवस्थाको पुनरावलोकन पश्चात् राजस्व सङ्कलनमा वृद्धि हुने अवस्था सिर्जना भएको छ। सार्वजनिक खर्चमा मितव्ययिता, कार्यदक्षता र जनतालाई प्रवाह हुने सेवामा प्रभावकारिता आएको छ । तसर्थ आर्थिक अनुशासन कायम गरी जनताले तिरेको करबाट प्राप्त राजस्व अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गराउन लेखापरीक्षणको योगदान रहेको छ ।

घटी राजस्व असुल गरेको, कोषमा मौज्दात निष्क्रिय राखेको, बढी भुक्तानी गरेको र प्रचलित कानुनको पालना नगरी खर्च गरेको व्यहोरा असुलउपर गर्न लेखापरीक्षणले औँल्याए पश्चात् असुल भई राज्य कोषमा २०७३।७४ मा रु.१४ अर्ब ९ करोड ११ लाख, २०७४।७५ मा रु.९ अर्ब ७० करोड ४ लाख र २०७५।७६ मा रु.७ अर्ब ४७ करोड ८० लाख असुल भएको व्यहोरा पनि २०७७ कै वार्षिक प्रतिवदेनमा उल्लेख छ ।

व्यावसायिक लेखापरीक्षणले वित्तीय प्रतिवेदनको यथार्थता प्रमाणित गर्दछ । जसले गर्दा समाजमा आर्थिक अराजक संघ संगठन अस्तित्वमा रहेका छैनन् भन्ने निश्चित गर्दछ । तिर्नुपर्ने कर समयमा दाखिला गराई सरकारी कोषलाई मजबुत गराउने काममा निजी क्षेत्रको लेखापरीक्षणबाट पनि उल्लेखनीय सहयोग भएको छ । यसले गर्दा गरिबी निवारण र पूर्वाधार विकास गर्न मद्दत गर्दछ । निजी क्षेत्रको वित्तीय सुशासन र लेखा व्यवस्थित गर्न सहयोग गरेको छ । यसबाट पनि समाज र देशका साथै जनहितमा समेत महत्वपूर्ण योगदान गरेको छ भन्नेमा कञ्जुस्याइ गर्नु उचित होइन ।

निष्कर्ष

सार्वजनिक प्रशासनको रक्त सञ्चार आर्थिक प्रशासन हो । आर्थिक प्रशासनको शुद्धता जाच्ने आधार भनेको लेखापरीक्षण हो । लेखापरीक्षणबाट वित्तीय जवाफदेहिता बहन गर्न जिम्मेवार पदाधिकारीलाई

प्रोत्साहन गर्दछ । व्यक्ति, परिवार, निजी व्यवसाय, साझेदारी व्यवसाय, समाज, समुदाय, सार्वजनिक संस्था, सार्वजनिक कम्पनी, सरकारी निकाय सबैले आआफ्नो नियम, पद्धति, परम्परा, रिति स्थिति, चलनअनुसार मान्य व्यवहारको अवलम्बनको सुनिश्चितताबाट नै व्यक्ति समाज, राष्ट्रको समुन्नति हुन्छ । व्यक्तिगत आयव्ययको समेत लेखा राख्ने, उद्देश्यमूलक उपयोगको सुनिश्चितता गर्ने कार्यले आफैलाई जिम्मेवार बनाउँदछ। त्यस्तै, सार्वजनिक निकायको लेखा राख्ने, लेखापरीक्षण गराउने, वित्तीय जवाफदेहिता पालना गर्ने, आर्थिक अनुशासनमा रहने आदि व्यवस्था ऐन नियममै गरिएको हुन्छ । नियमको पालनाबाट नै अनुशासित पद्धतिको विकास हुन्छ । यस्तो कार्य सामूहिक भावनाबाट मात्र सम्भव छ । लेखापरीक्षणले सदैव सुधारको अपेक्षा गर्दछ र त्यही अनुरुप प्रतिवेदनमार्फत आफ्नो राय व्यक्त गर्दछ । लेखापरीक्षणमा राष्ट्रिय अन्तर्राष्ट्रिय मानदण्डको पालना, सरोकारवालहरुको सहभागिता, विधिसम्मत पद्धतिको अवलम्बन, स्रोत साधनको उद्देश्यमूलक उपयोगको मूल्याङ्कन, गुणस्तरीय प्रतिवेदनले लेखापरीक्षणको विश्वासनीयता अभिवृद्धि गर्दछ । कुनै संस्थाको लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित व्यहोराको कार्यान्वयनबाट भएको सुधारको श्रेय सामूहिक रुपमा स्वामित्व ग्रहण गर्न आवश्यक देखिएको छ । व्यक्तिगत होस वा सार्वजनिक निकायमा कानुनको पालना सम्बन्धमा दूधको दूध र पानीको पानी छुट्याउन सक्ने कानुनी र नैतिक व्यवस्था कायम गरी लेखापरीक्षणले जनसेवाका लागि गरेको भूमिकामा अझ सशक्त बनाउनुपर्दछ । यसबाट नै समग्र रुपमा लेखापरीक्षणबाट समाज अनि राष्ट्रलाई योगदान पुगेको मानिनेछ ।

सन्दर्भ सामाग्रीहरु

१. नेपालको संविधान
२. लेखापरीक्षण ऐन, २०७५
३. कम्पनी ऐन, २०६३
४. बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३
५. सहकारी ऐन, २०७४
६. शिक्षा ऐन, २०२८
७. कल्याण पत्रिका सेवा अङ्क जनवरी २०१५, गिता प्रेस
८. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था वेभसाइट (WWW.ican.org.np)
९. महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन, २०७७
१०. विकीपिडिया (http://ne.wikipedia.org.wiki) लेखापरीक्षण
११. आचारसंहितासम्बन्धी संक्षिप्त जानकारी, नेपाल चार्टटर्ड एकाउन्टेन्टस् संस्था
१२. सरकारी लेखापरीक्षण प्रणली, लेखक बद्रीबहादुर कार्की

वित्तीय व्यवहार, निगरानी तत्व र नागरिक अपेक्षा

रमेश ढकाल
निर्देशक

१. पृष्ठभूमि

सामान्य अर्थमा वित्तीय व्यवहार नगद व्यवस्थापनसँग नजिकिँदो शब्दावली हो । सो शब्दावलीभित्र नगद, क्रेडिट र वचत समावेश हुने गर्दछ । गरिबी निवारणमा टर्कीमा गरिएको एक अनुसन्धानबाट वित्तीय व्यवहारमा उत्तम निर्णय गर्ने कला हो जसले अपेक्षा र वास्तविकतामा उतार गर्न खोजिएको उद्देश्यलाई गरिबी निवारणसँग समन्वय गर्दछ ।अर्थात् उद्देश्यअनुरुप असल निर्णयले असल काममा वित्तको सर्वोत्तम परिचालन र उपयोग नै वित्तीय व्यवहार भएको पुष्ट्याउँछ ।गरिबी र गरिबी निवारणमा वित्तको परिचालनमा अपनाइएको एउटा व्यावहारिक घटना हो जसले टर्कीमा राम्रो भूमिका समेत खेलेको थियो । अनुसन्धानले मूलतः वित्तीय लक्ष्य तयार गर्नुपर्ने र उक्त लक्ष्यमा वास्तविक योजना तयार गर्नुपर्ने र उक्त लक्ष्यमा वास्तविक लक्ष्य तयार गर्ने, आपतकालीन फण्डको तादात्म्य मिलाउने, नियमित तथा अनियमित खर्चहरुको नियन्त्रण गर्ने र सम्पत्तिको सामयिक सुरक्षा अपनाउने गरी वित्तको परिचालन र उपयोगलाई समेटेको छ। अतः उल्लिखित विषयवस्तुमा ध्यान केन्द्रित गर्न सकेमा मात्र उत्तम प्रतिफल प्राप्त हुने कुरामा विश्वास दिलाएको छ । वित्तीय व्यवहार वित्तीय व्यवस्थापनभित्रको एउटा पक्ष हो जुन नगदको प्राप्ती, विभाजन, वितरण र परिणामसँग सम्बन्ध राख्दछ । तसर्थ वित्तीय व्यवहार मूलतः असल डेलिभरीबाट उत्तम परिणाम नै भएकोले नागरिक अपेक्षासँग जोड्ने काम गरिन्छ ।

नेपालको सन्दर्भमा गरिबी निवारणमा परिचालन भएको वित्तले के राम्रो भूमिका खेलेको छ र अर्थात् वास्तविक र सामयिक योजना अनुरुप अपेक्षित वर्गमा वित्तको परिचालनमा व्यवहार असल छ वा लाजमर्दो छ सोको बारेमा विभिन्न तत्वहरुलाई यहाँ समेट्ने प्रयास गरिएको छ । नेपालको संविधानले आर्थिक लोकतन्त्रलाई सर्वोपरि मान्यता प्रदान गरेको छ । उत्पादन, उपयोग, वितरणमा समान अधिकार स्थापित गरेको छ । सो अनुरुप सबैभन्दा बढी फाइदा नागरिकमा ट्रान्सफर भएको हुनुपर्ने स्थितिमा सोको अवस्था हामीकहाँ वास्तविक छ त ? यिनै सन्दर्भमा आर्थिक लोकतन्त्र, वित्तीय व्यवहार तथा परिणाम, वित्तीय व्यवस्थापन र व्यवहारगत पक्ष, वित्तीय व्यवहारमा देखिएका समसामयिक पक्षहरु, नागरिकको अपेक्षा तथा निगरानीगत तत्वहरु, वित्तीय व्यवहार र रुपान्तरण, वित्तीय व्यवहारमा अपनाउने कार्यदक्षता र परिस्थितिगत विश्लेषण लगायतका पक्षमा विश्लेषण गरिएको छ । नागरिक अपेक्षाको कसीमा हाम्रो वित्तीय व्यवहार दिगो र आउटकमसँग किन तालमेल हुन सकेन यस विषयमा केन्द्रित भई विषयवस्तुलाई निगरानीगत तत्वको गणितीय सूत्रमा समेत उतार गरिएको छ ।

२. आर्थिक लोकतन्त्र


आर्थिक लोकतन्त्र जति बलियो र निष्ठापूर्ण हुन्छ त्यति नै जनता र सरकारबीचको सम्बन्ध सुमधुर रहन्छ । कार्यक्रममा परिचालन गरिने वित्तबाट सदैव असल परिणमा प्राप्त भइरहने र जनताले सदैव विश्वास गरिरहने वातावरण सिर्जना भइरहनु नै आर्थिक लोकतन्त्र हो। आर्थिक लोकतन्त्र जति मर्यादित हुन सक्यो त्यति नै राज्यले गरेको अपेक्षा प्राप्त हुन पुग्छ । तसर्थ आर्थिक लोकतन्त्रलाई जति मजबुत बनाउन सकिन्छ, वित्तीय क्षेत्रलाई त्यति नै सरल, सक्षम, सुदृढ, समान गर्न सकिन्छ । वित्तीय व्यवस्थापनमा आर्थिक पाटो लोकतन्त्रले लिएका देहायका मूल्य मान्यता पूरा गरी रहने स्थिति वित्तीय व्यवहारबाट मात्र प्राप्त हुनेमा शंका गर्नुपर्ने अवस्था रहँदैन।

आर्थिक लोकतन्त्र

आर्थिक लोकतन्त्रको समान वितरण
स्रोत साधनको पहिचानदेखि वितरणमा सम्पूर्ण जनताको सहभागिता
सुनिश्चितता र अवसरको व्यवस्था
योजना र बजेट प्रणालीमा सबैको समान पहुँच र अवसर
स्रोत साधनमा स्वामित्व र परिचालनमा अर्थपूर्ण सहभागिता
उत्पादन, उपभोग, लगानी र वितरणमा नागरिकहरुको समान वितरण

३. असल वित्तीय व्यवहारबाट प्राप्त हुने परिणाम


वित्तीय व्यवहार असल र अपेक्षागत हुन सक्यो भने सबैभन्दा बढी फाइदा नागरिकमा ट्रान्सफर हुन्छ । सबै स्रोत साधनको समुचित प्रयोग वस्तु वा सेवामा पुँजीकरण गर्दा सोको भ्यालु बढ्ने, सम्पत्तिमा वृद्धिपन देखिने र गुणस्तरीय उत्पादनमा अहम् भूमिका रहने हुँदा समान्यतः देहायमा उल्लिखित अपेक्षागत परिणाम प्राप्त भइरहन्छ ।



४. वित्तीय व्यवस्थापन र व्यवहारगत पक्षहरु

वित्तीय व्यवस्थापनमा घट्ने घटनाहरुको सुधार र परिवर्तनको महसुस जनतामा कसरी पस्कन सकिन्छ भन्ने नै आजको मूल उद्देश्य हो । तथ्य, कारण, प्रभाव र प्रक्रियामाथि राम्रोसँग विश्लेषण नगरी वित्तीय प्रक्रियामा पूर्वाग्रही भइयो भने परिपक्वतामा कहिल्यै पनि दिशाबोध गर्दैन । आन्तरिक राजनीतिको बाछिटाले वित्तीय कार्यविधिलाई पनि एक हदसम्म अल्मल्याएको स्थिति छ । तथापि दोष थोपरेर प्रशासनिक संयन्त्र चोखो र उत्तरदायी छ भन्न सक्ने स्थितिप्रति सजगभ भने हुनुपर्दछ । हाम्रा संरचना र कार्यविधिले

कति फाइदा दिन सक्यो त रु काममा भएको प्रगतिले संस्थागत सूचनाका् मेमोरी दिन सक्छ त ? यी विषयमा गम्भीरतापूर्वक विश्लेषण हुनुपर्दछ । हामी सबैलाई थाहा छ, संरचना छ भनेर आतमरतिमा मग्न हुने तर तर राज्यकोष अनुत्पादक रुपमा खर्च भइरहनु पनि उचित होइन । लक्षित कार्यहरु समयमै सम्पादनमा ल्याउन नसक्दा प्रशासनिक र राजनीतिक क्षमताबारे गम्भीर प्रश्नहरु पनि खडा भएका छन् । यस्ता कोणहरु कहिलेसम्म सुनिरहने र कहिलेसम्म भोगिरहने हो, यसप्रति विमर्श गर्नुपनि आवश्यक छ । जनताको आवश्यकता नरहेको अवस्थामा समेत स्वार्थको द्वन्द्व रहने गरी राज्यकोष कहिल्यै पनि दुरुपयोग गर्नु हुँदैन। दवाव र स्वार्थको द्वन्द्व रहनेगरी वित्तीय क्रियाकलाप सञ्चालन र प्रवाह गरेको कारण नै नागरिकबाट बेलाबेलामा आवाज उठ्ने गरेको छ । वित्तीय प्रवाह सामाजिक आवश्यकताको आधार रहनुपर्छ र हुनुपर्छ भन्ने मान्यता छ । अनुत्पादक लगानी घटाई अन्य अवसरमा वित्तीय लगानी कसरी मजबुत बनाउन सकिन्छ त्यसतर्फ हाम्रा क्रियाकलाप उन्मुख हुनुपर्छ ।




कार्यक्रम र क्रियाकलाप समेत सदैव परिणामुखी हुनुपर्दछ । मूर्त सम्पदा, देवभूमि, हिमाली मनोरमरता र प्राकृतिक छटाले भरिएको मुलुकमा वित्तीय लगाव र परिणामुखी सोच टिठ लाग्दो रहनुले उपयुक्त विम्व रोज्न र औचित्य प्रष्ट पार्ने दिशामा आत्मसमीक्षा अवश्य नै गरिनुपर्दछ । सदैव पद्धतिलाई विश्वासका साथ लिएर अगाडि बढ्दा नै वित्तीय व्यवस्थापनमा आमूल परिवर्तन ल्याउन सकिन्छ । पद्धति र नीति व्यवस्थापनका महत्वपूर्ण दुई आँखा हुन् । वित्तीय व्यवस्थापनको क्षेत्रमा त यी दुवै विषयलाई विशेष अर्थमा लिइन्छ । जहाँ पद्धति मिचेर प्रवृत्तिलाई हावी गर्ने प्रयास हुन्छ र नीतिलाई त्याग गरी नियतलाई प्रश्रय दिइन्छ तब नै वित्तीय क्षेत्रमा अनुशासनको अवस्थामा ह्रास आउँछ । विधि र प्रक्रियालाई मूलमन्त्र ठानी अगाडि बढ्दा नै वित्तीय अनुशासन कायम हुन्छ । शासन व्यवस्थालाई पात्र र प्रवृत्तिसँग पनि जोड्न सकिन्छ । पात्रको प्रवृत्ति असल भएको अवस्थामा अपेक्षा गरेका कार्यहरु समयमै उत्तम नतिजामा प्राप्त हुन सक्छन् भन्ने नै हो । पात्र र प्रवृत्ति खराब हुने र शासन प्रणालीलाई दोष थोपर्ने कार्य कदापि उचित समेत हुँदैन । राज्यको स्रोत साधनलाई सबैको अपनत्व हुनेगरी विभाजन गर्ने प्रमुख उद्देश्यल नै वित्तीय क्षेत्रको हो । आजभोलि हामीले आर्थिक लोकतन्त्रलाई कसरी मजबुत बनाउने भन्ने सन्दर्भलाई नै मूल विषयको रुपमा हेर्नुपर्दछ ।

५. वित्तीय व्यवहारमा देखिएका विषयवस्तु

वर्तमान अवस्थामा निजी वा सार्वजनिक सबै क्षेत्रमा देखिएका वित्तीय व्यवहार र सोको पटकैपिच्छे पुनरावृत्तिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । यी व्यवहार केवल प्रतिनिधिमूलक हुन् । सकसपूर्ण अवस्थामा प्रचलित यस्ता व्यवहारले वित्तीय सक्षमतामा सदैव प्रश्न उठाउने गरेको छः

• बढी सुविधा लिन तल्लीन रहेको अवस्था र निर्णय प्रक्रिया • कमिशन निकाली खाने स्वार्थ र अनाकृष्ट व्यवहार • नाफामूलक उद्देश्यमा वित्तको प्रयोग गर्ने निर्णय • व्यक्तिगत फाइदाको लागि उद्देश्यमा परिवर्तन • स्वार्थको द्वन्द्व रहनेगरी आफू र सम्बन्धितको लागि लागि छनोट र निर्णय • वित्तको स्वार्थपूर्ति गर्न रकम तथा योजनाको वर्गीकरण • स्वार्थ पूरा गर्न योजना तथा कार्यक्रमको पुनरावलोकन • फाइदा दिलाउने पक्षलाई कार्यक्रमको पुनरावृत्ति • विभेदपूर्ण तरिकाबाट साधनको बाँडफाड	• आत्मकेन्द्रित विषयवस्तुमा निगरानी र लाभको अपेक्षा • फाइदाको लागि विषम परिस्थितिको सृजना र निर्णय • सम्बन्ध र प्रतिफलमा अदृश्य रणनीति कार्यान्वयन • डर, त्रास, धम्की देखाई पोषण लिने प्रवृत्ति • नियमन खुकुलो बनाई फाइदाको सौदाबाजी • सरल सेवालाई जटिलतामा परिण गरी नाफाको लालसा • सरोकारवालालाई Divert गरी निष्ठाको अवमूल्यन • फाइदाको लागि समय र काम पर सार्ने पद्धति र सोको पुनरावृत्ति आदि ।

वर्तमान अवस्थामा देखिएका वित्तीय व्यवहारलाई निम्नानुसार हेर्न सकिन्छः



६. नागरिकको अपेक्षा

आर्थिक परिदृश्यमा नागरिकको अपेक्षा सदैव राम्रो, असल, गुणस्तरयुक्त, प्रभावकारी, दीर्घस्वरुप, परिपक्व हुनुपर्ने सोचाई छ । तर हाम्रा कार्य प्रक्रिया निष्प्रभावी किन हुन पुगे त भन्ने सन्दर्भमा हामीबाट सम्पादन हुने वित्तीय व्यवहार कमजोर भएर नै हो वा नागरिकमा वित्तीय प्रक्रियालाई पारदर्शी र सुसूचित गर्न नसकेर हो यस विषयमा केन्द्रित हुनुपर्ने आजको प्रमुख माग हो । नागरिकको अपेक्षा पूरा गर्न सेवा

प्रदायकबाट भूमिका निर्वाह गर्न नसक्नु हो वा दबाब थेग्न नसक्नु हो वा अनुभव र विज्ञता बन्धनमा पर्नु हो यी सबै विषयलाई वित्तीय व्यवहार अन्तर्गत हेर्ने गरिन्छ । नागरिकमा स्रोतको परिचालन गर्दा Selection हुनुपर्ने, उचित प्रकारको Confirmation हुनुपर्ने र under fitting नहुनुपर्ने हुन्छ । अर्थात् वित्तीय स्रोतको पूरा उपयोग भएको र conformation मा प्रश्न नउठ्ने गरी स्रोतको परिचालनमा variation आउन नदिनु हो। काममा under fitting पनि नरहने र over fitting पनि नहुने गरी सन्तुलित वातावरणमा सेवा प्रवाह हुन सक्यो भने मात्र वित्तीय क्षेत्रको परिचालन र सङ्कलनमा आमनागरिकको अपेक्षा पूरा हुनेछ ।

७. नागरिक र निगरानीगत पक्ष

वित्तीय व्यवहार असल बनाउन निगरानीगत मोडेलहरु पनि छन् । निष्ठा बढाउन Inner element र outer element बीच सदैव समन्वय हुनु आवश्यक छ ।

वित्तीय व्यवहार असल बनाउन चालिने र अपनाइने तत्वहरु

- सीप
- लगनशीलता
- प्रविधियुक्त
- परिणाममुखी
- क्षमता
- इमान्दारिता
- विश्वसनीयता
- आचरण

वर्तमानमा अपनाइएका प्रक्रियाहरु :

- सूचना नदिनु, नागरिकबीच सम्वाद नगर्नु
- विषय र योजना पारदर्शी नगराउनु
- समन्वयमा आधारित नरहनु, सम्पादन ढिलो गर्नु
- छनोटमा अनभिज्ञता हुनु, कार्य विवरणमा ध्यान नदिनु

वर्तमानमा अपनाइएका प्रक्रियाहरुमा सुधार ल्याउन तथा वित्तीय व्यवहार असल बनाउन सदैव अपेक्षित भ्यालु र सम्पादित Value बीच Variation नआउने गरी उत्तम परिणाम जनतालाई पस्कनु नै असल वित्तीय व्यवहार हो । असल वित्तीय व्यवहारमा Inner Element को Model Value सदैव १ अर्थात १०० प्रतिशत हुनुपर्छ भन्ने मान्यता रहन्छ । Inner Element को Model Value असल हुँदा नै prefer value सदैव उत्तम नतिजामा रहिरहन्छ । Model Value ले Inner Element मा जति High Ratio प्रदान गर्दछ त्यति नै वित्तीय व्यवहार आकर्षणयुक्त हुन्छ । हुनत मानवीय पक्षसँग सम्बन्धित तत्वहरु परिमाणात्मक रुपमा मापन गर्न मिल्दैन, कहिलेकाँही सीप, क्षमता, विश्वसनीयता रहँदा रहँदै पनि Prefer value ९० प्रतिशतभन्दा घटी हुन पनि सक्छ । तर प्रविधि वास्तविक र प्रतिफलमा सोचेजस्तो नहुने भएकोले सदैव ८५ प्रतिशतभन्दा माथि रहनुपर्छ । यी त भए Inner Element को सम्पादन स्थिति । अब Outer Element पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । जब Inner Element High हुन्छ Outer Element र Inner Element बीच धनात्मक र ऋणात्मक अन्तर्सम्बन्ध रहन्छ Outer Element को जति बढी High हुन सक्यो Prefer value त्यति नै High हुन्छ । अर्थात Inner Element+ Outer Element = 100% Perfect value हुन्छ । तब मात्र वित्तीय व्यवहार नागरिकको अपेक्षामा रहिरहन्छ । भित्री तत्वबाट प्रिफर मूल्य घटाइयो भने भित्री तत्व ऋणात्मक हुने हुँदा वित्तीय व्यवहारले नागरिकमा लाई अँगाल्दैन । बाहिरी तत्वबाट प्रिफर मूल्य घटाइयो भने भित्री तत्व ऋणात्मक हुने हुँदा धनात्मक परिमाण रहँदैन फलस्वरुप वित्तीय व्यवहार कमजोर हुन पुग्छ ।

वित्तीय व्यवहार कस्तो छ भन्ने सन्दर्भमा Various Element लिई व्यवहार मापन गर्न सकिन्छ । Various Element मा कमजोर चित्त भएका व्यक्ति तथा सेवकहरु, अस्वस्थ प्रतिष्पर्धा गर्ने व्यक्तिहरु तथा पदाधिकारीहरु र बजारमा विद्यमान विचौलियाहरुको प्रभावबाट वित्तीय व्यवहार सोचे अनुरुप हुन सकेको छैन । नेतृत्वकर्ताले जब होच्याई गरी शासन गर्दा होस् अथवा वासना र अहंकारबाट कारोबारमाथि हस्तक्षेप

चलाउँदा होस् त्यहाँ वित्तीय व्यवहार असल बन्न सक्दैन । धन, शक्ति र पद माग्ने प्रवृत्तिले वित्तीय व्यवहारमा नराम्रो गरी असर गरेका उदाहरण प्रशस्त छन् । महालेखापरीक्षकको पछिल्लो प्रतिवेदनले समेत आफ्नो दृष्टिमा वित्तीय व्यवहार राम्रोसँग पालना गर्न नसकेको भनी बजेट अनुशासन, ठेक्का व्यवस्थापन, खरिद व्यवस्थापन, सेवा प्रवाह व्यवस्थापन, आन्तरिक नियन्त्रण, राजस्व, आयोजना लगायत सरकारका वित्तीय व्यवहारमा देखिएका कमीकमजोरीलाई तालिकाबाट प्रस्तुतीकरण नै गरेको छ । कर्मचारीमा व्यावसायिकताको कमीले लगानीमा न्यून प्रतिफल, समय र लागतको विश्लेषण हुन नसकेको, योजना तर्जुमा र कार्यान्वयनमा समन्वय हुन नसकेको, व्यावसायिकता र स्वस्थ प्रतिष्पर्धामा ह्रास आएको, कार्यान्वयन पक्ष कमजोर रहेको आदि व्यहोराहरु प्रतिवेदन मार्फत् उजागर गरेको छ । यी सबै पक्षहरुबीचको तादात्म्य नमिल्दा नै विषयवस्तु छरपस्ट रुपमा देखापरेको भन्न सकिन्छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको प्रतिवेदनले समेत वित्तीय व्यवहारमा घटेका घटनालाई जनतासमक्ष खुलासा समेत गरेको छ । विश्वसनीयताका साथ अगाडि बढी समग्र वित्तीय अनुशासन कायम गर्रिंदा मात्र वित्तीय व्यवहार असल बन्न पुगी राष्ट्रिय संकल्प पूरा हुने विश्वास समेत प्रतिवेदनले देखाएको छ ।

८. वित्तीय व्यवहार र रुपान्तरण

व्यक्तिगत क्षमता पनि वित्तीय व्यवहारमा परिवर्तन ल्याउने प्रमुख माध्यम हो । जिम्मेवारी र क्षमतालाई सँगसँगै बढाउनु आवश्यक छ । आफू, संगठन, सेवा र राज्यप्रति उत्तरदायी हुन सक्दा नै वित्तीय व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ । वित्तीय स्वाभिमान सदैव आर्थिक समृद्धिसँग जोडिन्छ । म र मेरो कर्तव्यको बारेमा मनन गरी स्रोतको राम्रोसँग परिचालन गर्दा मात्र उत्तम नतिजा प्राप्त हुन्छ । नेपालमा लामो समयदेखि विकास योजना र प्रशासनिक क्रियाकलापमा देखिएका वित्तीय व्यवहारले हामीलाई झस्काएको मात्र होइन आर्थिक बेलगामको स्थिति उत्पन्न गराएको अवस्था छ । विपद्, महामारी र गरिबी नेपालले भोग्दै आएको अवस्थामा सोको सक्षमताको विकास र पूर्व तयारीमा जोड दिन वित्तीय व्यवहारलाई असल र कामयाबी बनाइनु पर्दछ । सार्वजनिक रुपमा सेव ागर्ने र जनताको साथी बन्न वित्तीय व्यवहार एउटा साधन बन्न सक्छ । आचरणको पालना र निष्ठावान् बन्दा मात्रै वित्तीय व्यवहारको धनात्मक खुट्किला माथि पुग्छ । अधिकारको दुरुपयोग गर्ने प्रवृत्ति समेत रोकिँदा नै वित्तीय व्यवहारमा असल गुण देखापर्छ । राम्रो ठानेको, रुपान्तरण हुन सकेको, परिणाम देखाउन सकेको, क्रियाकलापमा पद्धति र स्वच्छता कायम रहेको अवस्थाले नै वित्तीय व्यवहार सुध्रिएको हामी महसुस गर्न सक्छौं । समयमा काम सम्पन्न गर्ने मनोवृत्ति, समयलाई दुर्लभ मान्ने सोच, कामप्रतिको गम्भीरतालाई सदैव उच्च राख्न व्यक्तिगत स्वार्थको दृष्टिकोण परिवर्तन गरी राष्ट्रिय स्वार्थमा लगाउन सकियो भने मात्र वित्तको सङ्कलन, विभाजन र परिचालनमा अपनाइने वित्तीय व्यवहार ठोसपूर्ण हुन्छ । यसका लागि नियतमा स्वच्छता ल्याउनु जरुरी छ ।

९. वित्तीय व्यवहारमा कार्यदक्षता र परिस्थिति

नेपाल जस्तो संघीय शासन प्रणालीमा जनप्रतिनिधि तथा कर्मचारीको प्रभावकारी क्रियाशीलता, समन्वय र सहकार्यबाट मात्र वित्तीय व्यवहारलाई कुशल बनाउन सकिन्छ । अझ जनप्रतिनिधिलाई वित्तीय व्यवहारको कसीमा हेर्ने काम जनतालाई निर्वाचन मार्फत हुने गर्दछ । देश र जनताप्रति इमान्दार भई सरकारका नीति तथा कार्यक्रमलाई अनुशासनपूर्वक कार्य गर्न कर्मचारीले भूमिका बढाउनुपर्छ । नेतृत्वबाट गर्न नसकेका र

धुमिल गरेको विषयलाई विषयान्तर गरी वित्तीय व्यवहारलाई छायाँमा राख्ने कार्य कदापि गरिनु हुँदैन । वित्तीय व्यवहार असल र कामयाबी हुन सक्यो भने मात्र दक्षता स्वतः अभिवृद्धि हुन पुग्छ । जब उत्पादन वा सेवा प्रवाहमा प्रयोग हुने वित्तीय स्रोतको भरमग्दुर उपयोग हुन्छ, सोबाट उत्तम प्रतिफल प्राप्त हुने स्थितिमा कसैको दुईमत रहन सक्दैन । वित्तीय स्रोतको यथार्थ रुपमा जनता वा नागरिकमा सरोकारित पक्षमा आश्वस्तता दिलाउँदा नै व्यवहारको प्रयोग धेरै हदसम्म माथि उठ्दछ । कार्यदक्षता अभिवृद्धिमा सबैको सक्रिय सहभागिता आवश्यक हुन्छ । संस्थागत होस् वा संरचनागत होस् वित्तीय व्यवहार सुदृढीकरणका लागि सेवा प्रदायकबाट अहम् भूमिका समेत खेल्नुपर्दछ । राज्यको विशिष्ट परिस्थिति समेतको मूल्याकंन गर्दै तथा आफ्नो इज्जत र प्रतिष्ठाको अभिवृद्धि गर्दै वित्तीय व्यवहारलाई एउटा प्रणालीमा रुपान्तरण गर्न सकिँदा नै उत्तम कार्यदक्षता प्राप्त हुने हुँदा संयमका साथ अगाडि बढ्नुपर्ने स्थिति आएको छ । यसका लागि संलग्न पक्षहरुबाट वातावरण र कार्यप्रणालीको निर्माण गरिनुपर्छ ।

१०. निष्कर्ष

नागरिक सेवा प्रवाहको दृष्टिले देखापरेको घनीभूत चुनौति कमसल वित्तीय व्यवहार हो । किनकि प्रत्येक दिन घटेका मोलाहिजाका उदाहरणलाई हामीले नजरअन्दाज गर्न अवश्य मिल्दैन । जनप्रतिनिधि र सेवा प्रदायकहरु यस्तो प्रक्रियामा संलग्न भएका छन् । अन्य सेवाको साथै कर्तव्य निर्वाहमा वित्तीय व्यवहारलाई सामथ्र्य बनाउन सकिएन भने अपेक्षित विषय नै निर्ममरुपले धरातलामा जाने हुन्छ । सरकार र आमजनताबीच सम्पर्क सेतुका रुपमा रहने जनप्रतिनिधि र कर्मचारी योजना तथा नीति कार्यान्वयनको सन्दर्भमा फ्रन्टलाइनर नै हुन् । सरकारको सफलता र प्रभावकारिताको मापन गर्ने एउटा आधार वित्तीय व्यवहार हो । सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र गतिशील बनाउन तथा सेवा प्रवाह एवं उपलब्धिमा पहुँच र सूचनाको सुनिश्चितता गरी शासनको प्रत्याभूति गर्ने क्रियाकलापमा वित्तीय व्यवहार महत्वपूर्ण रहन्छ। त्यसैले वित्तीय व्यवहार संघीय सापेक्ष हुनुपर्छ । असल वित्तीय व्यवहारको गहन कार्यभारलाई सार्थक तुल्याउनुपर्छ । स्वस्थ वित्तीय व्यवहारलाई मनन गरेर अगाडि बढ्नु पर्छ । सामूहिक प्रयत्नलाई अगाडि बढाइनुपर्छ । मूल्य मान्यता अनुसार भइरहेका विकृति निमिट्यान्न पारिनुपर्छ । जनताले पनि चनाखो भएर हेनुपर्छ । आन्तरिक तत्व र बाह्य तत्वलाई उच्च राखी कार्यसम्पादन हुनुपर्छ । वित्तीय व्यवहारका कमजोरीहरुलाई पुनरावृत्ति गरिनुहँदैन ।

सन्दर्भ सामग्रीः

- नेपालको संविधान
- महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन, २०७७
- International Journal of Creative Research Thoughts(iJCRT)
- Behavioural and Experimental Finance(SSRN)
- Financial Behavior Book(Amazon Book)

English Section

FACELESS PUBLIC AUDITING: A FUTURE PLAN OF SAI NEPAL[ϕ]



Ramu Prasad Dotel
Deputy Auditor General

1. Background

The audit evaluates and provides independent opinions on the accounts and documents related to the acquisition and use of public resources. The public auditors are required to evaluate regularity, economy, efficiency, and effectiveness in the use of financial resources. In this context, public audit has a crucial role in maintaining transparency, accountability, and integrity in public financial management. The reliability of the audit depends on the quality of the work performed by the audit institution and its officials. Moreover, the methodologies and procedures to be followed are important to maintain the quality of the audit. There have been ample study and research on the methodologies and procedures of the audit. Normally, the major processes of audit include detailed planning and programming, execution and collection of evidence, reporting, and follow up. It is the responsibility of the auditor to perform an audit based on this process. Due to the huge volume of work to be completed within the limited timeframe, an audit is conducted assessing the underlying risks, However, with the development of technology, audit standards and procedures are also going to be modernized. This article deals with conducting audit remotely by using modern technology in auditing.

2. Concept of Faceless Audit

At present in Nepal, except very few activities all other audit activities are performed on the spot in the presence of the concerned authority. However, with the development of technology and the challenge posed by the pandemic of COVID 19, the concept that the auditor should be physically present for audits in the premises of the audited office has been changed. Currently, a method of auditing by using information technology has been developed. Faceless Auditing is the audit that is performed invisibly using information technology from a distance without being physically present in the premises of auditing entity. It is also called remote auditing or virtual auditing because it is conducted without being present physically.

Under this concept, an Integrated Data Centre of Information Technology is set up in the auditing institutions where information analysis and auditing software is installed. Information are migrated from all types of government databases in this data centre. The government uses computerized accounting systems to manage payments and maintain government accounts, wherein, all kinds of invoices, receipts, documents, decisions, agreements, and other details and information are uploaded. Since the data centre of the

[ϕ] Asian Journal of Government Audit - October 2020 अङ्कबाट साभार।

